मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ८३ पुस २०७०




मूल्य : रु. २०।-

## संविधानसभा निर्वाचनको सन्देश र निर्देश

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू





### सुविधाहरू

o फोटोकपी o इन्टरनेट o कम्प्युटर

मानवअधिकारसम्बन्धी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

समाचारपत्र, जर्नल


मानवअधिकार र सामाजिक न्यायका निम्ति

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति


# प्राची

संचेतना द्वैमासिक

वर्ष १९ पूर्णाङ्क ८३ पुस २०७०

नेपालको दोस्रो संविधानसभा निर्वाचन २०७०
– *प्रा. डा. रामकुमार दाहाल*

८




**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
विजयराज गौतम

**सम्पादक**
मदन पौडेल

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**व्यवस्थापन**
शैलेश शर्मा

**मुद्रक**
न्यू आवरण प्रिन्टर्स
कुलेश्वर, काठमाडौँ

- संविधानसभा निर्वाचनको सन्देश र निर्देश/डा. पद्मप्रसाद खतिवडा ११
- संविधानसभा निर्वाचनपश्चात्का कार्यसूची/ *केशव दाहाल* १३
- स्थानीय स्वशासन, महिला र विकास/ *लालबाबु यादव* १५
- राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिकता.../ *श्यामबाबु काफ्ले* २०
- खाद्य सुरक्षामा नेपालको चुनौती/ *बालकृष्ण बस्नेत* ३३
- नेपालमा मानवअधिकार रक्षाको अवस्था...../ *बाशुदेव बजगाई* २५
- निर्वाचन पर्यवेक्षणको अनुभूति/ *कृष्णराज सर्वहारी* २९
- पुस्तक समीक्षा – *विनोद गौतम* ३०
- कथा : भक्ति नारीको– *रमेशप्रसाद तिमल्सिना* ३१
- राजनीतिक प्रयोगशाला बन्दै थवाङ गाउँ/ *धरेन्द्र डाँगी* ३२
- अन्तरवार्ता– *टिकाराम भट्टराई* ३५

**नियमित स्तम्भहरू**

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१, इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

## यथावत

जनता रिसाएकै हुन् हामीसँग । हामीलाई बढारेकै हुन् । दरिलो जवाफ दिएकै हुन् । तर, ठाउँठाउँमा छलछाम र षडयन्त्र भएकै हो ।

**प्रचण्ड**
**अध्यक्ष एमाओवादी**
**अन्नपूर्णपोष्ट दैनिक, मङ्सिर १७**






अरुले उम्मेदवारलाई बेहुलो भन्छन्। तर चुनावी शैलीले हामीलाई बेहुलो होइन, बेहुलीको बाबुजस्तै निरीह बनाउने रहेछ।

**गगन थापा**
**नेता, नेपाली काङ्ग्रेस, *सेतो पाटी डटकम***

चुनावमा शक्ति भएका हरुले गुण्डा प्रयोग गरेर बुथ कब्जा, पैसाको रवाफ देखाउने त गरिरहन्छन् ।

**नारायणकाजी श्रेष्ठ**
**नेता एमाओवादी**
**गोरखापत्र २७ मङ्सिर**





आफूले धाँधली गरेर चुनाव जित्दा क्रान्तिकारी हुने र अरुले जित्दा प्रतिगमन भन्नुमा कुनै तुक छैन ।

**चित्रबहादुर केसी**
**अध्यक्ष राजमो**
**नयाँ पत्रिका २७ मङ्सिर**

## कार्टून




**साभार :** फलानो डटकम

प्रिय पाठक !

**तपाईँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**

**प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईँको अपेक्षा छ ?**

**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।**

email : prachi@insec.org.np

**सम्पादक**

# संविधानसभाको निर्वाचन र जनअपेक्षा

संविधानसभाका लागि भएको दोस्रो निर्वाचन भर्खरै सम्पन्न भएको छ । जनताको उत्साहजनक सहभागितामा सम्पन्न भएको निर्वाचन परिणाम आफ्नो पक्षमा नआएपछि एमाओवादी लगायतका राजनीतिक दलहरूले निर्वाचनमा धाँधली व्यापक भएको आरोप लगाए। तर धाँधली भएको आरोपलाई पुष्टि गर्ने आधारहरु प्रस्तुत् गर्न सकेकन्। निर्वाचन आयोग, नेपाली सेना र नेपाल सरकारले धाँधली गर्ने कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याएको आरोप लगाइरहँदा कतिपय विश्लेषकहरूले ती दलहरुको आरोप कार्यकर्ता थुम्थुम्याउने र नेतृत्वमाथि कार्यकर्ताले प्रश्न उठाउन नसकून् भनी चलाइएको प्रोपोगण्डा मात्र भएको बताए।

भनिन्छ, दिउँसोको सङ्केत बिहानीले गर्छ। गएको संविधानसभा जे-जे कारणले विघटन भएको हो त्यही त्यही कारणलाई पछ्याउँदै नेपालका राजनीतिक दलहरू अगाडि बढिरहेका छन्। जुन संविधानसभाले नयाँ संविधान दिन्छ भनी आशा गरिरहेका नेपालीहरूमाथिको अपेक्षाको तुषारापात मात्रै हो। तोकिएको समयमा समानुपातिक सभासद्हरूको सूचि बुझाउन नसक्ने राजनीतिक दलहरुबाट धेरै अपेक्षा गर्न पनि गाह्रै छ। कुन दलको नेतृत्वमा सरकार बनाउने, कुन दलसँग तालमेल गर्ने भन्ने चर्चा शुरु हुन थालेको सन्दर्भमा यी विषयहरू टुङ्गो लगाउन पनि नेपालका राजनीतिक दलहरूलाई कम्ती सकस हुने छैन। राष्ट्रपति उपराष्ट्रपतिको नयाँ निर्वाचन गर्नुपर्ने नेकपा एमालेको अडानले पनि राजनीतिमा नयाँ तरङ्ग ल्याएको छ। यससँगै सभामुख ,उपसभामुख सवैधानिक समितिका अध्यक्षलगायतका पदहरुको बाँडफाँडमा पनि कम्ती किचलो हुने छैन । र, त्यो सबै गतिविधि टुलुटुलु हेर्न नेपाली जनताका बाध्य हुने छन्।

विगतमा जस्तै यसपटक पनि संविधानसभा बाहिर सक्रिय रहने गरी उच्चस्तरीय राजनीतिक समिति गठन गर्ने नेपाली राजनीतिक दलहरूको निर्णय पक्कै पनि निराशाजनक छ। १२ बुँदे राजनीतिक सहमतिपछि यस्ता कैयौ समिति र तिनको क्रियाकलाप देखेका नेपाली जनता यो उच्चस्तरीय समितिप्रति खासै उत्साहित छैनन्। गएको संविधानसभाका बेलामा ८० प्रतिशत काम सकिएको भनी पटक पटक भनिएको भए पनि संविधानसभा बाहिर गरिएको सहमतिका रूपमा मात्र त्यो कायम रहयो। त्यसले कुनै राजनीतिक हैसियत पाएन। संविधानसभाका बैठकहरू बिरलै बसे। बसेका बैठकहरूले पनि खासै निर्णय गर्न सकेनन् । संविधानसभाका बैठकहरु छोडेर राजनीतिक दलका शीर्षस्थ नेताहरू कोठे बैठकमा सीमित भए। एकल जातीय पहिचानसहितको सङ्घीयताका पक्षधरहरू र बहुपहिचानसहितको सङ्घीयताका पक्षधरहरूकाबीचमा भएको बिमति नै संविधानसभाको विघटनको कारक मानियो।

शान्ति प्रक्रियाको महत्वपूर्ण पाटोको रूपमा रहेको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग गठनको विषय संविधानसभाको निर्वाचनपछि व्यापकरूपमा उठेको छ। खिलराज रेग्मी मन्त्रीपरिषद्को अध्यक्ष नियुक्त हुने बित्तिकै सो सरकारले राष्ट्रपतिसमक्ष पेश गरेको विधेयकलाई उनले लालमोहर लगाए । तर, सर्वोच्च अदालतमा सो विधेयकले वास्तविक द्वन्द्वपीडितलाई न्याय दिन नसक्ने बरु मेलमिलापलाई बढावा दिने प्रावधान राखिएको भनी सर्वोच्च अदालतमा रिट परेको थियो। सर्वोच्चले तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी आदेश दिए पछि आयोग बन्ने प्रक्रिया सर्वोच्चको आदेश नआउञ्जेललाई रोकिएको छ। भर्खरै नेपालका ठूला राजनीतिक दलहरुबीच सम्पन्न भएको चारबुँदे सहमतिको एक बुँदा बेपत्ता तथा सत्यनिरुपण आयोग बनाउने उल्लेख छ। शान्ति सम्झौताका सात वर्ष बितिसक्दा पनि आयोग गठनमा चासो नदिने राजनीतिक दलहरूको हालै बढेको सक्रियता उदेक लाग्दो छ। यसको मुलकारण आयोगको प्रस्तावित विधेयकमा राखिएको मेलमिलापसम्बन्धी प्रावधान नै हो भन्न कुनै अत्युक्ति हुँदैन। तत्कालीन द्वन्द्वरत पक्ष विगतलाई बिर्सने मानसिकतामा छन्। जुन द्वन्द्वपीडितहरू अपेक्षा विपरीत छन्।

नेपाली जनता तीव्र आर्थिक विकासका पक्षमा छन्। जनताका दैनन्दिन जीवनमा सुधारको अपेक्षामा छन्। खानेपानी, स्वास्थ्य, शिक्षा, मोटरबाटो रोजगारी आदि विषय आमसरोकारका विषयहरू हुन्। तर, नयाँ संविधान बनेपछि मात्रै जनाता यी र यस्ता सरोकारलाई पूरा गरिने, देशलाई तीव्र आर्थिक विकासका पथमा लम्काउने भनेर राजनीतिक दलका नेताहरूले भन्ने गरेका छन्। जनताको दैनन्दिनको समस्याका समाधानका लागि संविधान नै चाहिन्न भन्ने हेक्का राजनीतिक दलका नेताहरूलाई हुनै पर्ने हो। छिमेकी देशहरू तीव्र आर्थिक समृद्धितिर अगाडि बढिरहेका बेला नेपाली जनता झन्झै गरीबी र अभावमा बाँच्न बाध्य छन्। जनताको समृद्धिको अपेक्षा निर्वाचित सरकारले पूरा गर्ने आशा धेरै नेपालीले लिएका छन्। तर, जनताको आशामा तुषारापात नहोला भन्न सकिने अवस्था चाहिँ अझै छैन।

# सीता किन फर्किनन् ?

– डा. अरुणा उप्रेती

म आज विद्रोह गर्छु। राम मलाई लिन आएका छन्। तर, उनी मप्रति माया, सम्मान र मप्रति गरेको अन्यायलाई सम्झेर आएका होइनन्। उनी त लव र कुश उनका छोरा हुन् भन्ने थाहा पाएपछि आएका हुन्। म रामसँग नगइकन लव, कुश जाँदैनन् भन्ने कुरा विश्वास भएकोले, राम मलाई दरबार हिँड भन्न आएका हुन्। उनले कति सहजतासाथ मलाई "सीता हिँड मसँग" भने। मानौँ अहिलेसम्म हामीबीचमा कुनै दूरी नै थिएन।

उनीसँग विवाह भएदेखि मैले सम्पूर्ण समय सङ्घर्षमा बिताउनु पऱ्यो। दरबारभित्रको कलह, रामलाई युवराज बनाउने दशरथको चाहना र राम वन जानुपर्ने कैकेयीको इच्छा। यी सबै घटना क्रमिक रूपमा एकपछि अर्को भए। राम वन जाँदा मैले एक क्षण उनीसँग नजाने विचार गरेकी थिएँ। धेरै जनाले मलाई वनको डरलाग्दो वर्णन, त्यहाँ हुने शारीरिक र मानसिक पीडा, राक्षसको भयको बारेमा बताएर, मलाई रामलाई एक्लै जान दिने भनेका थिए। तर, दु:खमा पति-पत्नी एउटै ठाउँमा उभिन सकेनन् भने हामी सँगै सुखद जीवन बाँच्ने भन्ने विचारले म रामसँग हिँडेकी थिएँ। तर, जति शारीरिक कठिनाइ भए पनि राम मसँग भएकाले मैले कहिल्यै दु:ख महसुस गरिन्। वन जीवनका अनेकौं रमाइला पक्षहरूले मलाई आनन्दित तुल्याई रह्यो। वनको सुन्दरता, पञ्चवटिका, ऋषिहरूको यज्ञ, पवित्र वेद र धार्मिक कुराहरूले मलाई जहिले पनि बल दिइरह्यो। वनमा राम र लक्ष्मणले कति दुष्टहरूको संहार गरे, राक्षसी प्रवृत्ति भएकाहरूलाई दण्ड दिए र ऋषिहरूलाई सामान्य जीवन बिताउन मद्दत गरे। रामले त्यतिबेला मलाई उनले विश्वासमित्रसँगको वन गएर तारकाको वध गरेको कुरा सुनाउँदा म कति गौरवान्वित भएकी थिएँ- मेरो रामको बहादुरीमा। राममा वीरता, दया र धैर्य तीनवटै गुण थियो। त्यसैले त उनले विश्वामित्रसँग गएर अहिल्यालाई पुन: सामाजिक जीवन दिए।

इन्द्रबाट बलात्कृत अहिल्या सामाजिक रूपमा वहिष्कृत भएकी थिइन्। उनी वनको एक कुना पत्थरकी मूर्तिझैं बसेकी थिइन्। राम, लक्ष्मण र विश्वामित्रले उनको कुटीमा गएर उनीसँग कुराकानी गर्दै उनको हातले बनाएको खानेकुरा खाएर, उनलाई पुनर्स्थापना गरेका थिए। गौतम ऋषिले अहिल्यालाई माया गर्ने भए पनि सामाजिक डरको कारणले र आफ्नो ऋषि पद जाला भनेर उनलाई त्यागेका थिए। अहिल्याको बारेमा कुरा गर्दा, रामले कत्रो व्यथित स्वरमा भनेका थिए, "सीते, अहिल्याको त्यो बेलाको अवस्था सम्झँदा मलाई अहिले पनि मनमा वेदना हुन्छ। हामी उनको कुटीमा प्रवेश गर्दा उनी पत्थरझैं थिइन्। हामी त्यहाँ धेरैबेर उभिइरहँदा पनि उनी नबोलेपछि विश्वामित्रले भनेका थिए, "अहिल्या, कुटीमा आएका अतिथिलाई स्वागत गर्दिनौ, हेर त, अयोध्याका राजकुमार राम र लक्ष्मण यहाँ आएका छन्।" यति भन्दा पनि अहिल्या चूप थिइन्। मानौँ पत्थरमा नै परिवर्तित भएकी थिइन्। अनि रामले गएर अहिल्याको कुममा छोएर भनेका थिए रे, "ऋषिपत्नीलाई यो राम प्रणाम गर्छ।" त्यसपछि मात्र अहिल्याको अनुहारको पत्थरजस्तो भाव पग्लेको थियो। रामको हातको तातो स्पर्शले मात्रै अहिल्यालाई मानौँ आफूमा पनि मानवीयपना छ भन्ने थाहा भएको थियो।

अनि बल्ल उनलाई था' भयो, उनको कुटीमा को-को आएका थिए। उनको पहिलो प्रतिक्रिया आँखाबाट झर्न थाल्यो। झण्डै दुई दशकभन्दा पनि बढी भइसकेको थियो, उनीकहाँ कोही नआएको। उनका निर्दोषिताप्रति शङ्का नहुँदा पनि उनका पतिले उनलाई स्वीकार गर्न सकेका थिएनन्। उनलाई बलात्कार गर्ने इन्द चाहिँ आफ्नी स्वास्नी राचीसँग आनन्दसँग सुखभोग गरेर बसेको थियो। तर, अहिल्यालाई चाहिँ उनका पतिले मानौँ श्राप नै दिएका थिए। ती अहिल्यालाई रामले समजामा पुनर्स्थापना गरे। रामले उनले छोएको खाएपछि मात्रै गौतम ऋषिले उनलाई पत्नीको रूपमा स्वकार गरेका थिए रे।

तर, त्यही राम जसले अहिल्याको उद्धार गरे, कसरी उनले मलाई अपमानित गरेर घरबाट निकाले। उनलाई मेरो सतित्व भङ्ग भएको शङ्का लागेको भए लङ्काबाट ल्याएपछि नै त्यागेको भए हुन्थ्यो। उनले त्यो बेलामा मलाई केही प्रश्न सोधेनन्। यदि रावणले मलाई बलात्कार गरेकै भए पनि त्यसमा मेरो के दोष हुन्थ्यो र ? मेरो शरीरमा रावणले खेलवाड गर्न सक्यो होला। तर, मेरो मन, मेरो आत्मा त उसले कहिल्यै बलात्कार गर्न सक्दैनथ्यो। त्यो बेला, रावणलाई मारेर मलाई छुटाएपछि रामले भनेका थिए, "सीते, यो एक वर्षमा तिमी र मैले ठूलो अग्निपरीक्षा दियौं। अब तिमीलाई म कहिल्यै अलग हुन दिने छैन- मबाट।" त्यो बेला मैले एक वर्षको दु:ख, पीडा सबै बिर्सेकी थिएँ।

तर, दरबारमा आएको कति समयपछि, रामले अरूको कुरा सुनेर मलाई शङ्का गरे- कतै मेरो शरीर त रावणले अपवित्र गरेन, त्यो पनि एउटा अचम्मको घटनाबाट। एक दिन मेरी देउरानीहरूले आएर सोधे "दिदी रावण त बडो बुद्धिमान् शक्तिशाली र सौन्यर्दवान् थियो रे। तर, घमण्डले गर्दा नष्ट भयो। दिदीलाई उनको याद आउँछ ?" मैले हाँसेर भनेकी थिएँ- "कसरी बिर्सन सक्छु ? मलाई त्यसरी हरेर लगेर अशोक वृक्षको मुनि राखेको मानिसलाई। एक वर्षसम्म मैले केवल फलाहार गरेर बसेकी थिएँ। रावणको नून खान्न भनेर। त्यसरी मलाई एक वर्षसम्म दु:ख दिने मानिसलाई कसरी बिर्सनु ?"

मेरा यी शब्दहरू रामको कानमा पुगेछन्। म नै रामलाई यी शब्द भन्न सक्थेँ। यसमा नराम्रो केही थिएन। तर, जसले यी शब्दहरू रामको कानमा पुऱ्यायो, उसले पक्कै नून-चुक लगाएर पुऱ्याएको होला। त्यो सुनेर नै रामले मलाई त्याग्ने निर्णय गरे। कत्रो विश्वासघात ? मलाई एक वचन नभनी निकाले। के उनले न्याय गरे र ? रावणलाई बिर्सन नसकेको मेरो हृदयमा रावणले बसेको देखे रामले। के उनले नाक, कान काटेकी शुपर्णखालाई बिर्से होला त ? के त्यही कारणले मैले उनलाई शुपर्णखालाई अझै सम्झिरहेछन् भनेर मलाई विश्वासघात गरे भनेर भन्न मिल्यो त ? रावणले दिएको दु:ख, पीडालाई बिर्सन नसकेको हुनाले नै मैले रावणलाई बिर्सन सकिन। के त्यति कारणले मेरो रामको विश्वासको घात गरेको भयो त ? के लोग्ने मानिसहरूको विचार यति संकुचित हुन्छ ?

रामले मलाई केही नभनेर त्याग्ने विचार गरे। लक्ष्मणलाई मलाई रथमा बसाएर जङ्गलमा छोडेर आउन भने। यो के मेरो प्रेम समर्थनको सट्टामा दिएको बरदान थियो ? यदि राम साँच्ची नै न्यायी राजा भएको भए मलाई किन सुरुक्क वन पठाउँथे ? कि न्यायले सफाई दिने मौका पनि दिँदैन ? म गर्भवती उनकी अर्धाङ्गिनी जङ्गलमा गएर बस्दा मेरो अवस्था कस्तो होला भनेर विचार गर्न नसक्ने विवेकहीन हो कि होइनन् राम ? यो प्रश्न कोसँग सोधुँ ? समाजसँग ? त्यो समाज, जसले अहिल्यालाई बारम्बार बलात्कार गऱ्यो, शारीरिक रूपमा उनी इन्द्रबाट बलात्कृत भइन्। सामाजिक वष्हिकार गरेर उनको समाजले प्रत्येक क्षण बलात्कार गऱ्यो। त्यो समाजसँग म कसरी न्याय मागूँ ? तर, अचम्म यो छ कि जो रामले अहिल्यालाई सामाजिकरूपमा पुनर्स्थापना गराए, ती राम त्यति महान् हुन सकेनन् कि मलाई न्याय दिलाउन सकून ? तर, आज छोराको मायाले राज्यको उत्तराधिकारीको आशाले राम पुन: मलाई लिन आएका छन्। के उनले मलाई एक वस्तु भन्ठाने- जतिखेर चाहियो त्यति बेला अँगालोमा बाँध्न सकिने र जतिखेर मन लाग्यो लत्याउन सकिने ? राम, म तिमीलाई त्याग्दैछु। तिमी जाऊ, आफ्ना सन्तान लिएर। म मेरी माताकहाँ जाँदैछु- कहिल्यै तिमीकहाँ नफर्कने गरी। तिमी बस- तिम्रो छोरा, संकुचित मानसिकता, तिमो विवेकहीनता र सामाजिक मान्यतासँग।

(प्राची दैमासिक, पूर्णाङ्क ४८, वर्ष १२, असोज २०६०)

# संविधानसभाको प्रथम दायित्व



सुबोधराज प्याकुरेल

भर्खर दोस्रो संविधानसभाको चुनाव सकियो। अब समानुपातिकका सभासद् पनि छानिएलान् र संविधानसभाले सम्पूर्णता पाउला। आम समाजमा व्याप्त उत्ताउलोपनका अवशेष राजनीतिज्ञहरूमा पनि देखिनु अस्वाभाविक भएन। त्यसैले केही विरोध, केही गुटवन्दी देखिएको छ। एक भन्दा धेर असल भनिन्छ। करोडभन्दा बढी मतदाताले दिएको अभिमत पक्कै जायज छ। हामीले भोग्नु परेको समस्याहरूको जड उत्ताउलोपन अथवा उग्रवादमा देखा पर्छ। सरल कुरालाई क्लिष्ट बनाइदिने, सृजनात्मक समाधान हुन सक्ने समस्यालाई आक्रमण र प्रतिरोधको विषय बनाइदिने कुराले हामीलाई अविश्वास र द्वन्द्वमा घचेट्यो। उग्रताले हरेक समस्याको समाधान आक्रमण र जबर्जस्तीमा मात्रै देख्छ। जस्तालाई त्यस्तै गर्नु पर्छ भन्छ। यही कर्मका क्रममा समाजलाई सङ्गठित गर्ने र आक्रमणको प्रतिरक्षा भएमा प्रतिरोध गर्ने कुराको दार्शनिक पक्षपोषण गर्न थाल्छ। गरिबीको कारण अनेक होलान् तर आफ्नो उत्पादकत्व बढाउने अवसर खोज्नुको सट्टा जो धनी छ, त्यसलाई लुटेर गरिबी हटाउँछु भन्नु उग्रताको उदाहरण हो। समाज यस्तै कुरीति र कुसंस्कारमा फसेको हुन्छ। अन्धविश्वासले कुरीति जन्माउँछ । धेरै समय चलनमा रहेको कुरीति नै कुसंस्कार बन्छ। कुसंस्कारका अनेक रूप हामीले भोगिरहेका छौं। त्यसलाई सच्याउने जिम्मेवारी हामी नागरिककै हो। नागरिकहरूका बीचमा कुराकानी, भेटघाट, सहकार्य र सामन्जस्यताका लागि फल्चा, चौतारी, चाड-पर्व, मेलापात आदि परम्परागत माध्यम हुन्। आधुनिक युगमा शिक्षाका पाठ्यक्रम र सामाजिक उत्तरदायित्वसहितका सञ्चार मार्फत् यस्तो सहकार्य गरिन्छ। प्रत्येकमा जिज्ञासु चरित्र हुन्छ। उनीहरू एकापसमा ज्ञान गुण बाँड्न चाहन्छन्। अहिले बनेको संविधानसभाको काँधमा दुईवटा मुख्य जिम्मेवारी छ। नागरिक बीच मैत्रीपूर्ण समन्वय स्थापित गर्ने र त्यस्तो मनसायलाई प्रवर्धन, संरक्षण गर्ने कानुन बनाउने। असल कानुनले असल प्रयास र चरित्रलाई प्रोत्साहन दिने हो। खराब नियतलाई दण्डित गर्ने हो। नयाँ व्यवस्थापिकाले पनि सुरुआत गर्दा विगतका अपूर्ण कामहरूबाटै थालनी गर्ला। यस अर्थमा केही जिम्मेवारी उसले तुरुन्त, बिना मोलाहिजा, सार्वजनिक तर्क गर्दै, जवाफदेहितापूर्वक सम्पन्न गरिहाल्नु पर्ने छ। उदाहरणका लागि ०६४ मा पुनर्स्थापित संसद्ले सर्वसम्मत ढङ्गले पारित गरेको निर्देशन अनुरूप अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गरेर नेपालको न्याय प्रणालीलाई पीडितमुखी र विश्वस्त बनाउनु पर्छ। सत्य निरूपण तथा मेलमिलाप आयोगको कानुनलाई नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनप्रतिको दायित्व अनुरूपको हुने गरी सुधार गरेर जारी गरी हाल्नु पर्छ। र, द्वन्द्व पीडितहरूमा न्यायप्रति विश्वास जगाउनु पर्छ। पदाधिकारीविहीन अवस्थामा रहेको राष्ट्रिय मानव अधिकार आयोगमा आयुक्तहरूको नियुक्ति गरिहाल्नु पर्छ र सर्वोच्च अदालतले यसअघि गरेका फैसलाहरूको कार्यान्यन गरेर जनतामा कानुनको शासनप्रतिको आस्था जगाउनु पर्छ।

संविधानसभाले अन्तरिम संविधानको प्रावधान र उद्देश्य अनुरूप राष्ट्रको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका मध्येबाट २६ जनालाई मनोनित गर्नुपर्नेछ। उक्त स्थानमा संविधानको मर्म अनुरुपका व्यक्तित्वहरूको छनौट गर्ने कुरामा दलीय भागवण्डाबाट माथि उठेर निर्णय गर्ने कुरामा सबै पार्टी सहमत हुनुपर्छ। निष्पक्ष रहँदै यथार्थको वकालत गर्न सक्ने, संविधान निर्माणमा बौद्धिक योगदान गर्न सक्ने र संविधानसभा भित्रबाट सन्तुलनको भूमिका खेल्न सक्ने व्यक्तित्वको चयन हुन सकोस् भन्ने तर्फ सबैको ध्यान जानु जरुरी छ। विगतमा भएका भागबन्डा र पदीय लालसाका कारण दलहरूको इज्जत ओह्रालो लागेको छ भन्ने कुरा सबैले मनन गर्नु पर्छ।

अब बन्ने सरकारले संरचनाहरूको निर्माणमा ध्यान केन्द्रित गर्नु पर्छ। राज्यकोष सबै नागरिकको सामूहिक उन्नतिका लागि हो र यो सबैको सार्वजनिक सम्पत्ति भएकोले यसको मितव्ययी उपयोग हुनुपर्छ भन्ने कुरामा सरकार दृढ रहन सक्नु पर्छ। हरेक क्षेत्रमा व्याप्त सिण्डिकेट, विकास निर्माणका काममा मुआब्जाको नाममा मनपरी असुली गर्ने प्रवृति र कर्मचारीतन्त्रमा व्याप्त आमनागरिक-सेवाग्राहीलाई हेप्ने चलनलाई तत्काल सुधार गर्नका लागि प्रभावकारी कानुन, नियम र अनुगमन प्रणाली तुरुन्त स्थापित गर्नु पर्छ।

सूचनाको हकसम्बन्धी कानुनको व्यापक सदुपयोग गर्दै सार्वजनिक सेवामा जनताको पहुँच स्थापित गर्ने, सबै सञ्चार माध्यममा सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक संचेतनाका सन्देश प्रचार गर्ने र राज्यकोषमा योगदान गर्ने क्षेत्रले योगदानको आधारमा बढी लगानी पाउने कुरा सुनिश्चित गर्नु पर्छ।


हामी पनि एक्काइसौँ शताब्दीका नागरिक हौँ। यसर्थ अब बन्ने सरकारले नेपालमा विद्युतीय सरकार 'इ गभर्नेन्स', विद्युतीय मतदान र प्रत्येक नागरिकको नीजि, पारिवारिक र आर्थिक अभिलेखलाई आधुनिकीकरण गर्न नागरिकको विद्युतीय अभिलेख प्रणाली लागु गर्नु पर्छ।

सुरक्षाको क्षेत्रमा नागरिक-प्रहरी सहकार्य हुने, प्रहरी सेवालाई हस्तक्षेप बेगर व्यवसायिक ढङ्गले क्रियाशील सङ्गठनका रूपमा विकास गर्ने र सरकारी न्यायाधिवक्ता र अनुसन्धान अभियोजनका निकायको सबलीकरणको कामलाई प्राथमिकतामा राखेर योजना बनाउनु पर्छ।

सबै कुरा एकै पटक सम्पन्न गर्न सकिन्न। राज्यको काम जनताको चेतना र सृजनशीलतालाई प्रोत्साहन र प्रशंसा गर्ने हो। बिना आर्थिक लगानी, विविध क्षेत्रसँगको सहकार्यमा गर्न सकिने सम्भावनाहरू अनन्त छन्। भारतमा किरण वेदीले पुलिस सेवाको ३२ वर्ष मध्ये जम्मा तीन वर्ष तिहाड जेलमा सेवा गरिन्। तर, त्यस बेलाको उनको कामले अन्तर्राष्ट्रिय प्रसिद्धि पाइन्। उनी काठमाडौँ आएको बेलामा मैले उनलाई सोद्धा उनले भनिन्- "मैले तिहाड जेलमा जे गरेँ, त्यसको सुरुआत त्यहींका कैदी बन्दीको क्षमताको उपयोग गरेर साक्षरता, स्वास्थ्यका क्षेत्रमा गरेँ। बाहिरी समाजका विभिन्न संस्था र व्यक्तिको सहयोगमा व्यक्तित्व रूपान्तरणदेखि जेल सुधारसम्मका काम भए। र मलाई संयुक्त राष्ट्रसङ्घका महासचिवको सल्लाहकारमा नियुक्त पनि गरियो। तर, मैले जे गरेँ, तिनको गुदी रहस्य के थियो भने ती सब बिना आर्थिक लगानीका काम थिए।" उनले एउटा शब्दको प्रयोग गरिन् - "मुद्रा विहीन लगानी।" यदि सामन्जस्य र सहकार्यको विश्वस्त वातावरण बनाउन सक्ने हो भने धेरै काम गर्न सकिन्छ। देशका विभिन्न क्षेत्रमा विभिन्न व्यक्तिले गरेका असल काम र उपलब्धिलाई देशै भरि प्रचार गर्न सकिन्छ। सायद सफलताका कथाको राष्ट्रव्यापी अभियान पो थाल्न सकिन्छ कि ?

# नेपालको दोस्रो संविधानसभा निर्वाचन २०७०

**निर्वाचनमा छिटफुट घटना बाहेक निर्वाचन स्वतन्त्र निष्पक्ष भएको विश्वास गरिएको छ। अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले पनि यस कुरालाई पुष्टि गरेकाले निर्वाचन निष्पक्ष भएको कुरा विश्वास गर्ने थप आधार मिलेको छ। नेकपा–माओवादीले निर्वाचन बहिस्कार गरेर निर्वाचन बिथोल्न गरेको प्रयासका वावजुद पनि नेपाली मतदाताले दोस्रो संविधानसभाको निर्वाचनमा जुन उत्साह र उमङ्गको प्रदर्शन गरेका छन्, त्यो निश्चय नै उत्साहर्जनक र ऐतिहासिक देखिएको छ।**



**प्रा.डा. रामकुमार दाहाल**
विभागीय प्रमुख, राजनीतिशास्त्र
के.वि., त्रि.वि., कीर्तिपुर

**१. परिचय**

नेपालको प्रथम संविधानसभा (२००८-१२) ले मुलुकका लागि एक लोकतान्त्रिक र समावेशी संविधान निर्माण गर्न नसकेपछि मार्ग ४ २०७० (नोभेम्बर १९, २०१३) मा दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भएको हो। निर्वाचनमा छिटफुट घटना बाहेक निर्वाचन स्वतन्त्र निष्पक्ष भएको विश्वास गरिएको छ। अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले पनि यस कुरालाई पुष्टि गरेकाले निर्वाचन निस्पक्ष भएको कुरा विश्वास गर्ने थप आधार मिलेको छ। नेकपा-माओवादीले निर्वाचन बहिस्कार गरेर निर्वाचन बिथोल्न गरेको प्रयासका वावजुद पनि नेपाली मतदाताले दोस्रो संविधानसभाको निर्वाचनमा जुन उत्साह र उमङ्गको प्रदर्शन गरेका छन्, त्यो निश्चय नै उत्साहर्जनक र ऐतिहासिक देखिएको छ। ६ सय १ संसदीय संविधानसभामा २ सय ४० स्थान पहिलो हुने निर्वाचित हुने (First-Past the Post-system)/ सामान्य बहुमतीय प्रणालीअन्तर्गत भएको थियो भने समानुपातिक निर्वाचन प्रणाली (Propertional Representation-PR) अन्तर्गत ३ सय ३५ स्थान छुट्याइएको थियो। २७ मई २०१२ मा प्रथम संविधानसभाको विघटन भएपछि नोभेम्बर २२, २०१२ मा यस्तो निर्वाचन गर्ने भनिए तापनि यो निर्वाचन १९ नोभेम्बर २०१३ (मार्ग ४, २०७०) मा मात्र सम्पन्न हुनपुगेको हो। नेपालमा संसदीय निर्वाचन १९५९, १९७१, १९८१, १९८६ र बहुदलीय निर्वाचन १९९१, १९९४, १९९९ र राष्ट्रपतीय निर्वाचन २००८ मा भएको थियो भने जनमत सङ्ग्रह १९८० मा भएको थियो। यसैक्रममा ऐतिहासिक संविधानसभा निर्वाचन २००८ र २०१३ मा सम्पन्न भएका हुन्। दोस्रो संविधानसभा निर्वाचनमा १ करोड २१ लाख ४७ लाख ८ सय ६५ मतदाताले निर्वाचनमा मतदान गर्ने अधिकार प्राप्त गरेका थिए।

यस लेखमा दोस्रो संविधानसभाको निर्वाचनसँग सम्बन्धित विविध पक्षको चर्चा गर्दै यसले नेपालको राजनीतिक र संवैधानिक वृत्तमा पारेको प्रभावका बारेमा द्वितीय स्रोतमा आधारित रही व्याख्या-विश्लेषण गर्ने प्रयत्न गरिएको छ।

**२. दोस्रो संविधानसभधाको निर्वाचनको व्यवस्थापन पक्ष**

सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीले नेतृत्व गरेको निर्वाचन सरकारको सहयोगमा नेपालको निर्वाचन आयोगले निर्वाचनको राम्रो व्यवस्थापन गर्ने प्रयत्न गरेको थियो। निर्वाचन पूर्वको व्यवस्थापन (Pre-election Management) अन्तर्गत निर्वाचन आयोगले निर्वाचन क्षेत्रका मतदान केन्द्र (वुथ) मा कर्मचारीको खटनपटन गर्ने कार्य कुशलतापूर्वक सम्पन्न गरेको थियो। त्यस्तै निर्वाचन अवधिको व्यवस्थापन (During Election Marnagement) पनि कुशलतापूर्वक गरिएको थियो। मतदान अधिकृतलगायतका निर्वाचन आयोगका कर्मचारीहरूले पनि सक्षमतासाथ निर्वाचन कार्य पूरा गर्ने जिम्मेवारी बहन गरेका थिए। निर्वाचनपश्चात्का व्यवस्थापन पक्ष (Post-election Management) मा निर्वाचन आयोगले मतदान केन्द्रबाट मतपेटिका जिल्ला सदरमुकामसम्म मोटरबाटो भएका स्थानमा सवारीका साधनमार्फत् र नभएका स्थानमा सेनाद्वारा हेलिकप्टरमार्फत् पुऱ्याएको थियो। काठमाडौँका १० निर्वाचन क्षेत्र (भक्तपुर र ललितपुर क्षेत्र) मा मध्यरातसम्म सबै मतपेटिका पुऱ्याइसकिएको थियो। उपत्यकामा भक्तपुरका दुई निर्वाचन क्षेत्रमध्ये एकमा मतगणना कार्य नै दलबीच सहमति हुन नसकेको कारणले हुनसकेको थियो।

**३. दोस्रो संविधानसभाको निर्वाचनमा शान्ति सुरक्षाको व्यवस्था**

अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको नेतृत्वमा रहेको निर्वाचन सरकारले शान्ति सुरक्षाको राम्रो व्यवस्थापन गरेको थियो। हिमाली र पहाडी जिल्लाहरूका शान्ति सुरक्षासँग सम्बन्धित केही गुनासो प्राप्त हुन आए तापनि सरकाले यस दिशामा प्रशस्त प्रयास गरेको थियो। संयुक्त सुरक्षा व्यवस्थाअन्तर्गत ६० हजार सेना, सशस्त्र प्रहरी र २० हजार म्यादी प्रहरी समेत परिचालन गरिएका थिए। मतदानपूर्वका दिनहरूमा नेकपा माओवादी द्वारा विभिन्न स्थानमा बम राखिएको र विष्फोटन गरिएको (काठमाडौँ) घटनाले शान्ति सुरक्षाको क्षेत्रमा ठूलो चुनौती प्रस्तुत गरेको थियो। मतदान अवधिभर मतदाता त्रसित समेत थिए।

**दोस्रो संविधानसभा निर्वाचनमा सेनाको भूमिका**

दोस्रो संविधानसभा निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने आफ्नो गहन उत्तरदायित्व पूरा गरेर सेनाले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित बनाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। माओवादी जनयुद्धपश्चात् हतियार ब्यारेकमा राखेर बसेको नेपाली सेनाले प्रथमपटक दोस्रो संविधानसभा निर्वाचनताका निर्वाचनमा शान्ति-सुरक्षा कायम गर्ने जिम्मेवारी पाएको

| दोस्रो संविधानसभा निर्वाचन २०७० | | | पहिलो संविधान निर्वाचन २०६४ | | |
|---|---|---|---|---|---|
| **दल** | **प्रत्यक्ष** | **समानुपातिक** | **दल** | **प्रत्यक्ष** | **समानुपातिक** |
| नेपाली काङग्रेस | १०५ | ९१ | एकीकृत माओवादी | १२० | १०० |
| नेकपा एमाले | ९१ | ८४ | नेपाली काङग्रेस | ३७ | ७३ |
| एकीकृत माओवादी | २६ | ५४ | नेकपा एमाले | ३३ | ७० |
| राप्रपा नेपाल | - | २४ | मजफो नेपाल | ३० | २२ |
| तमलोपा | ४ | ७ | तमलोपा | ९ | ११ |
| फोरम नेपाल | २ | ८ | राप्रपा | - | ८ |
| सद्भावना पार्टी | १ | ५ | नेकपा माले | - | ८ |
| नेकपा माले | - | ५ | सद्भावना पाटी | ५ | ४ |
| सङ्घीय समाजवादी | - | ५ | जनमोर्चा नेपाल | २ | ५ |
| नेमकिपा | १ | ३ | नेमकिपा | २ | २ |
| तराई मधेस सद्भावना पार्टी | १ | २ | राष्ट्रिय जनमोर्चा | १ | ३ |
| राष्ट्रिय चनमोर्चा | - | ३ | नेकपा संयुक्त | - | ५ |
| नेकपा संयुक्त | - | ३ | राप्रपा नेपाल | - | ४ |
| राष्ट्रिय समाजवादी पार्टी | - | ३ | राष्ट्रिय जनशक्ति पार्टी | - | ३ |
| राष्ट्रिय जनमुक्ति पार्टी | - | २ | राष्ट्रिय जनमुक्ति पार्टी | - | २ |
| थरूहट तराई पार्टी | - | २ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | - | २ |
| परिवार दल | - | ३ | नेपाली जनता दल | - | २ |
| दलित जनजाति पार्टी | - | २ | नेकपा एकीकृत | - | २ |
| अखण्ड पार्टी नेपाल | - | १ | सद्भावना पाटी (आनन्दीदेवी) | - | २ |
| नेपाली जनता दल | - | १ | नेपाल परिवार दल | - | १ |
| फोरम गणतान्त्रिक | - | १ | दलित जनजाति पार्टी | - | १ |
| खम्बुवान राष्ट्रिय मोर्चा | - | १ | नेवा: राष्ट्रिय पार्टी | - | १ |
| नेवा: राष्ट्रिय पार्टी | - | १ | चुरे भावर राष्ट्रिय एकता पार्टी | - | १ |
| जनजागरण पार्टी | - | १ | नेपाल लोकताान्त्रिक समाजवादी दल | - | १ |
| संघीय सद्भावना पार्टी | - | १ | समाजवादी प्रजातान्त्रिक जनता दल | - | १ |
| मधसे समता पार्टी | - | १ | स्वतन्त्र | - | २ |
| संघीय लोक्तान्त्रिक राष्ट्रिय मञ्च | - | १ | | | |
| समाजवादी जनता पार्टी | - | १ | | | |
| स्वतन्त्र | - | २ | स्रोत : निर्वाचन आयोग। | | |

थियो। संयुक्त सुरक्षा कमाण्डअन्तर्गत लगभग ६० हजार सेना परिचालित गरिए, जसले मतदान केन्द्र वरपर शान्ति सुरक्षा कायम गर्ने, मतदान केन्द्र लुटिएका दैलेखजस्ता स्थानमा हेलिकोप्टरबाट चुनावका सम्पूर्ण सामग्री सम्बन्धित स्थानमा समयमा नै पुऱ्याउने, दुर्गम स्थानका मतदान केन्द्रबाट मतपेटिका हेलिकप्टरबाट जिल्ला सदरमुकामसम्म पुऱ्याउने, नागरिकलाई निडर र भयरहित वातावरणमा मतदान गर्न अनुकूल परिस्थिति सृजना गरिदिने जस्ता कार्य गरेर सेनाले दोस्रो संविधानसभामा महत्त्वपूर्ण र सकारात्मक भूमिका निर्वाह गरेको छ।

**दोस्रो संविधानसभधा निर्वाचनको परिणाम**

मार्ग ४, २०७० (नोभेम्बर १९, १३) मा प्रथम हुने निर्वाचित हुने र समानुपातिकमा क्रमश: २४० र ३३५ सदस्यका लागि भएको निर्वाचन परिणाम माथि तालिकामा दिइएको छ।

**४. दोस्रो संविधानसभा निर्वाचनका विशेषता र निर्वाचनमा देखिएका प्रवृत्ति**

दोस्रो संविधानसभा निर्वाचनका परिणाम र निर्वाचनताका भएका घटनाका आधारमा दोस्रो संविधानसभा निर्वाचनलाई विभिन्न अर्थमा व्याख्या र विश्लेषण गर्न सकिन्छ। यसका विभिन्न विशेषताहरू देखिएका छन् :

**शान्तिपूर्ण र धाँधलीरहित मतदान**

२०६४ सालको संविधानसभाको तुलनामा दोस्रो संविधानसभा (२०७०) मा फोटोसहितको मतदाता परिचयपत्रको पद्धति लागू गरिएकोले मतदान सरल बन्न पुगेको थियो। मतदाता, दल र यिनका कार्यकर्तालै राजनीतिक परिपक्वता र सुझबुझ प्रदर्शन गरेका कारण मतदान शान्तिपूर्ण रह्यो।

**पारदर्शी मतगणना**

विगतको संविधानसभामा निर्वाचनभन्दा दोस्रो संविधानसभाको निर्वाचनमा मतगणना पारदर्शी ढङ्गमा गरिएको थियो। सञ्चार माध्यमहरूले मतगणनाको दृष्य जनतालाई देखाएका थिए। मतगणना पारदर्शी भएकै कारणमा मतदान स्वच्छ, निस्पक्ष भएको चिवार व्यक्त गर्दै प्रमुख निर्वाचन आयुक्तले मतगणनाको नतिजा स्वीकार्न सबै दलहरूलाई अपिल गर्नु भएको थियो।

**नेपाली काङ्ग्रेस र एमाले प्रमुख राजनीतिक शक्तिका रूपमा उदय**

दोसो संविधानसभाको निर्वाचनको नतिजाले नेपाली काङ्ग्रेस र नेकपा एमालेलाई क्रमश: प्रथम र दासो दर्जामा उभ्याएको छ। राजनीतिक विश्लेषकहरूले नेपाली काङ्ग्रेस र एमाले दोस्रो संविधानसभामा प्रमुख दुई राजनीतिक शक्तिका रूपमा उदय हुनुका पछाडि अनेक कारण जिम्मेवार रहेको बताएका छन्। यस्ता प्रमुख कारणहरूमा यी दुवै दलले प्रथम संविधानसभाका अन्तिम २ हप्तामा एकल पहिचान विरुद्ध बहुपहिचानमा आधारित सङ्घीयताको दरो वकालत गरेको, उनीहरूका नरम नाराहरू, शान्तिपूर्ण पद्धतिको वकालत आदि विषयहरू रहेका छन्। साथै यी दुवै दलले सन् २००८ को प्रथम संविधानसभामा निर्वाचनपश्चात् देशभरि गरेको सङ्ठनको सुदृढीकरण र विस्तार एमाओवादीको तुलनात्मक रूपमा देखिएको कमजोर दलीय सङ्गठन, एमाओवादीका सरकारबाट पनि जनताका इच्छाआकाङ्क्षा, चाहना आदि पूरा हुन नसकेका कारण आएको नकारात्मक मत (Negative Vote) पनि कम जिम्मेवार रहेन।

**एकीकृत नेकपा एमाओवादी तेसो राजनीतिक शक्ति**

निर्वाचनको नतिजाअनुसार एकीकृत नेकपा माओवादीले तेस्रो शक्तिका रूपमा आफूलाई सङ्कुचित गर्नु परेको छ। २०६४ को संविधानसभाको निर्वाचनको तुलनामा दोस्रो संविधानसभामा एमाओवादी पार्टीले आफ्नो दरिलो उपस्थिति प्रदर्शन गर्न सकेन।

**नेकपा एमाओवादीका तेसो शक्तिका रूपमा सङ्कुचन हुनुका कारण**

प्रथम संविधानसभा निर्वाचनमा प्रथम ठूलो राजनीतिक दलका रूपमा स्थापित भएको एमाओवादी दोसो संविधानसभामा तेसो राजनीतिक शक्तिका रूपमा चित्त बुझाउन बाध्य भएको छ। राजनीतिक विश्लेषकहरूले यसका प्रमुख कारणहरूका विषयमा अनेक विश्लेषण गरेका छन्। सिंह (२००७ : ७) ले एमाओवादी तेसो प्रमुख राजनीतिक शक्ति हुनुका पछाडिमा सङ्कुचित हुन परेकोमा पार्टीका जातीय राज्य "आत्मनिर्णयको अधिकार", "पृथक बन्ने अधिकारसहितको आत्मनिर्णयको अधिकार," "बहुराष्ट्रवादको नीति" जस्ता उग्रवादी जातीय नारा जिम्मेवार भएको विश्लेषण गर्नुभएको छ। नेपाली मतदाताले एकल पहिचानमा आधारित सङ्घीय राज्यको अवधारणालाई अस्वीकार गरेको र सामाजिक, धार्मिक र सांस्कृतिक एक्ता तथा अखण्डतालाई स्वीकारेको समेत विश्लेषण गरेका छन्।

**रा.प्र.पा. नेपाल-चौथा शक्तिका रूपमा**

कमल थापाको नेतृत्वमा रहेको राप्रपा-नेपाल (गाई) (२४ सिट) चौथो स्थानमा आउनु यस निर्वाचनको एक महत्त्वपूर्ण पक्ष रह्यो । नेपाललाई राजतन्त्रात्मक र हिन्दू धर्मावलम्बी मुलुक बनाउन खुला वकालत गर्ने यस दललाई धर्मका नाम निकै ठूलो मत प्राप्त भएको विश्वास गरिन्छ। कमल थापाले सरकारमा नजाने आफ्नो पार्टीको निर्णय सार्वजनिक गरेर आफ्नो पार्टी प्रतिपक्षमा नै रहने विचार व्यक्त गरेका छन्।

**दोसो संविधानसभा निर्वाचन र मधेसवादी दल**

दोसो संविधानसभा निर्वाचनमा मधेसवादीहरूको उपस्थितिपूर्व प्रथम संविधानसभाभन्दा कमजोर देखिएको छ। यसका मुख्य कारणमा मधेसवादी दलहरू बीच भएको आपसी विवाद र फुट मूल कारणका रूपमा रहन पुगेको छ। नेपाल सद्भावना पार्टी (चिह्नगत) तराई मधेस लोकतान्त्रिक पार्टी, मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक), मधेसी जनअधिकार फोरम नेपाल, मधेसी जनअधिकार फोरम (गणातान्त्रिक) तराई मधेस सद्भावना पार्टी, संघीय सद्भावना पार्टी, राष्ट्रिय मधेस समाजवादी पार्टी, राष्ट्रिय मधेस बहुजन समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी (हात), मधेस तराई फोरम आदि अनेक पार्टी तराईमा भएकाले तराईको शक्ति र आवाज संविधानसभामा कमजोर बन्न पुगेको छ। यसबाट तराईका पार्टीले एकीकरण र संयुक्त पार्टी गठनको पाठ सिक्नु पर्ने भएको छ। हालका दिनहरूमा आएर मधेसवादी दलहरू नेपाली काङ्ग्रेस र एमालेजस्ता पार्टीहरू मधेसवादी दलहरू प्रति

कस्तो रवैया राख्ने गर्दछन् त्यो हेरिरहेका छन्।

**दोस्रो संविधानसभा निर्वाचनमा महिला**

दोस्रो संविधानसभा निर्वाचनमा महिला सहभागिता अति कमजोर भएको विश्लेषण महिला विश्लेषकहरूको रहेको छ। पौडेल (२०७०) ले आफ्नो लेखमा महिलाको अति नै कमजोर स्थान भएको निष्कर्ष निकालेकी छिन्। नेपालका प्रमुख राजनीतिक शक्तिमध्ये प्रत्यक्षतर्फ नेपाली काङ्ग्रेस ले २५ महिला उम्मेदवार, एमालेले २६, एकीकृत ने.क.पा. माओवादीले २६, रा.प्र.पा. नेपालले २४ महिला उम्मेदवार उठाएका थिए। प्रत्यक्षतर्फ ६३ स्वतन्त्र महिलाहरूले उम्मेदवारी दिएका थिए (*अन्नपूर्ण पोष्ट*, कार्तिक २९, २०७०) (नोभेम्बर १५, २०१३ : १०) यी सबै तथ्याङ्क हेर्दा ठूला दलले समेत महिला सहभागितालाई त्यति प्रोत्साहन गरेको देखिँदैन।

**दोस्रो संविधानसभामा युवा**

दोस्रो संविधानसभामा युवा वर्गको उचित प्रतिनिधित्व भएको देखिएको छैन। युवा मतदाताको प्रतिशत उच्च भए पनि युवा सहभागिता ठूला दलका लागि पनि त्यति प्राथमिकतामा परेका विषय देखिएनन्। निर्वाचन आयोगको मतदाता नामावलीअनुसार १८ देखि २५ वर्षका उमेरका मतदाताको प्रतिशत १७.५४ रहेको छ। २६-३५ वर्ष उमेरका मतदाताको प्रतिशत २४.९ रहेको छ। ३६-४५ वर्ष उमेरका मतदाता सङ्ख्या २०.५५ प्रतिशत, ४६ वर्षमाथिका मतदाताको प्रतिशत ३७.८१ रहेको छ। १८-३५ वर्षका उमेरका मतदाताको प्रतिशत ४१.६३ देखिन्छ (Santosh Acharya, "Youths' Vote Decisive in CA Election, 2013," myrepublica.com).

**निर्वाचन पर्यवेक्षण**

नेपालको निर्वाचन आयोगले स्वदेश र विदेशका विभिन्न सङ्गठनलाई निर्वाचन पर्यवेक्षण गर्ने अनुमति प्रदान गरेको थियो (www.election.gov.np) जसअनुसार पूर्वअमेरिकी राष्ट्रपति जिम्मी कार्टरको कार्टर सेन्टरको टोली, युरोपियन युनिएन (The EU Election Observation Mission-EUEOM) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूका साथै इन्सेक, नियोकलगायतका नेपाली संस्थाले निर्वाचन अवलोकन गरेका थिए र निर्वाचन शान्तिपूर्ण र धाँधलीरहित भएको टिप्पणी समेत गरेका छन्। यस्तो पर्यवेक्षण टोलीले नेपाली निर्वाचन अवलोकन गर्नाले अन्तर्राष्ट्रिय जगत्मा नेपाली निर्वाचनको विश्वसनीयता बढेको छ।

**दोस्रो संविधानसभा निर्वाचनमा बदर मत**

प्रथम संविधानसभाको तुलनामा दोस्रो संविधानसभा निर्वाचनमा बदर मतको प्रतिशत कम देखिए तापनि यसलाई भावी दिनमा कम गर्न थप राजनीतिक सचेतनामुलक नागरिक शिक्षा (Civic Education) कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ।

**दोस्रो संविधानसभामा प्रमुख नेतृत्व**

दोस्रो संविधानसभामा प्रमुख नेतृत्वमा रहेका नेताहरूले विभिन्न स्थानबाट विजय हासिल गरेका छन्। नेकपा एमालेका माधवकुमार नेपाल रौतहट र काठमाडौँबाट विजयी भए भने अध्यक्ष झलनाथ खनाल र सुवास नेम्बाङ इलामबाट संविधानसभाको सिट सुरक्षित गर्न सफल भएका छन्। रूपन्देहीमा पराजित तर, गोरखा क्षेत्र नम्बर १ बाट अध्यधिक बहुमतले विजयी हुनु भएका डा.बाबुराम भट्टराईको क्षेत्रमा नेपाली काङ्ग्रेसले २० स्थानमा धाँधली भएको आरोपसमेत लगाएको थियो। काठमाडौँ १० बाट पराजित भएका नेकपा एमाओवादीका अध्यक्ष प्रचण्ड सिराहा-५ मा झिनो मतले विजयी भए। ललितपुर जिल्लामा कम्युनिस्ट किल्लालाई काङ्ग्रेसले तोडेको छ। नेपाली काङ्ग्रेसका सुशील कोइरालाले आफ्नो गृहनगर बाँकेका साथै चितवनबाट विजय हासिल गरे भने रामचन्द्र पौडेलले तनहुँबाट र शेरबहादुर देउवा आफ्नो गृहनगर डडेलधुराका साथै कैलालीबाट विजयी भए।

**दोस्रो संविधानसभा निर्वाचन र अन्तर्राष्ट्रिय समुदाय**

संयुक्त राष्ट्रसङ्घका महासचिव वान की मुनले नेपालमा शान्तिपूर्ण निर्वाचन सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुभएको थियो। युरोपियन युनियनलगायतका अन्य अन्तर्राष्ट्रिय समुदायले समेत नेपालको निर्वाचनको प्रशंसा गरेका थिए।

**४. दोस्रो संविधानसभा निर्वाचनमा भएका धाँधलीका घटना र हिंसा**

निर्वाचन आयोग र नेपाली मन्त्रीपरिषद्ले संविधानसभा निर्वाचन निष्पक्ष, स्वतन्त्र, धाँधलीरहित र शान्तिपूर्ण रूपमा सम्पन्न भएको घोषणा गरे तापनि संविधानसभा निर्वाचनताका केही स्थानमा धाँधलीका घटना नभएका भने होइनन्। दैलेख, नारायणी अञ्चलका तराईका जिल्लाहरूमा पनि यस्ता घटना भए। हिमाली जिल्लाहरूमा पनि यस्ता घटना नभएका भने होइनन्। प्रत्यक्षतर्फको निर्वाचनको नतिजाको घोषणा नहुँदै एनेकपा माआवादीले निर्वाचनमा व्यापक धाँधली भएकाले मतगणना रोकिनु पर्ने कुराको माग गरेको थियो। पछि एनकेपा- माओवादीका कार्यकर्ता मतगणना वहिष्कार गरी बाहिरिए। अध्यक्ष प्रचण्डले निर्वाचनमा राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्ति माओवादीहरूलाई हराउने गम्भीर षडयन्त्रमा जुटेकोले निर्वाचन माओवादीको विरुद्धमा भएको विचार व्यक्त गरेका थिए। अध्यक्ष प्रचण्डले सक्कली मतपेटिका नस्ट गरिएको र नक्कली मतपेटिकाका मतपत्रको गणना गरिएको र निर्वाचनमा व्यापक धाँधली भएको कुरा बताएका थिए। आफूहरूले संविधानसभा बहिष्कार गर्ने र सपथ ग्रहणसमेत नगर्ने विचार समेत उहाँले व्यक्त गर्नुभएको थियो।

तर, निर्वाचन आयोगले निर्वाचनमा यस्तो धाँधली भएको कुरा अस्वीकार गरेको छ। नेपाली सेनाले निर्वाचनमा धाँधली भएको माओवादी आरोपलाई “गलत प्रचार” र “नेपाली सेनालाई विवादमा मुछ्ने गरेको गलत प्रयत्न,” नेपाली सेनाको “गैरराजनीतिक र व्यवसायिक दक्षता” लाई आक्रमण गर्ने गरेको गलत प्रयत्न भनेको छ (*The Kathmandu Post*, Dec, 6, 2013 (21-8-2070): 1). फोटोसहितको मतदाता परिचयपत्र पद्धति लागु गरिएकाले विगतका निर्वाचनभन्दा यस निर्वाचनमा हिंसाका घटना कम भए तापनि हिंसाका घटना भने नभएका होइनन्, सञ्चार माध्यमहरूले विशेषत: मकवानपुर, बारा, रौतहट, सर्लाहीजस्ता जिल्लामा यस्ता घटना बढी भएको सङ्केत दिएका छन् (*The*

*Kathmandu Post*, November 28, 2013: 04). निर्वाचनपूर्व पनि यस्ता घटना भएका थिए। नेकपा-माओवादीले निर्वाचन वहिष्कार गरी निर्वाचन बिथोल्ने प्रयास समेत गरेकाले निर्वाचनपूर्व र निर्वाचनताका यस्ता हिंसाका घटना समेत भएका थिए। निर्वाचनकै दिन गलकोटमा माओवादी समूहले मतदान केन्द्र लुट्ने र आगो लगाउनेजस्ता कार्य गरेको कुरा सञ्चार माध्यममा आए। रौतहट र जनकपुरमा उम्मेदवारमाथि हमला भए। भय र त्रासको वातावरणमा यो निर्वाचन सम्पन्न भए तापनि यी माथिका केही छिटपुट घटनाबाहेक निर्वाचन निस्पक्ष र शान्तिपूर्ण रहेको थियो। साथै लगभग ३३ मतदान केन्द्रमा राजनीतिक विवादका कारण मतदान स्थगित गरिएको थियो।

**६. संविधानसभा अदालतमा निर्वाचनसम्बन्धी मुद्दा दर्ता**

दोस्रो संविधानसभा निर्वाचनताका भएका अनियमिततासँग सम्बन्धित निर्वाचन अपराधसँग सम्बन्धित केही मुद्दा, संविधानसभा अदालतमा दर्ता भएका थिए। त्यस्ता मुद्दामा निर्वाचन वदर गर्न अन्तरिम आदेश जारी गर्ने माग र आफ्नो पार्टीका सहभागिता बिना सर्वदलीय बैठक बसी मतगणना सुरु भएको आदि विविध कुरा समावेश रहेका छन् (*कान्तिपुर*, मार्ग १८, २०७० : ३)। एनेकपा माओवादीले निर्वाचनमा धाँधली भएको आरोप लगाए तापनि यो ठाउँमा यसरी कुनै पक्षले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी किटानीसाथ मुद्दा दर्ता नगरेकाले संविधानसभा अदालतले यस्ता मुद्दा हेर्ने प्रश्न नै नउठेको हो।

**७. दोस्रो संविधानसभा निर्वाचनबाट सिक्नुपर्ने पाठ**

नेपालको दोस्रो संविधानसभा निर्वाचनबाट नेपाली राजनीतिक दल, सरकार, निर्वाचन आयोग, सुरक्षा संयन्त्र, कर्मचारी संयन्त्र, नागरिक समाज र सरोकारवाला सबैले विभिन्न सकारात्मक पाठ सिक्नुपर्ने भएको छ। दोस्रो निर्वाचन (२०७०) ले सामाजिक सद्भाव, राष्ट्रिय एकता , देशभक्तिपूर्ण जनादेशमार्फत् देशी-विदेशी षडयन्त्रका तमाम तानावानालाई निष्प्रभावी तुल्याइदिएको विश्वास गरिएको छ (*कान्तिपुर*, मार्ग १७, २०७०, डिसेम्बर २, २०१३ : ७)। राजनीतिक दलहरूले यथार्थ धरातलमा आधारित भई नेपाली समाजले स्वीकार्दै आएका मूल्य र मान्यतालाई बोकी या कदर गर्नुपर्ने अवस्था सृजना भएको छ। चर्का क्रान्तिकारी नाराभन्दा कार्यान्वियन गर्न सकिने यथार्थवादी धरातलमा आधारित कार्यक्रम लिइ हिँड्ने सन्देशसमेत दिएको छ। दलहरूले लोकतन्त्रलाई सुदृढ गर्न र यसको संस्थागत विकास गर्न राजनीतिक सहिष्णुताको विकास गर्नुपर्ने, दलीय अन्तरक्रियालाई निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने, वदर मत (Invalid Votes) घटाउन सरोकारवाला सबैले प्रयत्न गर्नुपर्ने आदि सन्देश यस निर्वाचनले सरोकारवाला सबैलाई दिएको छ। निर्वाचन आयोग, सरकार, नागरिक समाज, राजनीतिक दल लगायत सबै सरोकारवालाहरूले निर्वाचनलाई स्वस्थ्य र निस्पक्ष बनाउन, निर्वाचनप्रति जनआस्था अभिवृद्धि गर्न, बदर मत घटाउन कुनै ठोस र व्यवहारिक उपाय अवलम्बन गर्ने सन्देश समेत मिलेको छ। भावी दिनमा स्थानीय निर्वाचन सम्पन्न गर्नुपर्ने पृष्ठभूमिमा निर्वाचन आयोगले भविष्यमा आफ्ना पूर्व तयारी अझ व्यापक बनाउनुपर्ने भएको छ। निर्वाचनताका आचारसंहिता उल्लङ्घन गर्ने कर्मचारीलाई तत्काल थप दण्ड दिने (काठमाडौँको बौद्धमा दोस्रो संविधानसभा निर्वाचनताका यस्तो कारबाही समेत भएको थियो) व्यवस्था गर्नुपर्ने, सूचना पद्धति थप वैज्ञानिक र समयोचित बनाउनुपर्ने आदि सन्देशसमेत यस निर्वाचनले दिएको छ। सरकारलाई सुरक्षा व्यवस्थालाई थप दरिलो बनाउन समेत पाठ मिलेको छ।

**८. नयाँ सरकारका नवीन चुनौति**

सत्तामा जाने सोच राख्ने नेपाली काङ्ग्रेस र एमालेले अति उग्रवादी कट्टरपन्थी (Ultra Left) र अति दक्षिणवादी (Ultraright Forces) दुवै राजनीतिक शक्ति बीच उचित सन्तुलन राख्नु अति जरुरी देखिन्छ (Kamal Dev Bhattarai, "Sense of Symmetry", *The Kathmandu Post*, Dec,. 3, 2013: 7).

**९. दोस्रो संविधानसभा निर्वाचनपश्चात् उठान गरिएका नवीन समस्या/मुद्दा**

दोस्रो संविधानसभा निर्वाचनमा नेपाली राजनीतिका विभिन्न मुद्दाहरू उठाइएका छन्, जसमा : **राष्ट्रपतिको राजीनामाको प्रश्न** एक प्रमुख विषय बनेको छ।

दोस्रो संविधानसभा निर्वाचनपश्चात् सरकार गठन गर्ने क्रममा एमाले र एमाओवादीले राष्ट्रपतिको राजीनामाको कुरा समेत उठाएका छन्। दोस्रो संविधानसभाले गरेका निर्णय आफूलाई स्वीकार्य भएको कुरा राष्ट्रपतिले बताए पनि काङ्ग्रेस भने यस कुरालाई स्वीकार्न तैयार देखिँदैन (*कान्तिपुर*, मार्ग १८, २०७० : डिसेम्बर ३, २०१३ : १)।

**निष्कर्ष**

सङ्क्षेपमा भन्ने हो भने नेपालको दोस्रो संविधानसभा निर्वाचन विभिन्न छिटपुट घटनाबाहेक शान्तिपूर्ण र धाँधलीरहित रूपमा रहेको कुरा राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षण टोलीले समेत स्वीकारेका छन्। यसका लागि नेपालको चुनावी सरकार, निर्वाचन आयोग, कर्मचारी र शान्ति सुरक्षा संयन्त्र, निर्वाचनमा संयमितता देखाएका कारण राजनीतिक दल, नागरिक समाज सबै धन्यवादका पात्र छन्। नेकपा-माओवादीको निर्वाचन वहिष्कार र विरोधका कार्यक्रम बाबजुद पनि सेनाले जनतालाई निडर/भयरहित भएर मतदान गर्न गरेको अपिल कम प्रशंसनीय छैन। अन्त्यमा, यस्ता त्रासको वातावरणमा पनि नेपाली मतदाताले धैर्य र निर्धक्क जसरी मतदान गरेका छन्, त्यसका लागि नेपाली मतदातालाई धन्यवाद नदिनु अन्याय नै ठहर्छ।

**सन्दर्भसामग्री**


सिंह, मोहन विक्रम (२०७०/२०१३). "जातिवाद विरुद्धको जनमत," *कान्तिपुर*, (मार्ग १७ (डिसेम्बर २० :), पृ. ७।

पौडेल, शान्तिवन्दना (२०७०/२०१३). "कमजोर महिला सहभागिता", *कान्तिपुर*, (मार्ग १७ (डिसेम्बर २), पृ. ७।

*कान्तिपुर*, मार्ग १८, २०७० : डिसेम्बर ३, २०१३ : १)।

Kamal Dev Bhattarai, "Sense of Symmetry", *The Kathmandu Post* , Dec,. 3, 2013: 7

*The Kathmandu Post*, November 28, 2013

# संविधानसभा निर्वाचनको सन्देश र निर्देश



डा. पद्मप्रसाद खतिवडा

अघिल्लो संविधानसभा तोकिएको समयमा संविधान बनाउन त सफल भएन नै, पटकपटक म्याद थपिँदासमेत जनताको भविष्यसँग गाँसिएको राज्य पुर्नसंरचनाको खाका कोर्नसमेत दलहरू असफल भए। अरु जे जति विषयमा सहमति भएको भनिए पनि राज्य पुर्नसंरचनाको खाका तयार गर्न असफल भएकै कारण अनन्त बिना संविधान पहिलो संविधानसभा विघटन भयो र आवश्यकता पऱ्यो दोस्रो संविधानसभाको। राज्य पुर्नसंरचनासम्बन्धी आ-आफ्नै अडानका कारण नै अनपेक्षितरूपमा निर्दलीय स्वरूपको सरकार गठन गर्नसमेत दलहरू तत्पर भए। प्रकृया नमिलेको भनि व्यापक चर्चा र विरोधका स्वरहरू सुनिए पनि निर्दलीय सरकारले हिम्मत गऱ्यो र संविधनसभाको दोस्रो चुनाव सम्पन्न गराई छाड्यो।

**निर्वाचन प्रकृयामा अवलम्बन गरिएका नीति : ऐतिहासिक कदम**

यसपटकको संविधानसभाको निर्वाचनमा अवलम्बन गरिएका विधि र प्रकृयाले निर्वाचन बढी भन्दा बढी विश्वसनीय र धाँधलीरहित भएको निम्नलिखित आधारबाट भन्न सकिन्छ :

१. विगतको निर्वाचनसम्म अवलम्बन गरिएका एक परिवारका सदस्यहरूको नाम एकै ठाउँमा लख्ने चलनको अन्त्य गरी वर्णानुक्रमका आधारमा मतदाता नामावली सङ्कलन गरियो। यस व्यवस्थाले कुनै पनि मतदाताको नाम दुई ठाउँमा भरिने सम्भावनाको अन्त्य गरिदियो।
२. मतदाता नामावलीमा आफ्नो नाम लेखाउन तोकिएको कार्यालयमा व्यक्ति स्वयम् जानु पर्ने व्यवस्था बाध्यकारी बनाइयो जसले गर्दा उपस्थित हुने व्यक्ति मात्र मतदाता नामावलीमा समावेश हुन सके । यसले गर्दा विदेशमा रहेका तथा मरेका व्यक्ति नामावलीबाट स्वत हटे। तत्कालीन अवस्थामा विदेशमा रहेकाहरूको नाम छुट्न गई उनीहरूमा बालिगमताधिकारको हनन भएको देखिएको छ। तसर्थ आउँदा दिनहरूमा विदेशमा रहेर पनि नामावली भर्न पाउने व्यवस्थालाई पहिलो प्राथमिक्तामा राख्नु पर्ने देखिन्छ।
३. मतदाता नामावलीमा आफ्नो नाम लेखाउन नेपाली नागरिक्ताको प्रमाणपत्र आनवार्य पेश गर्नु पर्ने व्यवस्था गरियो। नागरिक्ता नभएको खण्डमा सोही ब्यहोरा खुल्ने अन्य प्रमाणपत्र भए पनि चाहिने नीति लागु गरियो यसले गर्दा अनागरिक तथा विदेशीहरूले मतदाता नामावलीमा नाम लेखाउने कुचेष्टा गर्न पाएनन्।
४. अन्तिम समयमा आएर निर्वाचन आयोगले मतदाता परिचयपत्रको व्यवस्था अनिवार्य गऱ्यो, जसले गर्दा मतदाता नामावलीमा नाम भएर मतदान केन्द्रमा उपस्थित व्यक्तिले मात्र मतदान गर्न सक्ने भए। अनुपस्थित व्यक्तिको मतदान हुनै नसक्ने बाध्यकारी व्यवस्था भएकै कारण निर्वाचन धाँधलीरहति बन्नमा मद्दत मिलेको हुनु पर्छ।
५. निर्वाचन आयोगले मतदान अघि, मतदानका बेला र मतदान पछिका समयमा हुन सक्ने धाँधली र बुथ क्याप्चरका घटना हुन नपाउन भनी तत्सम्बन्धी निर्देशिका तयार गरी लागु गऱ्यो।

स्वच्छ र धाँधलीरहित निर्वाचन सुनिश्चितताको मापदण्ड निर्धारण गरिएका यी र यस्तै अन्य कैयौं प्रावधानहरूका वावजुद निर्वाचन स्वच्छ रह्यो भन्नेमा सबै दलहरू सहमत हुन भने सकेनन्। मतदानका बेलासम्म मतदान प्रकृया विरुद्ध आवाज प्राय:नउठेकामा मतगणनाको कार्य शुरु भई निर्वाचन परिणाम आउन थालेपछि भने निर्वाचन कार्य धाँधलीपूर्ण रहेको आरोप प्रत्यारोपहरू शुरु भए।

**दोस्रो संविधानसभाको भरोसा कति गर्ने कति नगर्ने**

जनताको उर्लंदो सहभागिताबीच सम्पन्न भएको निर्वाचनमार्फत गठन हुँदै गरेको यस दोस्रो संविधानसभाको भरोसा पनि हुँदैन कि भन्ने धेरैको आँकलन छ। निर्वाचन सम्बन्धमा विगतमा हुने गरेका टिका टिप्पणीहरूलाई हेर्ने हो भने विगतमा जस्तो निर्वाचन अघि र पछि सिङ्गो निर्वाचन प्रकृयामा नै आँच आउने खालका टिप्पणीहरू यस पटक भएका छैनन्। निर्दलीय सरकारकै कारण तुलनात्मकरूपमा दलहरूकको कम हस्तक्षेप भएकाले पनि हुन सक्छ, यो निर्वाचन अहिलेसम्मकै सबैभन्दा बढी स्वतन्त्र र धाँधलीरहित भनी टिप्पणी पनि भएको छ। तर, अनपेक्षितरूपमा पराजित भएका केही दलहरूले यो निर्वाचनमा संरचनात्मक धाँधली गरेर आफूलाई हराएको दावी भने गरिरहेकै छन्। यसबाट उनीहरू यस संविधानसभाबाट संविधान जारी गर्ने पक्षमा छैनन् भन्ने अनुमान गर्न सक्ने अवस्था सिर्जना भएको छ। कोठे बैठकमार्फत सरकार गठनलगायतका विषयमा केन्द्रित भएका अन्य दलहरू पनि संविधानसभाको प्रक्रिया आरम्भ गरिहाल्ने हतारमा छैनन् भन्ने देखिन थालेको छ।

**कसको जित कसको हार**

निर्वाचनमा कसको जित र कसको हार हुनलाई के कस्ता तत्वहरूले काम गरेका छन् भन्ने पक्ष पनि उतिकै रोचक हुँदो रहेछ। काङ्ग्रेस, एमाले र एमाओवादीलगायतका ठूला दलका प्राय: वृत्तमा यसपटकको निर्वाचन सम्बन्धमा गरिएका टिकाटिप्पणीहरूलाई समेटेर हेर्दा यस्तो भेटिन्छ :

१. प्राप्त सफलता पार्टीको कुशल सङ्गठनका कारणले भन्दा पनि अन्य पार्टीहरूले नयाँ संविधानका लागि राखेका एजेण्डाहरू जनताले स्वीकार नगरेको पाइयो। यसको विकल्प खोज्ने क्रममा हाम्रो पार्टीले पनि केही सहानुभुति प्राप्त गरेको हो : काङ्ग्रेस र एमाले।
२. प्राप्त असफलता पार्टीको कुशल सङ्गठन नहुनु, तथा पार्टीले जनताको अपेक्षा विपरीतका एजेण्डामा जबरजस्ती प्रवेश गर्नु तथा शीर्ष नेताको आफू खुसी कार्यकर्ता परिचालन गर्ने तथा हुकुमी

शैलीमा पार्टी चलाउने मनोकाङ्क्षाले हो : एमाओवादी।

३. विगतको संविधानसभाको निर्वाचनमा पार्टीका शीर्ष नेताहरूले नै हार व्यहोर्नु परेको यथार्थबाट शिक्षा लिँदै यसपटकको निर्वाचनमा शीर्ष नेताहरू विरलै मात्र देश दौडाहामा निस्किएको पाइयो। यसले गर्दा नेताहरूको उपस्थिति भएन भन्ने जनगुनासो रह्यो। यसको अर्को अर्थ शीर्ष नेताहरू उठेको निर्वाचन क्षेत्र पनि मजबुत पार्न नसकिएको स्पष्ट हुन्छ। आगामी दिनमा पार्टीले कम्तीमा पनि शीर्ष नेता उठ्ने क्षेत्रमा विकास निर्माणका काम तीव्र पारी जनताको मन जित्न जरुरी छ, जित्ने सुनिश्चित गरी नेताहरू देश दौडाहमा लाग्नु जरुरी हुन्छ : एमाले।

४. कतिपय स्थानमा दलका आसलाग्दा भनिएका उम्मेदवारहरूले सफलता प्राप्त गर्न नसक्नुमा उनीहरूका कार्यशैली आफैँ जिम्मेवार रहेको टिप्पणी गरिएको छ। उम्मेदवार जनताको नजिक जान हिचकिचाउने, जनतासँग हात मिलाउनसमेत अनकनाउने, आफू सर्वसाधारण भन्दा पृथक हुँ भन्ने भावना देखाउने जस्ता शैलीले पनि उहाँहरूको हार भएको पाइएको छ। कतिपय उम्मेदवारले पार्टीको नीति विपरीतका सस्ता नारा लगाउनाले पनि उनीहरूले हार बेहोर्नु परेको पाइएको छ : काङ्ग्रेस र एमाले।

५. पार्टीमा युवामुखी प्रशिक्षणको अभाव अर्को मुख्य चुनौती हो। यसका कारण युवाले पार्टीका सैद्धान्तिक पक्ष बुझ्न सकेनन्। र पार्टी नीति र कार्यक्रममा युवा आकर्षित हुन सकेनन् : एमाले।

६. कतिपय निर्वाचन क्षेत्रमा पार्टी पराजित हुनुको मुख्य कारण पार्टीभित्र मौलाएको गुटबन्दी हो : काङ्ग्रेस, एमाले र एमाओवादी।

७. एक उम्मेदवार एकै निर्वाचन क्षेत्रमा निरन्तर उम्मेदवार भइरहने र निरन्तर नै हारिरहने पनि पाइएको छ। आगामी दिनमा एकपटक हारिसके पछि पुन: त्यही निर्वाचन क्षेत्रमा उही उम्मेदवार उठाउने नउठाउने छलफलको विषय बनाइनु पर्छ : काङ्ग्रेस र एमाले।

८. कतिपय स्थानमा पार्टीको उपस्थिति अत्यन्त कमजोर रहेको पाइएको छ। कतिपय त्यस्ता निर्वाचन क्षेत्रका स्थानीय कमिटीहरू गठन नै नभएका वा गठन भए पनि तिनी चलायमान नभएको पाइएको छ : एमाले र एमाओवादी।

**सन्देश र निर्देश**

यसपटकको निर्वाचनमा राजनीतिक दलहरूले आ-आफ्ना घोषणापत्रमार्फत संविधानकै विषयवस्तुसँग केन्द्रित रहेर जनतासमक्ष राखेका विचारहरूलाई मोटामोटी दुई भागमा विभाजन गर्न सकिन्छ। पहिलो पहिचानसहितको सङ्घीयता र सङ्घीयतासहितको संविधान र दोस्रो बहुपहिचानसहितको सङ्घीयता। यहाँ पहिलो पक्षका राजनीतिक दलहरूले लगाएको नारा र दोस्रो पक्षले लगाएको नारामा शाब्दिक भिन्नता पनि देखिँदैन, त्यसमा पनि दोस्रो पक्षले बहुपहिचानसहितको सङ्घीयता भनिसकेपछि पुन सङ्घीयतासहितको संविधान भनिराख्न पनि परेन, तर पनि पहिलो पक्षले क्तै सङ्घीयताबिनाकै संविधान पो बन्ने हो कि भन्ने आशङ्का व्याप्त नै राखी उक्त वाक्यांश जोडेको देखिन्थ्यो।

पहिचानको परिभाषा प्रष्ट पार्ने आ-आफ्नो अभ्यासको क्रममा नै चाहेर वा नचाहेर पनि पहिलो पक्ष एकल पहिचानधारी साबित भइरह्यो भने दोस्रो पक्ष सङ्घीयता विरोधी भनी आरोपित बनिरहनु पऱ्यो। विभिन्न समयमा उनीहरूले राखेका विचार तथा देखाएका क्रियाकलापहरूकै कारण पहिलो पक्षलाई एकल पहिचनधारी समूह तथा दोस्रो पक्षलाई बहुपहिचानधारी समूह भनेर चिनिने आधारहरू खडा हुँदै गए। यो एउटा यस्तो सङ्गीन घडीको रूपमा अघि बढ्यो कि जनताले कुनै एक पक्षलाई फेरि पनि दुई तिहाई मत नदिए संविधान फेरि पनि बन्न सक्ला भन्ने विश्वास उनीहरूलाई थिएन। हुन त ठ्याक्कै दुई-तिहाई मत पाएका छैनन् तापनि अरु स-साना दलहरूको साथ र सहयोगले स्पष्ट दुई-तिहाई मत पाउने गरी बहुपहिचान सहितको मत खासगरी काङ्ग्रेस र एमालेले प्राप्त गरेका छन्।

**अन्त्यमा**

संविधानसभाको यो मुख्य सन्देश र निर्देशलाई आत्मसात गर्ने आँट अहिले पनि राजनीतिक दलहरूमा देखिएको छैन। उनीहरू चुच्चे ढुङ्गो उही टुङ्गोकै कार्यशैलीमा संविधानसभाको गतिलाई धिमा बनाउने योजनामा हाम फालिसकेका छन्। एमाओवादी लगायतका दलहरू हार हुनका तात्विक कारणहरू इमान्दारीपूर्वक खोज्नुको सट्टा अर्थ न बर्थको आयोग गठनको माग राखी कार्यकर्ताका अघि "फेस सेभिङ" गरिरहेका छन्। हारको पीडा थाम्न नसकी छटपटिएका यी दलहरू संविधानसभाको निर्वाचनमा कसरी धाँधली भयो भनेर जबरजस्ती प्रमाणहरू जुटाउन लागि परेका छन्।

यता जितको दम्म बोकेका ठूला दल काङ्ग्रेस र एमाले अबका दिनमा कसरी आफ्नो वर्चस्व स्थापित गर्दै निरन्तर ठूलो पार्टी बन्ने दाउ-पेचमा होमिएका छन्। यसले गर्दा जनतामा पुन:नकरात्मक आँकलनहरू देखिन थालेको छ, जनतामा यस्तो निराशा पनि छ र भन्दैछन् यो निर्वाचन उनैका लागि रहेछ, जसले हिजोका दिनदेखि निरन्तर राजनीति गरि आए, उही कार्यशैलीमा संविधानका बहस गरे, अनि संविधानसभाकै विघटन गराए। आज पनि कोठे बैठक गरी त्यही कार्यशैली अपनाउने हर्कत ठूला दलका ठूला नेताहरूले कायमै राखेका छन्। जनतालाई उनीहरूको यो कार्यशैली हिजो पनि परेको थिएन र आज पनि छैन।

जनताको अभिमतलाई स्वीकारेर अघि बढ्न दल तथा तिनका नेतामा थप परिपक्वताको आवश्यकता देखिएको छ, त्यो पनि शीर्ष दलका शीर्ष नेताबाट शुरु हुनु पर्दछ। जे जति योजना बनाउने हो, तथा रणनीति तय गर्ने हो, त्यो संविधानसभा भित्रै हुनु पर्छ भन्ने ताजा जनादेशको निर्देश हो। तर नेताहरूसहमतिको खोक्रो नारा बोकेर पुरानै शैली अपनाउने मार्गमा लाग्दै गरेको स्पष्ट भइसकेको छ। राष्ट्रपतिको विवाद, निर्वाचनमा धाँधलीको विवाद, सरकार गठन, साँठगाँठ गर्ने वा नगर्ने यी सबै निर्वाचित प्रतिनिधिहरूबीच संविधानसभा वा व्यवस्थापिका संसद्भित्र बसेर घनीभूत छलफल गर्ने विषयवस्तु हुन्। तर, सामान्य जनतालाई पनि लाजै लाग्ने शैलीमा दलका ठूला नेताहरू संविधानसभाको अवमूल्यन गर्दै कोठे बैठकमा दिन गुर्जान फेरि पनि शुरु गरिसकेका छन्। लाजै पचाएर जनताका प्रतिनिधिहरूबीच छलफल गर्नुपर्ने भएभरका एजेण्डामा संविधानसभा बाहिरै बसेर छलफल गरिरहेका छन्, उदेकलाग्दो कुरा त हारेका नेता पनि सहभागी छन्। नैतिकताको पाठ पढाउँदा पढाउँदा वाक्क भएका जनता दलका नेताको सद्बुद्धि नफेरिएको गुनासो गरिरहेका छन्।

# संविधानसभा निर्वाचनपश्चात्का कार्यसूची



केशव दाहाल

दोस्रो संविधानसभाको निर्वाचन सकियो। ताजा जनादेशका लागि भएको यो निर्वाचनले नयाँ जनमतलाई स्थापित गऱ्यो। शहरिया अनुमानहरू गलत साबित भए। स्वनामधन्य राजनीतिक विश्लेषका निष्कर्षहरू हावादारी बने। कोठामा बसेर जनताको मनोविज्ञानलाई बुझ्न सकिँदैन। यो गहिरो राजनीतिक सत्यलाई पुष्टि गर्दै दोस्रो संविधानसभाको निर्वाचनले नयाँ परिणाम दियो। वस्तुत: राजनीति धरातलीय यथार्यसँग न त धेरै अगाडि हुन्छ न त निकै पछाडि नै। जनताका समकालीन सपनालाई सम्हाल्न नसक्दा राजनीतिले आफ्नो बाटो बदल्ने पक्का रहेछ। संविधानसभाको दोस्रो निर्वाचनले राजनीति गर्नेलाई जनताका सपनासँग खेलबाड नगर्ने शिक्षा दिएको छ। सायद समकालीन नेपाली राजनीतिका लागि यो गम्भीर शिक्षा हो। यही शिक्षाको जगमा राजनीतिका पछिल्ला एजेण्डाहरू निर्धारण हुनेछन्। जितमा रमाएका र हारमा आहत सबैले यो कटु सत्यलाई स्वीकार गर्नु आवश्यक छ।

निर्वाचन पछिका राजनीतिक प्रतिकृयाहरू निकै रोचक तर लज्जास्पद छन्। निर्वाचनमा पराजय भोग्नेहरूका हल्का, अत्यासपूर्ण र अराजनीतिक प्रतिकृयाले गम्भीर राजनीतिको अपेक्षा गर्नेहरूलाई निकै निरास बनाएको छ। हामी कस्तो राजनीति स्थापित गर्दै छौं ? यो प्रश्नमा नेताहरू रचनात्मक नहुँदा राजनीति घिनलाग्दो देखिँदो रहेछ र नेताहरू कुरूप बन्दा रहेछन्। अहिले हामी त्यही कुरूप राजनीतिले सृजना गरेका मैला यथार्थहरूबाट घेरिएका छौँ। सायद "सानदार निर्वाचन" सकिएको भोलिपल्टै आफैँले नेतृत्व गरेको निर्वाचन माथि प्रश्न उठाउनु लाजमर्दो ठट्टा हो। स्वकेन्द्रित सौदाबाजीको राजनीतिलाई फेरि स्थापित गर्न खोज्नु देश र जनताका लागि दुर्भाय हो। यो प्रवृत्तिले हार्ने नेताहरूमाथि कार्यकर्ताको नैतिक वा राजनीतिक दबाब त कम होला तर जनता ?त्यसैले यो दुर्भाग्यवाट बाहिर निस्कन अनिवार्य छ। यसका लागि सबैले आजका राजनीतिक सत्यहरूलाई स्वीकार गर्नु एक मात्र विकल्प हो। सबैले आ-आफ्नो गच्छेअनुसार रचनात्मक गन्तव्यहरू निर्माण गर्नुबाहेक अर्को विकल्प देखिँदैन। समकालीन नेपाली राजनीतिलाई कुन दिशामा अगाडि बढाउने ? हिजोका गल्तीहरूबाट के सिक्ने र भोलिको गन्तव्य कस्तो बनाउने ? यस्ता प्रश्नहरूमा हाम्रा नेताहरूबाट गम्भीर जबाफको अपेक्षा गरिन्छ। अन्यथा हरेक पटक आफ्ना सपनाहरूको मलामी जाने नियति भोगिरहेका जनताले कसैलाई माफी दिने छैनन्।

आजको नेपाली राजनीतिमा तिनखाले अराजनीतिक प्रवृतिहरू हावी देखिन्छन्। यस्ता प्रवृतिहरूको सम्बोधननै आजको मुख्य कार्यभार हो। मूलत: निर्वाचनमा भाग लिने तर पराजयलाई अस्वीकार गर्ने प्रवृति अहिलेको गम्भीर असङ्गति हो। एनेकपा माओवादीको नेतृत्वमा सङ्गठित यो प्रवृत्तिले आफ्ना गल्तीहरू नदेख्ने आडम्बरपूर्ण मनोविज्ञानलाई संस्थागत गर्दैछ। निर्वाचनमा आफैँले मात्र जित्नु पर्ने उनीहरूको हठमा कुनै राजनीतिक तर्क छैन। एमाओवादीको बोलीमा बोली थप्नेहरूसँग उनीहरूले नै जित्नुपर्ने के कारण छ ?आफैँले गैरराजनीतिक सरकार बनाउने, आफैँले चुनावको नेतृत्व गर्ने र आफैँले निर्वाचनमा धाँधली देख्ने, यो आफ्नै नेतृत्वको कमजोरी भएन र ? आफैँले मात्र निर्वाचन जित्नुपर्ने यो कस्तो तर्क हो ?हारका कारणहरू अन्यत्र खोज्ने तर आफूभित्र नहेर्ने यो प्रवृत्तिले के सङ्केत गर्छ ?यो गतिलो राजनीति होइन। कृपया यसलाई सुधारौं।

किनभने एमाओवादीलगायत राजनीतिक दलहरूले आफैं भित्रको धाँधलीलाई देख्न आवश्यक छ। हिजो उनीहरूले न त स्थायित्व दिए न त जनतालाई न्याय। सबैले देखेको एमाओवादी लगायतको अनुहारमा न त सहिदहरूप्रति दायित्व थियो, न त बेपत्ता पारिएकाहरूप्रति जिम्मेवारी। हिजो अर्को पार्टीमा मस्ती मारेकाहरूलाई अघिल्लो दिन संविधानसभा उम्मेदवार बन्नका लागि पार्टीका तर्फबाट टिकट दिने र इमान्दार कार्यकर्ताको सपनाहरूमा घोडा कुदाउने, सायद यो भन्दा ठूलो धाँधली अर्को हुनैसक्दैन। अर्कोतिर मधेसको नाममा देशको झण्डा च्यात्न सकिने उद्घोष गर्नेहरूलाई जनताले भोट दिएनन् त के गल्ती भयो ? मधेस हार्दा भारत हार्ने तर्कहरू ले नै उनीहरू सजायका हकदार थिए भन्ने पुष्टि हुन्छ। जनताको सजायमा रुवावासी गर्नुभन्दा आफ्नै विगतको समीक्षा गर्नु उपयुक्त हुन्छ।

आजको राजनीतिमा अर्को प्रवृति पनि मौलाउँदै गएको छ। हिजो निर्वाचनको निरन्तर विरोध गर्ने तर आज निर्वाचित संविधानसभामा हिस्सेदारी खोज्ने यो के काइदा हो ?निश्चय नै संविधान लेखनमा सबै राजनीतिक दल, सबै स्वार्थसमूहको सहभागिता र स्वामित्व आवश्यक छ। देशव्यापी सञ्जाल भएको माओवादी पार्टीलाई यो प्रक्रियाबाट अलग गर्नु त्रुटि हुन्छ। तर, आफ्नै विगतप्रति माओवादीले आत्माआलोचना गर्नु पर्दैन ? निर्वाचन बिथोल्न भएका प्रयत्न र क्षतिहरूको दायित्व लिर्नु पर्दैन ? हिजो निर्वाचनका सबै प्रकृयामा विरोध जनाउने र आज त्यसैमा हिस्सेदारी खोज्ने यो कस्तो राजनीति हो ? एमाओवादी र माओवादी पार्टीको अहम्को यस्तो रसाकस्सीबाट सृजना हुने गतिरोधको मूल्य कसले चुकाउने ? यो मूल्य नेपाली जनताले किन तिर्नु पर्ने ?हिजो जनयुद्धका बेला आफैँले संविधानसभाको औचित्यका लागि हजारौँको बलिदान चढाउने र आज अन्यथा हुँदा गोलमेचबाट संविधान बनाउने तर्क गर्ने ?जित्नेहरू बेठिक र हार्ने सबै राम्रा, जनताको मतको यति धेरै अवमूल्यन गर्न मिल्छ ?यो त सलाई लुकाउने र आगो माग्ने प्रवृत्ति पो भयो। जनता यस्तो चालबाजीबाट

वाक्क छन्। कृपया जनताको सिधा र सरल मनोविज्ञानमा नखेलौं।

अहिले देखिएको तेस्रो प्रवृति समकालीन एजेण्डाहरूसँग सम्बन्धित छ। निर्वाचनको परिणामसँगै एजेण्डा हाऱ्यो कि पार्टी भन्ने बहस चलेको छ। केही टाठाबाठाहरू विषयलाई गोलमाल बनाउँदै छन्। उनीहरू पार्टीहरूको जित वा हार जे जे भए पनि अग्रगमनका एजेण्डाहरू उस्तै रहेको बताउँछन्। यसमा केही प्रश्नहरू अगाडि आउँछन्। पहिलो, अग्रगमनका एजेण्डाहरू कस्ले बनाउने र ती के के हुन् ?दास्रो कार्यकारी राष्ट्रपतिको एजेण्डामा के अग्रगमन छ ? पहिचानसहितको सङ्घीयता भन्दैमा असाध्य प्रगतिशील हुने कस्तो राजनीति हो ? जनता उत्पादन बृद्धि, सामाजिक न्याय, समाजवाद निर्माण, विकास र राष्ट्रिय एकता मागिरहेका छन्। त्यसैले भन्न सकिन्छ यी पो अग्रगमनका एजेण्डाहरू हुन्। आफ्नै कुरालाई मात्र अग्रगमन देख्ने चेतना र ज्ञान मनोगत रोग हो। लोकतन्त्रमा पार्टीहरू छान्ने सर्वमान्य सिद्धान्त नै एजेण्डाहरूमा निहित हुन्छ। पार्टीले प्रस्ताव गरेका एजेण्डाहरूमा जनताले आफ्नो हित र स्वामित्व खोज्दछन्। यसर्थ ऐजेण्डाकै आधारमा पार्टीको हार वा जित हुन्छ। यसर्थ नेपाली जनतालाई यति धेरै अज्ञानी ठान्नु हुँदैन कि जनताले काङ्ग्रेस र एमालेलाई नेताहरूका अनुहार हेरेर भोट दिए। बरु सत्य नै यही हो कि उनीहरूले ऐजेण्डाकै आधारमा भोट पाएका हुन्। यसर्थ निर्वाचनमा पार्टीहरूले मात्र जितेका हैनन् उनीहरूका एजेण्डाहरूले पनि जितेका हुन्। हार्नेहरूमा पार्टीमात्र हारेको हैन, एजेण्डाहरू पनि हारेका हुन्।

माथिका तीनवटा सत्यहरूलाई स्वीकार गर्दा मात्र समकालीन राजनीतिको व्यवस्थापन सम्भव छ। अन्यथा यस्ता हठ र असङ्गत प्रवृतिहरूले हाम्रो राजनीतिलाई फेरि उल्झनमा राख्ने छ। यस्ता उल्झनहरूको कसरी व्यवस्थापन गर्ने होला ? यो नै निर्वाचन जित्नेहरूका लागि चुनौती हुने देखिन्छ। त्यसोत जित्नेहरूले पनि नेपाली राजनीतिलाई नयाँ ढङ्गबाट अगाडि बढाउन केही गम्भीर प्रयत्न, निर्णय र अभ्यास गर्न आवश्यक छ। अनिमात्र जनताको पछिल्लो अभिमतको राजनीतिक अर्थ र महत्व सानदार रूपमा स्थापित हुन्छ। जनतालाई आफ्नो

**समकालीन राजनीतिलाई निष्कर्षमा पुऱ्याउन सबैले आफ्नो राजनीतिक दायित्वलाई स्वीकार गर्नै पर्छ। सबैभन्दा महत्वपूर्ण विषय सहमतिको राजनीतिक संस्कृति निर्माण गर्ने नै हो। यस्तो सहमति जसमा जनताको अभिमतको अर्थ रहोस्। सहमतिका लागि सहमतिकै बाटोमा हिँड्न पर्छ। असहमति सृजना गर्ने कतिपय राजनीतिक प्रस्तावहरूमा अहिले हातै नहाल्नु हाम्रो हुन्छ। हामीलाई सहमतिमा संविधान चाहिएको छ। सहमतिमै सम्बृद्धि र न्याय चाहिएको छ। तर सहमति बन्नै नसक्दा के गर्ने ? लोकतन्त्रका आधारभूत विकल्पहरूको प्रयोग खुल्ला गर्नु पर्छ। यो नै लोकतन्त्र, सम्बृद्धि सहितको संविधान बन्ने आधारभूत सर्त हो।**

निर्णयमा पछुताउन नपरोस् ,यसका लागि जित्नेहरू रचनात्मक, उदार र गम्भीर हुन आवश्यक छ।

समकालीन राजनीतिलाई निष्कर्षमा पुऱ्याउन सबैले आफ्नो राजनीतिक दायित्वलाई स्वीकार गर्नै पर्छ । सबैभन्दा महत्वपूर्ण विषय सहमतिको राजनीतिक संस्कृति निर्माण गर्ने नै हो। यस्तो सहमति जसमा जनताको अभिमतको अर्थ रहोस्। सहमतिका लागि सहमतिकै बाटोमा हिँड्न पर्छ। असहमति सृजना गर्ने कतिपय राजनीतिक प्रस्तावहरूमा अहिले हातै नहाल्नु हाम्रो हुन्छ। हामीलाई सहमतिमा संविधान चाहिएको छ। सहमतिमै सम्बृद्धि र न्याय चाहिएको छ। तर सहमति बन्नै नसक्दा के गर्ने ? लोकतन्त्रका आधारभूत विकल्पहरूको प्रयोग खुल्ला गर्नु पर्छ। यो नै लोकतन्त्र, सम्बृद्धि सहितको संविधान बन्ने आधारभूत सर्त हो।

मुख्य कुरा जनतालाई संविधान त चाहिएकै छ, तर संविधान मात्र चाहिएको हैन। संविधान सँगै सम्बृद्धि पनि चाहिएको छ। शान्ति पनि चाहिएको छ। शान्ति, सम्बृद्धि र संविधानलाई अलग गरेर जनताको अभिमतलाई बुझ्नु हुँदैन। यसर्थ तत्काल शान्ति प्रकृयाका आधारभूत कामहरूमा ध्यान जानु पर्छ। खासगरी सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग, शान्ति सुरक्षाको बलियो जग निर्माण, दण्डहीनताको अन्त्य र राजनीतिमा आपराधिक प्रवृतिलाई निरुत्साहित गर्ने काम निकै महत्वपूर्ण छन्। सबै मिलेर केही नयाँ र राम्रो सुरुवात गरौँ। राम्रा काम गर्दा हुने विरोधको पनि खासै अर्थ रहँदैन। सङ्क्रमणकालीन न्याय स्थापना र शान्ति निर्माणका आधारभूत कामहरूलाई यो वा त्यो बहानामा पर सार्नु हुँदैन। हिजो माओवादी विद्रोहमा यो वा त्यो पक्षबाट भएका अन्यायहरूको निष्पक्ष हानिपूरणले मात्र परिवर्तनको प्रत्याभूति गर्नेछ। शान्ति निर्माणको यो मुख्य सर्त हो।

अर्कोतिर जनतालाई आर्थिक तथा सामाजिक न्याय चाहिएको छ। सधैँको आन्दोलनले एउटा पुस्ताको जीवन नै बर्बाद भयो। कति लड्ने ? हामी ७० वर्ष लड्यौँ। ७० वर्षसम्म सङ्घर्ष मात्र, अनि देश बन्छ कहिले ?राजनीतिका ठूला ठूला कुराले आजित जनता उत्पादन बृद्धि चाहन्छन्। रोजगारीको सृजना चाहन्छन्। खेतमा सिंचाई, मल र बीउ चाहन्छन्। भूमिसुधार र किसानलाई न्याय चाहन्छन्। औद्योगीकरण चाहन्छन्। भ्रममा नपरौँ जनताका लागि यी सबै भन्दा महत्वपूर्ण र प्रगतिशील एजेण्डाहरू हुन्। यस्ता प्रस्तावहरूमा काम थालेर कतिपय विरोधको व्यवस्थापन गर्न सकिन्छ।

निश्चय नै देखिएका राजनीतिक असहमतिहरू मिलाउन समय चाहिएला। यही कारण संविधान लेख्न पनि केही समय लाग्ला। ठूला दलहरूले (चुनाव अगाडि एमाओवादीले पनि) एक वर्षमा संविधान बनाउने भनेकै हुन्। तर असहमतिहरू हेर्दा थप समय लाग्ने देखिन्छ। त्यसैले पहिले संविधान बनाउँला अनि विकास गरौँला भन्ने सोच सही हैन। बिरामी हुँदा सिटामोल पाउन मुस्किल भएका जनतासँग विकास र सम्बृद्धि पर्खिने धैर्यता छैन। यसैले तत्काल काम थालौँ। सँगसँगै सबै काम सुरु गरौँ। हामीलाई संविधान, शान्ति र सम्बृद्धि साथसाथै चाहिएको छ। समय धेरै छैन, थोरै समयमा धेरै काम यही नै अहिलेको महत्वपूर्ण आवश्यकता हो।जनताका एजेण्डाहरूलाई समातेर राजनीतिको बाटो खन्न व्यवहारिक चेतना चाहिने रहेछ। आशा गरौँ नेपाली राजनीतिले आफ्ना सिद्धान्त, सङ्गठन र राजनीतिक अभीष्टहरूलाई व्यवहारबाट परीक्षण गर्ने छ। यो नै आजको मुख्य राजनीतिक कार्यसूचि हो।

dahal.keshab@gmail.com

# स्थानीय स्वशासन, महिला र विकास

**स्थानीय क्षेत्रको सामाजिक, आर्थिक, प्रशासनिक कार्यहरू कानुनले दिएको अधिकार प्रयोग गरी स्थानीय क्षेत्रकै निर्वाचित जनप्रतिनिधिबाट सञ्चालन गरिने पद्दतिलाई स्थानीय स्वायत्त शासन भनिन्छ। यसलाई विभिन्न विद्वानहरूले विभिन्न किसिमले व्याख्या गरेका छन्।**



**लालबाबु यादव**
सहप्राध्यापक त्रिविवि

साधारणतया आफूले आफैं माथि शासन गर्ने परिपाटीलाई स्वशासन भनिन्छ। यो मानिसको व्यक्तिगत आत्मप्रेमसँग सम्बन्धित छ। स्वभावैले मानिस आत्मकेन्द्रित, स्वाभिमानी र विवेकशील प्राणी हो। ऊ आफूसँग सम्बन्धित कुनै पनि विषयमा अरुको हस्तक्षेप मन पराउँदैन। यद्यपि मानव सभ्यताको विकाससँगै मानिसहरू सङ्गठित हुँदै जाने क्रममा विभिन्न तहका शासकीय संरचनाको विकास भयो। त्यसै संरचनाको एउटा तह स्थानीय सरकार हो। स्थानीय सरकार स्वशासनसँग सम्बन्धित छ। स्वशासनको दार्शनिक पक्ष मानवीय नैसर्गिक स्वतन्त्रतासँग गाँसिएको छ। केन्द्र सरकारबाट स्थानीय तहको राजनीतिक, आर्थिक, सामाजिक समस्याहरू देख्न र ती समस्याहरू समाधान गर्न कठिनाइ हुने भएकोले आफ्नो वा आफ्नो क्षेत्रको विकासमा आफैं सहभागी हुँदा बढी प्रभावकारी हुने मान्यता अनुसार स्थानीय स्वशासनको सिद्धान्त व्यापकरूपमा विस्तार हुँदै गएको छ।

राज्यको शासकीय क्षेत्र ठूलो र निश्चित क्षेत्रका बासिन्दाको सामाजिक तथा आर्थिक विकासका आवश्यकता र चाहना फरक फरक हुने हुनाले केन्द्र सरकारले स्थानीय जनताको आवश्यकता र चाहना पहिचान र परिपूर्ति गर्न कठिनाइ परेको हुँदा स्थानीय तहमा शासकीय संरचनाको परिकल्पना गरियो। त्यही स्थानीय शासकीय संरचना भित्रको शासन पद्दति स्थानीय स्वशासन हो। यो संस्थागत विकेन्द्रित (InQmitutional Decentralization) को सिद्धान्तमा आधारित छ। विकेन्द्रीकरण विकासोन्मुख देशको आर्थिक विकासका लागि महत्वपूर्ण र प्रभावकारी नीतिगत सिद्धान्त हो। यसको अर्थ माथिल्लो तहको अधिकार तल्लो तहमा निक्षेपण गर्नु भन्ने हुन्छ।

कार्यगत दृष्टिले स्थानीय स्वशासन एक बहुआयामिक विषय क्षेत्र हो। यसमा राजनीतिक, आर्थिक, सामाजिक, भौगोलिक, वैधानिक आदि क्षेत्रहरू पर्दछन्। यी प्रत्येक क्षेत्रका बारेमा त्यसै क्षेत्रका मानिस नै तुलनात्मक रूपमा बढी जानकार हुन्छन्। अपनत्वको भावना बमोजिम विकासको फल प्राप्त गर्ने त्यही क्षेत्रका मानिसको संलग्नताबाट नै दिगो विकास सम्भव छ। दिगो विकास व्यक्ति र राज्य दुवैको समान अभीष्ट हो। किनभने विश्वका सबै मानिसहरू समान विचार, दृश्य, अनुहारका नभए जस्तै राज्यको भौगोलिक, प्राकृतिक बनावटमात्र फरक फरक नभएर मानवीय सम्यता, मानवीय सम्बन्ध, भाषा, छालाको रङ्ग र संस्कृति पनि फरक फरक हुन्छन्। ती भिन्न मान्यता र क्षेत्रमा समष्टिगत सोचले कतिपय योजना तर्जुमा र कार्यान्वयन गर्दा निश्चित क्षेत्रको विकासमा फरक फरक प्रभाव पार्दछ। समतामुलक समाजको निर्माण र आर्थिक विकासको प्रक्रियामा नकारात्मक प्रभाव पार्ने तत्वहरूलाई निस्तेज गर्नका लागि स्थानीय सरकारको परिकल्पना गरिएको हो तसर्थ स्थानीय स्वशासन दिगो आर्थिक विकास र राज्यप्रति नागरिक अपनत्व र दायित्व बहनका लागि एक अपरिहार्य शासन पद्दति हो।

स्थानीय क्षेत्रको सामाजिक, आर्थिक, प्रशासनिक कार्यहरू कानुनले दिएको अधिकार प्रयोग गरी स्थानीय क्षेत्रकै निर्वाचित जनप्रतिनिधिबाट सञ्चालन गरिने पद्दतिलाई स्थानीय स्वायत्त शासन भनिन्छ। यसलाई विभिन्न विद्वानहरूले विभिन्न किसिमले व्याख्या गरेका छन्। जि.डि.एच.कोलका अनुसार “स्थानीय स्वायत्त शासन एक यस्तो शासन हो जसले आफ्नो सीमित क्षेत्रमा प्रदत्त अधिकारलाई उपभोग गर्दछ।” लास्कीका अनुसार “स्थानीय स्वायत्त शासनले स्थानीय जनतालाई स्थानीय समस्याको समाधानमा स्थानीय ज्ञान, इच्छा, उत्साह प्रदान गर्ने उत्तम अवसर प्रदान गर्दछ।” सम्बन्धित क्षेत्रसँग सम्बन्धित कार्यहरू जस्तै खानेपानी वितरण व्यवस्था, अस्पताल, विद्युत वितरण, शिक्षा, यातायात आदि जस्ता समस्याहरू स्थानीय क्षेत्रबाटै समाधान गर्दा स्थानीय ज्ञान र सीपको पर्याप्त उपयोग गर्न सकिन्छ। प्रो.जिङ भन्छन् “केन्द्रीय शासनले स्थानीय स्वायत्त शासनमा त्यहाँको जनताको अनुरोधमा पनि हस्तक्षेप गर्ने हक राख्दैन।”

राज्यको शासन सञ्चालन प्रकृयामा शासकीय संरचना बमोजिम विभिन्न तहका सरकारहरूलाई विभिन्न किसिमका कार्यहरू गर्ने गरी जिम्मेवारीहरू बाँडफाँड गरिएको हुन्छ। सिद्धान्ततः केन्द्रीय सरकार सार्वभौम हो भने स्थानीय निकायहरू स्वायत्त मात्र हुन। कानुनतः यी स्वशासित संस्थाहरू संसद्को अधिकार क्षेत्र भित्र पर्दछन् भने प्रशासकीय रूपले धेरै विषयमा केन्द्रीय सरकारको नियन्त्रणमा रहेको हुन्छ। R.M.Maciver ले राज्यले गर्नुपर्ने कार्यहरूलाई तीन भागमा विभाजन गरेका छन्। उनी भन्छन्, “सम्पूर्ण समुदायलाई र भू-भागलाई असर पार्ने राष्ट्रियस्तरका कार्यहरू केन्द्रीय सरकारको हो, प्रान्तीय तहका कार्यहरू प्रान्तीय सरकारलाई सुम्पिएको हुन्छ भने स्थानीयस्तरका कार्यहरू स्थानीय सरकारलाई सुम्पिएको हुन्छ। सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा तीन तहका सरकार हुन्छन्। (क) केन्द्रीय सरकार, (ख) प्रान्तीय सरकार र (ग) स्थानीय सरकार। विद्वानहरूले अधिकार विभाजनको विषयमा कुनै त्यस्तो कठोर नियम त उल्लेख गरेका छैनन् यद्यपि कार्यगत रूपमा केही भिन्नताहरू छन्। जुन विषय सम्पूर्ण देशको हित, कल्याण र महत्वको छ त्यो कार्य केन्द्रीय सरकारलाई सुम्पिइन्छ। जस्तै : परराष्ट्र, प्रतिरक्षा, रेल, डाक सेवा, टेलिफोन, वैदेशिक ऋण र सहयोग, ठूला व्यापार, योजना इत्यादि। जुन विषयमा प्रान्तीय हित, कल्याण र महत्वको छ त्यस्तो विषयमा प्रान्तीय सरकारलाई अधिकार दिइएको हुन्छ। जस्तै : कानुन र व्यवस्था, न्याय, कृषि, प्रहरी, जेल प्रबन्ध, शिक्षा, सहकारी, स्वास्थ्य, स्थानीय शासनको हेर विचार इत्यादि। यस अतिरिक्त अन्य स्थानीय हित, स्वार्थ र महत्वका विषयमा स्थानीय सरकारको क्षेत्र र कार्य भित्र पर्दछन्,

जस्तै स्थानीय शिक्षा, स्थानीय स्वास्थ्य, स्थानीय विकास, सरसफाइ, मनोरञ्जन इत्यादि।

सामान्यतया: नजिकबाट जति राम्रोसँग देख्न, छुन वा अनुगमन गर्न सकिन्छ टाढाबाट सकिँदैन भन्ने मान्यताअनुसार स्थानीय जनताको आवश्यकता , इच्छा र चाहना बमोजिम स्थानीय विकासका कार्यहरू गर्ने, रेखदेख तथा निरीक्षण, समन्वय र सञ्चालन गर्ने, स्थानीयस्तरमा स्वतन्त्र संस्थाहरूको गठन गर्ने आदि जस्ता कार्यहरू गर्न शासकीय संरचनाअनुसार स्थानीय स्तरमा गठन गरिएको नीति निर्माण तथा निर्णय गर्न सक्ने अधिकार सम्पन्न सरकार नै स्थानीय सरकार हो। स्थानीय सरकारले स्थानीय स्रोत साधनहरूको अधिकतम परिचालन गरी स्थानीयस्तरको विकासमा समन्वयात्मक भूमिका निर्वाह गर्दछ। नेपालमा स्थानीय तहमा दुई तहका सरकार छन् माथिल्लोमा जिल्ला विकास समिति छ भने तल्लोमा गाउँ विकास समिति र नगरपालिका।

राष्ट्रियस्तरमा प्रभाव पार्ने समष्टिगत आर्थिक सूचकहरू जस्तै कूल माग, कूल पूर्ति, मूल्यस्तर, ठूला ठूला विकासका पूर्वाधार निर्माण आदि जस्ता कार्यहरू बाहेक सम्पूर्ण विकास कार्यहरू स्थानीय सरकारको हो। जसलाई स्थानीय जनताको आवश्यकता र चाहनाअनुसार स्रोतको पहिचान, सङ्कलन, योजनाको छनौट, कार्यान्वयन, अनुगमन आदि कार्यहरू गर्न कानुनद्वारा नै अधिकार सुम्पिएको हुन्छ। यसले गर्दा जनतामा स्वामित्वको भावना विकास भई आफ्नो विकास आफै गर्न उत्प्रेरित हुन्छन्।

World Charter मा स्थानीय स्वशासनका विशेषताहरू उल्लेख गरिएको छ। जस अनुसार

- स्थानीय निकाय।
- जनचाहनालाई आधार मानी सम्पूर्ण तहमा सरकारको निर्माण।
- प्रजातान्त्रिक र सहभागिमूलक विकासको आधार।
- लैङ्गिक समता र जातीय समावेशीकरण।
- निर्णय प्रकृयामा व्यापक जनसहभागिता।
- स्वतन्त्ररूपमा निर्वाचित जनप्रतिनिधि।
- प्रष्ट भूमिका, उत्तरदायित्वका स्पष्ट उल्लेख र पर्याप्त स्रोत साधनको व्यवस्था।

नेपालको सन्दर्भमा सन् १९५० देखि नै विकेन्द्रीकरणको सिद्धान्तअनुसार शासन सञ्चालन गर्ने भनिएको भए पनि सन् १९६० मा मात्र वैधानिक रूपमा स्थानीय सरकारको गठन प्रकृयाको थालनी भएको पाइन्छ। यद्यपि शासन सञ्चालन प्रकृयामा केन्द्रीकृत मान्यताले जरो गाढेको हुँदा विकास योजनाहरूबाट अपेक्षाकृत उपलब्धि हासिल हुन सकेन। यसका कारणहरूलाई निम्न बुँदाबाट व्याख्या गर्न सकिन्छ।

**विकास योजना असफलताका कारण**

- उद्देश्य अनुरूप र कार्यनीतिमा आवश्यक तालमेलको अभाव।
- क्षेत्रगत लक्ष्य अनुरूप कार्यक्रमहरू निर्धारण नहुनु।
- विकास नीति, कार्यक्रम र लगानी केन्द्रिकृत हुनु।
- उपलब्ध साधन र स्रोतको पर्याप्त हिस्सा कमजोर आर्थिक क्षेत्र तथा मानवीय संशाधनको विकासमा प्रवाहित नहुनु।
- योजना तर्जुमा र कार्यान्वयनमा समन्वयात्मक, पारदर्शिता र जनसहभागिताको कमी हुनु।
- साधन परिचालन तथा प्रयोगका क्रममा हुने चुहावटलाई नियन्त्रण गर्न नसक्नु।

असफलताका यी कारणहरू माथि विचार गर्दै विकासका फलहरूलाई तल्लो तहका जनतासम्म पुऱ्याउन केन्द्रीय सरकारले स्थानीय सरकारको अधिकार, कर्तव्य र गठन प्रक्रियामा समय समयमा परिवर्तन गर्दै आएको छ। वास्तवमा मुलुकमा भएको विविधताअनुसार मुलुक विकासको प्रयासमा आ–आफ्नो प्रतिभा, सम्भावना र आवश्यकता अनुसार आ–आफ्नो ठाउँ र क्षेत्रअनुसार विकास योजना तर्जुमा र सञ्चालनको परिपाटी बसाल्न र उक्त काम गर्न गराउन सक्ने क्षमता स्थानीयस्तरमै अभिबृद्धि गर्न स्थानीय स्वशासनको सिद्धान्त अनुसार ऐन, नियमहरू बनाउनु पर्दछ। २०४७ सालको संविधानको निर्देशक सिद्धान्तमा नै विकेन्दीकरणको सिद्धान्त अनुसार विकास कार्यमा जनतालाई बढी भन्दा बढी सहभागी गराउने उद्देश्य राखिएको थियो। जिविस, गाविस र नगरपालिका ऐन २०४८ लाई एकीकृत गरी स्थानीय स्वायत्त शासन ऐन २०५५ लागु गरिएको छ। यस ऐनमा गाविससम्बन्धी ७१ दफा, नगरपालिकासम्बन्धी ९८ दफा, जिविससम्बन्धी ६४ दफा र सबैका लागि साझा ३५ दफा गरी जम्मा २६८ दफाहरू छन्।

यस ऐनका विशेषताहरूलाई सारांशमा निम्न बमोजिम व्याख्या गरिएको छ।

**नीतिगत व्यवस्था**

- गाउँ, नगर र जिल्लाको छुट्टाछुट्टै ऐनको एकीकरण,
- स्थानीय स्वायत्त शासनको सिद्धान्त र नीति अनुसार स्वायत्त शासनको व्यवस्था,
- शक्तिशाली परिषद् र उत्तरदायी कार्यकारिणीको व्यवस्था र
- महिला, पिछडिएको वर्ग, जनजाति आदिको सहभागिताको व्यवस्था र आरक्षणको व्यवस्था।

**अधिकार र योजनासम्बन्धी**

- योजना तर्जुमा र कार्यान्वयनमा स्पष्ट व्यवस्था (स्रोत नक्सा, समीक्षा, एकीकृत योजना तर्जुमा समिति),
- मुआबजा दिई जग्गा प्राप्त गर्न सक्ने व्यवस्था,
- स्थानीय निकायले आफ्नो विनियम आफैं लागु गर्न सक्ने व्यवस्था,
- सूचना र अभिलेख केन्द्रको स्थापना गर्ने व्यवस्था।

**स्रोत परिचालनसम्बन्धी**

- जिल्लाले उठाउने करबाट पनि गाउँ, नगरलाई तोकिएको प्रतिशत रकम दिनुपर्ने व्यवस्था,
- गाविसले पनि वित्तीय संस्थाबाट ऋण लिन सक्ने व्यवस्था,
- नियमित लेखा परीक्षणको व्यवस्था,
- परिषद्को सदस्यको अध्यक्षतामा लेखा समितिको अध्यक्षको व्यवस्था।

**क्षमता अभिबृद्धि र सम्बन्ध**

- स्थानीय निकायको सुदृढीकरण र क्षमता अभिबृद्धि गर्न आफैं कार्यक्रम गर्न सक्ने,
- गैससलाई परिचालन गर्न सक्ने व्यवस्था,
- स्थानीय निकायलाई निलम्बन र भङ्ग गर्ने अधिकारमा नियन्त्रणको व्यवस्था।

**बैठक सम्बन्धी**

- परिषद् र समितिमा मनोनयन गर्ने व्यवस्था,
- गाउँ नगरको बैठकमा जिविसको इलाका सदस्यलाई आमन्त्रण गर्ने व्यवस्था,
- पारिश्रमिकको व्यवस्था।

**समिति तथा आयोग**

- वित्तीय आयोगको गठन र आयोगमा स्थानीय निकायको महासङ्घको प्रतिनिधि हुने व्यवस्था,
- प्रधानमन्त्रीको अध्यक्षतामा अनुगमन समिति गठन गर्ने व्यवस्था,
- स्थानीय सेवाको गठन,
- समन्वय समितिको व्यवस्था।

आर्थिक विकासको सन्दर्भमा यो ऐन र यसअन्तर्गत बनेको नियमावली २०५६ ले स्वायत्त शासित निकायहरूलाई आफ्नो विनियम बनाउने अधिकार दिएको छ भने, आफ्नो स्रोत जुटाउन कर, दस्तुर, फी लगाउन पाउने अधिकार दिइएको छ। स्थानीय निकायको आन्तरिक स्रोत, केन्द्र सरकारबाट प्राप्त अनुदान रकम शिक्षा, स्वास्थ्य, खानेपानी लगायत कृषि तथा पशुपालनको क्षेत्रमा लगानी र उत्पादनमाबृद्धि, सडक, सिँचाइ आदि

क्षेत्रमा निर्णय लिन र कार्यान्वयन गर्न अधिकार दिइएको छ। यसरी ऐन, नियमले सहभागितात्मक विकास प्रकृयालाई विशेष जोड दिएको छ। यसका विशेषताहरूलाई निम्न बुँदाबाट व्याख्या गर्न सकिन्छ।

**सहभागितात्मक विकास योजनाका विशेषताहरू**

- विकेन्द्रीकृत योजना प्रणाली।
- योजना निमार्णमा ठाडो समन्वयको (Vertical Coordination) व्यवस्था।
- स्थानीय स्तरका विकास योजनाका सम्भावना र आवश्यक्ताहरूलाई ग्राह्यता।
- योजना तर्जुमाका विभिन्न चरणहरूको निर्धारण।
- योजना तर्जुमाको सिलसिलामा उत्पादक तथा उपभोक्ता, श्रमिक तथा उद्योगी, कृषक तथा बजार व्यवस्थापक एवं उद्योगपति र व्यापारिक क्षेत्रबीच अन्तर्क्रिया गर्ने व्यवस्था।
- स्थानीय जनताको ज्ञान तथा सीपलाई पनि आधार मानी योजना तर्जुमा।
- विकास योजनाप्रति जनता जिम्मेवार हुने व्यवस्था।
- विषयगत निकायको व्यवस्था।
- त्रिपक्षीय निकाय (विषय विशेषज्ञ, निर्वाचित पदाधिकारी र जनता)
- गैर सरकारी संस्थाहरूलाई संलग्न गर्ने व्यवस्था।

नेपालको अन्तरिम संविधान-२०६३ मा पनि विकेन्द्रीकरणको सिद्धान्तअनुसार आर्थिक विकासका लागि स्थानीय स्वायत्त शासन सञ्चालन गर्ने कुरालाई महत्व दिएको छ। तर, आजसम्म यसले व्यवहारिक रूप ग्रहण गर्न सकेको छैन। लामो समयदेखि जनप्रतिनिधिमूलक स्थानीय सरकारको गठन हुन नसक्दा जनचाहनाबमोजिम विकास कार्य हुन सकेका छैनन्।

**स्थानीय स्वशासन, महिला र विकास**

भनिन्छ, महिला र पुरुष एउटै रथका दुई पाङ्ग्रा वा एक सिक्काका दुई पाटा हुन्। एउटाको अभावमा अर्कोको गति वा अस्तित्व रहदैन। रथका दुई पाङ्ग्रा सन्तुलित नभए रथ स्वाभाविक रूपमा अगि बढ्न सक्दैन। त्यस्तै गरी महिला र पुरुष समान रूपमा अगाडि नबढे चाहेको गतिमा विकास प्रक्रिया अघि बढ्न सक्दैन। नेपालको सन्दर्भमा आर्थिक विकासका सूचकहरू (जस्तै शिक्षा, स्वास्थ्य आदि) ले नेपाली महिलाको आर्थिक तथा सामाजिक स्थिति कमजोर रहेको देखाएको छ। यसका लागि महिला र पुरुषबीच सम-विकास हुनुपर्छ। नेपालको सन्दर्भमा महिलाको साक्षरताको स्थिति पुरुषको तुलनामा निकै कमजोर देखिन्छ। तथ्याङ्क विभागका अनुसार कूलसाक्षर जनसङ्ख्यामा (५४.१ प्रतिशत) पुरुष ६५.५ प्रतिशत र महिला ४२.८ प्रतिशत साक्षर छन्। यसले समष्टिगत आर्थिक विकास प्रक्रियामा महिलाको स्थिति कमजोर रहेको देखाउँछ। वास्तवमा सम-विकासका लागि पहुँच, नियन्त्रण, चेतनाको विकास, सहभागिता आदिमा समानता हुनु आवश्यक छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ मा लैङ्गिकरूपमा समानतामूलक समाज निर्माण गरी आर्थिक विकासको मूल प्रवाहमा महिलाहरूलाई समावेश गर्नका लागि कतिपय आरक्षणको व्यवस्था गरिएको छ। जसअनुसार स्थानीय निकायको कार्यकारी अङ्गमा कम्तिमा एक जना महिला, परिषद्मा दुई जना महिला, वडामा एक जना महिला राख्नु पर्ने व्यवस्थाले स्थानीय निकायमा करिब ४० हजार महिला प्रतिनिधि हुने व्यवस्था छ।

**चुनौती र सम्भावना**

उपरोक्त विशेषता भए तापनि स्थानीय निकाय सञ्चालनमा धेरै चुनौतीहरू विद्यमान छन्। नेपालको संविधानमा स्थानीय निकायबारे निर्देशक सिद्धान्तमा मात्र उल्लेख हुनुले यसको परिपालना गर्न केन्द्र सरकार कानुनद्वारा बाध्यकारी छैन। जसले गर्दा स्थानीय निकाय आज नेतृत्वविहीन अवस्थामा गुज्रिरहनु परेको अवस्था छ। राजनीतिक अस्थिरता र संवैधानिक अस्पष्टताले गर्दा स्थानीय तहमा उपलब्ध साधन र स्रोतको समुचित परिचालन हुन नसकी आर्थिक विकासले यथोचित गति लिन सकेको छैन। स्थानीय निकायबाट हुने कूल खर्चको ९० प्रतिशत भन्दा बढी अंश केन्द्र सरकारबाट अनुदानको रूपमा उपलब्ध हुनुले स्थानीय निकायको स्रोत सङ्कलन र परिचालन क्षमता निकै कमजोर भएको पाइन्छ। यसले कर, दण्ड, जरिवाना आदिबाट स्रोत सङ्कलन र परिचालनको लागि ऐन, नियममा भएको व्यवस्था कार्यान्वयन हुन नसकेको कुरा पुष्टि हुन्छ। तसर्थ आर्थिक विकासको लागि यी पक्षहरूको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण रहेको छ।

केन्द्रबाट निकासा हुने रकमको प्रक्रिया पटक पटक फेरिने, जिम्मेवारी किटान नगरेको गैरसरकारी संस्था र स्थानीय निकायको सम्बन्धमा अस्पष्टता, अख्तियार दुरूपयोग गरेमा नियन्त्रणको विशेष व्यवस्थाको अभाव, स्थानीय निकायलाई सक्षम बनाउने विषयमा स्पष्ट प्रावधान नभएको आदि समस्याहरू विद्यमान छन्।

समयको गतिसँगै नेपाली जनता लोक्तन्त्र, आर्थिक तथा सामाजिक अधिकार प्राप्तिका लागि सचेत हुँदै गएका छन्। केन्द्र सरकारबाट स्थानीय-स्तरमा उपलब्ध गराइने साधन र स्रोतको मात्रामा बृद्धि हुँदै गइरहेको छ। आर्थिक विकासका पूर्वाधारहरू जस्तैः– बाटो, बिजुली आदिको निमार्ण कार्य बढिरहेको छ जसको समुचित उपयोग हुन सकेको खण्डमा स्थानीय तहमा आर्थिक विकासको गतिले तीब्रता पाउन सक्दछ। यसका लागि स्थानीय निकायले अग्रणी भूमिका निर्वाह गर्न सक्दछ। यसका लागि उपयुक्त वातावरण निर्माण गर्ने दायित्व केन्द्र सरकारको हो।

**निष्कर्ष**

स्थानीय स्वशासन विकेन्द्रीकरणको सिद्धान्तमा आधारित संस्थागत विकेन्द्रीकरण (Devolution) हो। यसमा स्थानीय सरकारलाई स्थानीय क्षेत्रसँग सम्बन्धित विषयमा विनियमहरू बनाई लागु गर्न पाउने अधिकार हुन्छ। यो एक शक्ति र अधिकारसँग सम्बन्धित विषय हो। यस सिद्धान्त बमोजिम बनेको स्थानीय सरकारहरू जन-निर्वाचित, जनताप्रति उत्तरदायी हुन्छन्। वास्तवमा स्थानीय निकाय एक स्वायत्त अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हो। यसले आफ्ना कतिपय विषयमा आफैं निर्णय गर्न पाउँछ। कानुनतः आफ्नो क्षेत्रभित्र यी संस्थाहरूलाई कर, दस्तुर, फी उठाउन पाउने अधिकार हुन्छ। यसले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्दछन्। तसर्थ स्थानीय निकायहरू व्यक्तिमा जस्तै आफ्नो क्षेत्रको आर्थिक विकासका लागि आफैं लागिपर्ने महत्वपूर्ण राजनीतिक सङ्गठन हो। समष्टिगत आर्थिक पक्षलाई प्रभाव पार्ने सूचकहरूबारे नीति बनाउने, निर्णय लिने, कार्यान्वयन गर्ने कार्य केन्द्र सरकारको भए तापनि राज्यले लिएको लक्ष्य परिपूर्ति गर्ने बाटोमा स्थानीय जनताको चाहनाअनुसार आर्थिक क्रियाकलाप गर्ने गराउने आधारभूत साङ्गठनिक क्षेत्र स्थानीय निकाय हो।

**सन्दर्भ सामग्रीहरू**


स्थानीय स्वायत्त शासन ऐन, २०५५, कानुनी क्तिावखाना व्यवस्था समिति

स्थानीय स्वायत्त शासन नियमावली २०५६, कानुनी कितावखाना व्यवस्था समिति

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६, कानुनी कितावखाना व्यवस्था समिति

स्वशासन, The Journal of Self Governance and Rural Development नेपाल सरकार, स्थानीय विकास मन्त्रालय, वर्ष १२, २०६४ जेष्ठ, भोल्यूम २९ र २०६४ चैत्र, भोल्यूम ३०

स्थानीय निकाय वित्तीय आयोगको प्रतिवेदन २०५७, श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय




# निर्वाचनमा इन्सेक










निर्वाचन र त्यस सम्बन्धमा हुने अभियानहरूले लोकतन्त्रका मजबुत बनाउन मद्दत पुऱ्याउँछ। निर्वाचनको स्वछता बिना लोकतन्त्र संस्थागत हुन सक्दैन । लोकतन्त्र संस्थागत नभएको अवस्थामा जनताका मौलिक हकहरूको परिपालना हुँदैनन्। निष्पक्ष र स्वतन्त्र निर्वाचनको लागि इन्सेक विगतदेखि नै क्रियाशील रहँदै आएको छ।

गत मङ्सिर ४ गते भएको संविधानसभाको दोश्रो निर्वाचनका क्रममा इन्सेकको अग्रसरतामा विभिन्न १६ वटा सङ्घ संस्थाहरू सदस्य रहेको स्वच्छ निर्वाचनका लागि नागरिक अभियान गठन गरिएको थियो। इमान्दार र असल जनप्रतिनिधिमार्फत नयाँ सविधान निर्माण गर्न सकियोस् भन्ने मान्यतामा थालनी गरिएको यो अभियान अन्तर्गत संविधानसभाको निर्वाचनका लागि देशैभर मतदाता सचेतना अभियान, नागरिक सम्परीक्षण, आचारसंहिता उल्लङ्घन अनुगमन र ३ सय निर्वाचन केन्द्रहरूको सुक्ष्म अनुगमन गरिएको थियो।

संविधानसभा निर्वाचन सम्पन्न भएलगत्तै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले तयार पारेको संविधानसभा निर्वाचन २०७० को संक्षिप्त प्रतिवेदन निर्वाचन आयोगलाई बुझाउनु भएको थियो।






## फोटो क्याप्सन

(१) स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले तयार पारेको निर्वाचन आचारसंहिता उल्लङ्घन प्रवृति बारेको प्रतिवेदन २०७० कार्तिक २७ गते प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीलाई बुझाउनु हुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल।

(२) स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले तयार पारेको संविधानसभा निर्वाचन २०७० संक्षिप्त प्रतिवेदन निर्वाचन सकिएलगत्तै २०७० मङ्सिर ४ गते निर्वाचन आयोगलाई बुझाउनु हुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल ।

(३) संविधानसभा निर्वाचन २०७० मा काठमाण्डौं कलङ्कीमा रहेको एक मतदान केन्द्रको अनुगमन गर्नु हुँदै इन्सेकका अध्यक्ष्य सुबोधराज प्याकुरेल । (४) निर्वाचन आचारसंहिता उल्लङ्घन प्रवृत्ति बारेको प्रतिवेदनको विश्लेशणात्मक प्रस्तुति गर्नु हुँदै डा. पद्मप्रसाद खतिवडा । (५) इन्सेकले २०५६ सालमा मतदाता सचेतनाका लागि प्रकाशित गरेको सचित्र पुस्तक । (६) इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सचिवालयको गतिविधिका बारेमा जानकारी लिनु हुँदै । (७) संविधानसभा निर्वाचन २०६४ को अनुगमनका क्रममा ललितपुरको मंगलबजार निर्वाचन केन्द्रमा जानकारी आदान प्रदान गर्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम (बाँया) (८) इन्सेकले २०४७ सालमा आयोजना गरेको निर्वाचनसम्बन्धी एक कार्यक्रम ।

# राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिकता, स्वायत्तता र स्वतन्त्रता

**आयोग स्थापनाको पृष्ठभूमि र यसले खेलेको सकारात्मक भूमिकाको कारण यो आयोग संवैधानिक हैसियतमा परिणत भएको हुनुपर्दछ। यस पछाडिको विधिशास्त्र आयोग कानुनी हैसियतमा हुँदा जति सशक्त, स्वतन्त्र र स्वायत्त थियो त्यो भन्दा बढी सशक्त, स्वतन्त्र र स्वायत्त हुनुपर्छ भन्ने हो।**



**श्यामबाबु काफ्ले**
**अधिवक्ता**

मानव अधिकारकर्मी, न्यायकर्मी, नागरिक समाज, विद्वत समुदाय, पत्रकार, मानव अधिकारक्षेत्रमा कार्यरत सङ्घ संस्था वा तत्कालीन संसद्का केही सदस्यहरूको उल्लेख्य पहलबाट राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो। उल्लिखित समुदायको सार्थक योगदानको कारण मानव अधिकार आयोग ऐन, २०५३ जारी भएको थियो। परिणामत: नेपालमा स्वायत्त र स्वतन्त्र राष्ट्रिय मानव अधिकार आयोग गठन भयो। तर त्यसको लागि थुप्रै मानव अधिकारकर्मीहरूले प्रहरीको हिरासतमा बस्नु मात्र परेन, कानुन व्यवसायीहरूले सर्वोच्च अदालतलमा रिट निवेदनसमेत दर्ता गर्नुपर्‍यो। निवेदनमा अदालतले सरकारका नाममा परमादेशको आदेश जारी गर्‍यो। अदालतको आदेशपछि २०५७ जेठ १३ गते आयोगको गठन भएको घोषणा गर्न सरकार बाध्य भएको थियो। आयोग गठनसँगै राज्यले संयुक्त राष्ट्रसङ्घद्वारा पारित पेरिस सिद्धान्त, १९९३ को आधारमा स्वतन्त्र र स्वायत्त मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था हुने प्रतिबद्धता जनाउन पनि बाध्य भयो। यसै सिद्धान्तको आधारमा आयोगले मानव अधिकार संरक्षण र सम्बर्द्धनमा विशेष योगदान दिँदै आएको छ। सम्भवत: स्थापनाकालदेखि आयोगले खेलेको सकारात्मक भूमिकाको मूल्याङ्कन गर्दै जनआन्दोलन २०६२/०६३ को सफलतापछि जारी नेपालको अन्तरिम संविधान- २०६३ ले आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ।

यस पृष्ठभूमिले आयोग वास्तविक सरोकारवालाहरूको सशक्त सङ्घर्षबाट जन्मिएर आजको अवस्थामा पुगेकोमा विवाद छैन। यसको स्थापना अन्य संवैधानिक निकायहरूभन्दा बिल्कुल फरक प्रकृति र परिस्थितिमा भएको हो। तर यसलाई केही विशेष व्यक्ति वा समूहहरूबाट संवैधानिक भएको आयोग र अन्य संवैधानिक निकायहरूको एउटै हैसियत हो भनी पुष्टि गर्ने प्रयत्न भइरहेको पाइन्छ। यसै तर्कका आधारमा राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता र स्वायत्तता सिध्याउने प्रयास पनि भएको थियो। अझै पनि यस तर्कलाई विशेषत: यसको स्वायत्तता र स्वतन्त्रता खुम्टयाउने अर्थमा अस्त्रको रूपमा प्रयोग गरिने गरेको पाइन्छ। संविधानमा नै आयोगको स्थापना बारेमा उल्लेख भएर संवैधानिक हैसियत प्राप्त हुने विषयलाई अन्य संवैधानिक निकाय सरहको अर्थमा बुझिनेसम्मको अवस्था स्वभाविक मान्न सकिएला। तर अन्य संवैधानिक निकायको कार्य प्रकृति र यस आयोगको कार्य प्रकृतिको आधारमा यसलाई एउटै हैसियतमा कदापि राख्न मिल्दैन र सकिने अवस्था पनि हैन। स्थापनाको आधारमा हालसम्म नेपालमा कार्यरत कुनै पनि निकायहरू कानुनी हैसियतबाट संवैधानिक हैसियतमा परिणत भएका छैनन्। आयोग स्थापनाको पृष्ठभूमि र यसले खेलेको सकारात्मक भूमिकाको कारण यो आयोग संवैधानिक हैसियतमा परिणत भएको हुनुपर्दछ। यस पछाडिको विधिशास्त्र आयोग कानुनी हैसियतमा हुँदा जति सशक्त, स्वतन्त्र र स्वायत्त थियो त्यो भन्दा बढी सशक्त, स्वतन्त्र र स्वायत्त हुनुपर्छ भन्ने हो। आयोग पूर्व स्वतन्त्रता र स्वायत्तता भन्दा अझ सशक्त र प्रभावकारी हुनपर्छ भन्ने हो। तर विघटित व्यवस्थापिका संसद्, सरकार र प्रमुख राजनीतिक दलका तत्कालीन केही सभासद्हरूले व्यवहारमा त्यसको ठीक विपरीत भूमिका निर्वाह गरेको अवस्था छ। आयोग कानुनी हुँदा पेरिस सिद्धान्त बमोजिमका अधिकांश स्वतन्त्रताहरूलाई बिना अवरोध उपभोग र उपयोग गरिरहेको थियो। ती सिद्धान्तबमोजिम मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्नेदेखि कार्यगत स्वतन्त्रता उपभोग गर्ने, सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने, नेपाल सरकारलाई सिफारिश गर्ने आवश्यक पर्ने नीति नियम तयार गर्नेलगायतका कार्यहरूमा स्वतन्त्र र स्वायत्त थियो। यस क्रममा आयोगले आफ्ना हरेक गतिविधि स्वतन्त्र र स्वायत्त रूपमा सञ्चालन गर्न पाउने प्रशस्त बाटाहरू थिए।

तर, आयोग संवैधानिक भएपछि यसको अवस्था त्यस्तो छैन। पेरिस सिद्धान्त बमोजिमका आर्थिक, क्रियात्मक, कानुनी, नीतिनिर्माण र विभिन्न सङ्गठनहरूको सदस्यता प्राप्त गर्ने कार्यमा पूर्णत स्वतन्त्र र स्वायत्त हुनु पर्ने आयोगको स्वतन्त्रता खुम्च्याइएको छ। यसका स्वतन्त्र क्रियाकलापहरूलाई अंकुश लगाउने प्रयत्न संवैधानिक पगरीसँगै शुरू भएका छन्। त्यसमा पनि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ (यसपछि नयाँ ऐन भनिएको) जारी भएपछि त अंकुश लगाउने कार्यलाई थप प्रोत्साहन मिलेको छ। यस नयाँ ऐनमा विगतको ऐनको प्रस्तावनामा उल्लेख भएको स्वतन्त्र र स्वायत्त शब्दलाई तिलाञ्जली दिने कार्य भयो। स्वायतता र स्वतन्त्रता

संविधानमा उल्लेख नगरिएको भन्दै नयाँ ऐनमा समावेश नगराउने थुप्रै प्रयास भए। यस प्रयासमा एकल सोचबाट प्रभावित केही विधायक र नेपाल सरकारका तत्कालीन उच्चपदस्थ केही कर्मचारीहरू समेत सक्रिय भए। तर प्रभावकारी दबाबपछि नयाँ ऐनमा केवल मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा सम्म आयोग स्वतन्त्र र स्वायत्त रहने संकुचित व्यवस्था गरियो। जबकी मानव अधिकारको संरक्षण, सम्बर्द्धन र सम्मानका लागि आवश्यक स्रोत व्यवस्थापनमा अनिवार्यरूपमा नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छ। जसले पेरिस सिद्धान्तमा उल्लेखित प्रमुख सिद्धान्त मध्येको क्रियात्मक तथा आर्थिक स्वतन्त्रता र स्वायत्तताको विषयलाई ठाडै अस्वीकार गरेको छ। किनभने विगतको ऐनमा आयोगलाई वास्तविक रूपमा आर्थिक स्वायत्तता प्रदान गरिएको थियो। त्यस ऐनमा आर्थिक व्यवस्थापनमा सरकारले कुनै पनि किसिमले अंकुश लगाउने व्यवस्था थिएन। पेरिस सिद्धान्तको अर्को महत्वपूर्ण सिद्धान्तको रूपमा रहेको क्रियात्मक स्वतन्त्रताको बारेमा तुलनात्मक अध्ययन गर्दा विगतको ऐनमा आयोगले आफूलाई चाहिने कर्मचारी आफैंले नियुक्त गर्न सक्ने व्यवस्था थियो। तर संवैधानिक हैसियत प्राप्त भएपछि बनेको नयाँ ऐनमा कर्मचारीविहीन आयोगको परिकल्पना गरिएको छ। आयोग केवल आयोगका अध्यक्ष, सदस्यहरू र सचिवलेमात्र चल्ने परिकल्पना ऐनमा गरिएको छ। आयोगलाई कर्मचारी बिहीन बनाउने प्रयास अन्र्तगत क्रियात्मक स्वतन्त्रताको अन्त्य गरिएको छ।

आयोगले संवैधानिक हैसियत प्राप्त गरेपछि सरकारले ल्याएको एकल खाता सञ्चालन नीतिबाट आयोगमा अन्य वैकल्पिक व्यवस्था नहुने हो भने कुनै पनि घटनामा अनुसन्धान वा अनुगमन गर्न तत्काल टोली खटाउनसमेत नसक्ने अवस्था छ। आयोगबाट टोली खटिँदा अनुगमन वा अनुसन्धानमा खटिने टोलीले आयोगको आफ्नो कार्यालयको लेखा शाखामा पेश्की माग गर्नुपर्ने, त्यसपछि लेखा शाखाबाट कोष तथा लेखा नियन्त्रण कार्यालयमा पत्राचार गरी सो कार्यालयबाट रकम प्राप्त भएपछिमात्र आयोगको टोली कार्यालयबाट निस्कनुपर्ने बाध्यता छ। यसले आर्थिक स्वायत्तताको विषयमा वास्तविक रूपमा अंकुश लगाउने कार्य भएको प्रष्ट हुन्छ। सरकारको दृष्टिकोणबाट एकल खाता नीति सही हुन सक्ला तर यस्तो नीति कार्यालयको कार्य प्रकृतिको आधारमा हुनुपर्ने तर्फ सरकार सकारात्मक देखिँदैन। आयोग स्थापनाको मूल मान्यता र सिद्धान्तविपरीत आयोगले आर्थिक स्वतन्त्रता उपभोग गर्ने कार्यलाई क्रमश: निरुत्साहित गर्दै लगिएको छ। सरकारका नीतिहरू व्यवहारत : सकारात्मक छैनन्। जुन कार्य आयोग संवैधानिक हुनुभन्दा पहिले थिएन। विशेष गरी नेपाल सरकारका तत्कालीन केही निश्चित उच्चपदस्थ कर्मचारीहरूको इच्छाको परिणाम आयोग संवैधानिक भएपछि यसका क्रियात्मक स्वतन्त्रतालाई साँघुर्‍याउँदै लाने प्रयत्न भएको सहजै अनुमान गर्न सकिने अवस्था छ। पहिलेको ऐनले सर्वोच्च अदालतका न्यायाधीश सरहको हैसियत प्रदान भएका आयोगका पदाधिकारीहरूलाई नयाँ ऐनमार्फत पुनरावेदन अदालतका मुख्य न्यायाधीश सरहमा घटुवा गर्ने प्रयत्न गरिएको छ। नेपाल सरकारका केही उच्चपदस्थ कर्मचारीले आफू निजामती सेवाबाट अवकाश पाएपछि दिन बिताउने स्थलको रूपमा आयोगलाई विकसित गराउने सोचबाट पनि यी कार्य भएको अनुमान गर्न सकिने अवस्था छ।

विगतमा गणतान्त्रिक राजनीतिक दलहरूले नेतृत्व गरेका अधिकांश सरकारले विस्तृत शान्ति सम्झौता सम्पन्न हुनुपूर्व आयोगमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका उजुरीहरूको अनुसन्धान र कारबाहीमा समेत सरकारको अनुमति लिनुपर्ने आशय र व्यवहार देखाउने कार्य गर्दै आएका छन्। संवैधानिक आयोगमा बढोत्तरी गराएको गुन आयोगले तिर्नुपर्ने आशयको व्यवहार उनीहरूबाट देखिने गरेको छ। उनीहरू आयोगले नियमित रूपमा गरिरहेका कार्यहरूलाई अवरोध गराउने आशय पटक-पटक देखाएका थिए। राज्यले अङ्गीकार गरेको पेरिस सिद्धान्त विपरीत केही निश्चित व्यक्तिको चङ्गुलमा आयोगको क्रियात्मक स्वतन्त्रता निमोठ्ने कार्यमा विघटित व्यवस्थापिका संसद्समेत मुछिएको छ।

संवैधानिक आयोगको ऐनले चरालाई प्वाँख काटेर उडाउने परिकल्पना गर्दै जनशक्तिको बारेमा कुनै व्यवस्था गरेको छैन। हाल कार्यान्वयनमा रहेको नयाँ ऐनमा निहित स्वार्थ रहेको समूहले विश्व समुदाय अगाडि आयोगलाई हात्तीको देखाउने दाँतको रूपमा प्रस्तुत गर्ने प्रयत्न गरेको छ। आयोग स्वतन्त्र, स्वायत्त र प्रभावकारी भएमा त्यसले सरकार र नेपालीको प्रतिष्ठा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा बढ्ने यथार्थता हो। तर त्यसलाई एकल सोचको नेपाल सरकारको निश्चित स्वार्थ रहेको कर्मचारीतन्त्र र त्यसको चङ्गुलमा रहेका राजनीतिक व्यक्तित्वहरूले स्वीकार गर्न नसक्दा आयोग वास्तविक रूपमा स्वतन्त्र र स्वायत्त हुन सकेको छैन। देश गणतन्त्रमय भएपनि यस समूहको सोचाइमा कुनै परिवर्तन छैन। मानव अधिकार आयोग र अन्य संवैधानिक निकाय एकै हुन् भनी केही उच्चपदस्थ सरकारी कर्मचारीहरू र केही राजनीतिक दलका केही व्यक्तिहरूले एकोहोरो सुँगा रटाई गरिरहेकै छन्। एक्काईसौं शताब्दीको बदलिँदो परिवेशमा कुनै निकाय संविधानमा अङ्कित हुँदैमा त्यसको संरचना एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय बेग्लै मान्यताको विश्लेषण गर्न उनीहरू सक्षम र योग्य देखिएका छैनन्। सबै संवैधानिक निकायको काम, कर्तव्य र अधिकार एउटै हो भनी बुझिरहेका छन्। आयोग र अन्य संवैधानिक निकाय फरक हुन् भन्न उनीहरू तयार छैनन्। परिणाम राष्ट्रिय मानवअधिकार आयोगको स्वायत्तता र स्वतन्त्रता प्रत्येक दिन गुम्दै गइरहेको भान भइरहेको र यसको अन्तर्राष्ट्रिय मुल्याङ्कनमा समेत 'क' श्रेणीमा रहिरहन चुनौति थपिँदै गएको छ। निरङ्कुश राजाको समयमा एकदिन पनि खाली नभएको आयोग गणतान्त्रिक नेपालमा दुई पटक पदाधिकारीविहीन अवस्थाबाट गुज्रिरहेको छ।

आयोगको मूल्याङ्कन र कार्य प्रकृति देशका अन्य संवैधानिक आयोगको भन्दा तात्विक रूपमा नै फरक छ। आयोगको कार्य प्रगतिको वार्षिक मुल्याङ्कन राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन बुझाएर मात्र हुँदैन। यसले आफूले गरेका काम र योगदानको विस्तृत प्रतिवेदन राष्ट्रिय मानवअधिकार आयोगहरूको समन्वय गर्ने संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय संस्थामा पेश गर्नु पर्दछ। उक्त प्रतिवेदनलाई संस्थाले आयोग आर्थिक रूपमा, क्रियात्मक रूपमा, कानुनी रूपमा, नीति निर्माण सम्बन्धमा र विभिन्न सङ्गठनहरूको सदस्यता प्राप्त गर्न कति स्वतन्त्र र स्वायत छ भन्ने आधारलाई मुल मापदण्ड बनाई मूल्याङ्कन गर्दछ। सौभाग्य

भन्नु पर्दछ यी पङ्क्ति लेखिरहँदासम्म आयोग मुल्याङ्कनको माथिल्लो "क" श्रेणीमा छ। तर त्यसको जग आयोग, आयोगका कर्मचारीहरू हुन्। विशेषत: सशस्त्र द्वन्द्वका अवस्थामा राज्यका सुरक्षाकर्मी तथा गैरराज्य पक्षद्वारा गरिएको मानव अधिकारको गम्भीर उल्लङ्घन तथा ज्यादतीको स्वतन्त्र अनुसन्धान तथा अनुगमन हो। आयोगको पक्षमा मानव अधिकारको क्षेत्रमा कार्यरत व्यक्तित्वहरू र सङ्घसंस्थाहरूको सकारात्मक सन्देश हो। यसैको परिणाम अन्तराष्ट्रिय रूपमा आयोग आजसम्म यस श्रेणीमा रहिरहन सफल छ।

राष्ट्रिय मानव अधिकार आयोगले संवैधानिक हैसियत प्राप्त गरिसकेपछि संवैधानिक आयोगको नाउँमा उसका कार्यहरूलाई अकुंश लगाउन कानुनहरूमा थुप्रै छिद्रहरू छोडिएका छन्। हालसम्मको अनुभवबाट सरकार जुनसुकै दलको भए पनि व्यवहारिक रूपमा ती सरकारहरू मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धमा इमान्दार नभएको यथार्थ हो। थोरैमात्र आफ्नो प्रतिकूल हुने कुनै अनुभव हुनासाथ त्यस्ता सरकारबाट आयोगको स्वतन्त्रता र स्वायत्तता नचाहने निश्चित छ। सत्ता बाहिर रहँदा वास्तविक रूपमा नै आयोगको आवश्यकता महसुस भएको भान गराउने र सरकारमा रहँदा मानव अधिकाकारको विषयलाई घाँडो सम्झने व्यवहार अद्यापि कायम छ। मानव अधिकार आयोग ऐन, २०५३ लाई खारेज गरी हाल कार्यान्वयनमा रहेको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा केही सीमित राम्रा व्यवस्था भए पनि आयोगको स्वतन्त्रता विरुद्धका थुप्रै छिद्रहरू राख्न विशेष स्वार्थ भएको समूह सफल भएको छ। आयोग कानुनी हैसियतमा रहँदाभन्दा संवैधानिक हैसियतमा पूर्णत: स्वायत्त र स्वतन्त्रत भएको भनी किटानी गर्न सकिने अवस्था छैन। त्यसैले आयोग स्थापनाको लागि आफूलाई समर्पित गर्नुहुने सम्पूर्ण व्यक्ति तथा सङ्घसंथाहरू समेत यसको वास्तविक स्वायत्तता र स्वतन्त्रताको लागि वि.सं. २०४८ र वि.सं. २०६४ सालमा झैँ ढोल र दमाहा अनि झ्याम्टा लिएर सडकमा आउनुपर्ने आवश्यकताको अन्त्य भएको छैन।

नेपाली मानवअधिकारको इतिहासमा नेपालको राष्ट्रिय मानव अधिकार आयोग गणतान्त्रिक शासन व्यवस्थामा दुई पटक पदाधिकारीविहीन हुन पुगेको, कालो अक्षरमा लेखिने निश्चित भइसकेको छ। यो अवस्था नेपालका प्रमुख राजनीतिक दलहरूको अक्षमताको कारण नै आएको हो। यस्ता कार्यले आयोगको स्वतन्त्रता र स्वायत्ततामा अझ गम्भीर असर नपर्ला भन्न सकिने अवस्था पनि छैन। यसै अवधिमा हाल राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारीविहीन अवस्थामा गुज्रिरहेको सन्दर्भ र व्यवस्थापिका संसद् पनि नभएको अवस्थामा ऐनलाई तत्काल पेरिस सिद्धान्त बमोजिम बनाउन सकिने अवस्था पनि छैन। तर पनि एक व्यक्तिले पनि समाज परिवर्तन गरेका थुप्रै उदाहरणको बीचमा आयोगमा अब नियुक्त भएर आउने पदाधिकारी स्वतन्त्र, निष्पक्ष, योग्य, सक्षम र कम्तिमा पनि आफ्नो जीवनकालमा मानव अधिकारपीडित व्यक्तिको घरसम्म एकपटक मात्र भएपनि पुगेको हुन सकेमा यसको व्यवहारिक स्वायत्तता र स्वतन्त्रतामा योगदान पुग्ने निश्चित छ। निवर्तमान आयोगका केही पदाधिकारीहरू विल्कुल मानव अधिकारको क्षेत्रभन्दा बाहिरबाट नियुक्त गरिनुको परिणाम आयोग करिब ५ वर्ष पुन: प्रसव वेदनामा रहन बाध्य भएको थियो। यस सन्दर्भलाई अब आयोगमा पदाधिकारी नियुक्त गर्ने निकायले गम्भीर भएर सोच्नु आवश्यक छ। कुनै दल वा व्यक्ति विशेषको आग्रह र पूर्वाग्रहमा पदाधिकारी नियुक्त गर्ने कार्य भएमा आयोगको स्वतन्त्रता र स्वायत्तताको विषय पुन: कमजोर हुने निश्चित छ। आयोगको कार्य प्रकृतिको आधारमा यसै क्षेत्रको व्यक्ति आयोगको नेतृत्वमा आउनु आवश्यक छ। अन्य सरकारी निकायबाट अवकाश पाएको व्यक्तिले वास्तविक रूपमा आयोगको नेतृत्व प्रभावकारी रूपमा गर्न नसकेको यथार्थतामा पेशागत व्यावसायिक, मानव अधिकारप्रति जानकार र प्रतिबद्ध व्यक्तिलाई अब नियुक्त गरिने पदाधिकारीमा राख्न सकेमामात्र पनि केही हदसम्म यसको स्वायत्तता र स्वतन्त्रता बचाउन सक्ने देखिन्छ। राज्यको उच्च ओहोदामा रहेर खुला रूपमा आयोगको विरुद्ध सक्रिय व्यक्तिलाई आयोगको नेतृत्वमा अवसर दिने हो भने यस संवैधानिक आयोगको स्वतन्त्रता र स्वायत्तता अझ कमजोर हुने निश्चित छ। त्यसैले सबैको खबरदारी नभएमा संवैधानिकताको नाममा आगामी दिनमा र आगामी संविधानमा पनि आयोगले आफ्नो स्वायत्तता र स्वतन्त्रता गुमाउँदै जाने प्राय: निश्चित छ।

आयोग तथा मानव अधिकार संस्थाहरू आवाज विहीनहरूको आवाज हो। शक्तिहीनहरूको शक्ति हो। सभासद्हरू सिद्धान्तत: आफ्नो आवाज र शक्ति दुवै भएको समूह र शक्ति हो। उनीहरूले वास्तविक रूपमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि आफ्नो आवाजलाई सन्तुलन गर्न नसक्ने आशङ्का पनि विगतको अनुभवबाट देखिएको छ। त्यसैले आवाज विहीनहरूको आवाज र शक्तिहीनहरूको शक्तिलाई साथ दिने स्वतन्त्र, स्वायत्त र प्रभावकारी संस्था आगामी दिनमा नहुनपनि सक्ने कुरालाई इन्कार गर्न सकिने अवस्था अहिले पनि छैन। आयोग स्थापनाका प्रत्याभूत स्वतन्त्रता र स्वायत्तता नगुम्ला भन्न सकिने अवस्था छैन। यसको निश्चितताका लागि नागरिक खबरदारी आवश्यक छ।

अन्त्यमा, आयोगलाई संवैधानिक नाम दिई हरेक किसिमबाट कमजोर पार्ने कार्य भइरहेको छ। यस अवस्थामा संवैधानिक आयोगलाई वास्तविक रूपमा संवैधानिक, अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुकुल हुने गरी स्वतन्त्र, स्वायत्त र प्रभावकारी बनाउनको लागि विशेषत: मानव अधिकारकर्मीहरू, मानव अधिकारप्रेमी सभासद्हरूलगायत सम्पूर्ण सचेत नागरिकहरूको विशेष पहल आवश्यक छ। स्वायत्तता र स्वतन्त्रतालाई खोस्ने क्रममा पेरिस सिद्धान्तलाई पूरै वेवास्ता गर्ने कार्यमा नागरिक खबरदारी आवश्यक छ। आयोगलाई जन्माउन प्रसव पीडा सहनु भएका महानुभावहरूले आज पनि निरन्तर आयोगको स्वायत्तता र स्वतन्त्रताका लागि निरन्तर ढोल र दमाहा बजाइरहनु आवश्यक भएको छ। निरन्तर खबरदारी नभएमा संवैधानिकताको नाममा आयोग अहिलेको अवस्थामा पनि स्वतन्त्र र स्वायत्त नरहने निश्चित छ। त्यसैले आयोगलाई वास्तविक रूपमा संवैधानिक, अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुकूल हुने गरी स्वतन्त्र, स्वायत्त र प्रभावकारी बनाउनको लागि अधिकारकर्मीहरू, सभासद्हरू लगायत सम्पूर्ण सचेत नागरिकहरूको विशेष पहल आवश्यक छ। यस कार्यमा हामी सबै जुटौं।

# खाद्य सुरक्षामा नेपालका चुनौती

**व्यवहारिक कार्यान्वयनमा चुनौती रहे पनि खाद्य सुरक्षा सम्बन्धमा भारतद्वारा चालिएको यो कदम खाद्य अधिकार सुनिश्चितताका लागि ऐतिहासिक फड्को हो। विश्व खाद्य कार्यक्रमका अनुसार संसारका हरेक सात मानिसमध्ये एक जना भोको पेटले विछ्यौनामा जान बाध्य छन्। अर्को एक तथ्याङ्कअनुसार भारतका हरेक चार नागरिकमध्ये एक जना खाद्य अभावमा छन्। खाद्य अभाव र गरिबीबाट ग्रसित संसारको कूल जनसङ्ख्यामध्ये २५ प्रतिशत हिस्साको प्रतिनिधित्व गर्ने भारत अति खाद्य जोखिम भएका संसारका २० राष्ट्रभित्र पर्दछ। सेभ द चिल्ड्रेनका अनुसार संसारका १० करोड कुपोषित बच्चाहरूमध्ये सबैभन्दा बढी भारतमा छन्। भारत सरकारकै तथ्याङ्कअनुसार देशमा पाँच वर्षभन्दा तलका ४३ प्रतिशत बालबालिका कुपोषित छन्। १५ देखि ४९ वर्षका गर्भवती महिलामध्ये ५० प्रतिशतमा रक्तअल्पता छ।**



**बालकृष्ण बस्नेत**

दशैं तथा अन्य राष्ट्रिय चाडपर्वका बेला नेपालमा खाद्य संस्थानले दिने केही केजी सहुलियत चामलका लागि कर्णालीलगायत दुर्गमका बासिन्दा खाद्य डिपो अगाडि लाइन लाग्दै गर्दा छिमेकी मुलुक भारतले खाद्य अधिकारसम्बन्धी एक महत्वकाङ्क्षी र महत्वपूर्ण विधेयक पारित गऱ्यो। सम्भवत संसारकै ठूलो र पहिलो खाद्य सुरक्षा कानुन भनिएको यो कानुन कार्यान्वयन गर्नु भारतकै लागि चुनौती भएको टिप्पणी गरिए पनि खाद्य अधिकारको सुरक्षाका सन्दर्भमा ठूलो फड्को हो। यसले विश्वका अरु मुलुकलाई पनि आफ्नो देशका गरीब र गरीबीका बारेमा सोच्न अभिप्रेरित गराउने विश्वास गर्न सकिन्छ। भारतको यो निर्णयले नेपाललाई पनि चुनौती थपिने देखिन्छ। भारतसँग वस्तु आयात निर्यात(खासगरी कृषिजन्य खाद्य वस्तु) मा निर्भर रहेको नेपालका लागि नीतिगत रूपमा यसले केही कदम चाल्न अभिप्रेरणा भने दिने छ।

लामो विवाद, छलफल र विरोधका वावजुद आएको उक्त विधेयकले भारतको कूल जनसङ्ख्याको ६७ प्रतिशत (८२ करोड) जनतालाई सस्तो मूल्यमा खाद्यान्न उपलब्ध गराउने सुनिश्चत  गरेको छ। यस कानुन अनुसार ग्रामीण क्षेत्रका ७५ र शहरका ५० प्रतिशत जनताले हरेक महिना प्रति व्यक्ति पाँच किलोको दरले सहुलियत दरमा चामल, गहुँ र कोदो पाउने छन्। कानुन लागु भएपछि तीन वर्षसम्म मूल्यमा हेरफेर गर्न नपाउने गरी चामलको प्रति केजी तीन, गहुँको दुई र कोदोको एक रुपियाँ मूल्य निर्धारण गरिएको छ।

भोकमरी र कुपषोण अन्त्य गर्ने मुख्य लक्ष्य बताइएको संसारकै ठूलो खाद्य सुरक्षासम्बन्धी यस कार्यक्रमका निम्ति भारतलाई वार्षिक ६ सय २० लाख टन खाद्यान्न आवश्यक पर्नेछ। यसका लागि १ लाख २४ हजार ७ सय २३ करोड भारतीय रुपियाँ वार्षिक खर्च हुने सरकारी अनुमान छ। रोयटर्सका स्तम्भकार एन्डी मुखर्जीले २२ विलिएन डलर वार्षिक खर्चको प्रक्षेपण गरेका छन्।बीबीसी हिन्दी अनलाइनका अनुसार यतिबेला भारतसँग ७ सय लाख टन खाद्यान्न भण्डारण छ।

विधेयकमा गर्भवती महिलालाई मासिक ६ हजार भत्ता, सुत्केरी र स्तनपान गराउने आमालाई नि:शुल्क पौष्टिक आहार, शिशुलाई पौष्टिक आहार साथै स्याहार केन्द्र, ६ वर्ष माथि र १४ वर्षमुनिका बालबालिकाका लागि स्कुलमै पौष्टिक आहारको व्यवस्था गर्ने लगायतका प्रावधान पनि छन्। कानुनद्वारा प्रदत्त अधिकारको उल्लङ्घन भएमा उजुरी गर्ने र सम्बन्धित सरकारी अधिकारीलाई कारबाही गर्ने संयन्त्रको पनि व्यवस्था गरिएको छ। राज्य सरकारले सहुलियत मूल्यको खाद्यान्न उपलब्ध गराउन नसके खाद्य सुरक्षा भत्ता दिनुपर्नेछ। विधेयकले महिला सशक्तीकरणको मुद्दालाई प्राथमिकतामा राख्दै रासन सहुलियत कार्ड परिवारको जेष्ठ महिला सदस्यलाई घरमुली मानेर महिलाको नाममा बनाउने व्यवस्था गरेको छ।

कार्यक्रमप्रति असहमति राख्नेहरूले कानुनलाई चुनावी स्टन्ट भन्दै आयात र आर्थिक भार बढाउने, भ्रष्टाचार र अनियमितता बढाउने, घरबारविहीन लाखौं गरीब जनताप्रति न्याय गर्न नसक्ने, यसअघिको सार्वजनिक वितरण प्रणाली (पीडीएस)को परिमार्जित रूप लगायतका आरोप लगाए पनि भारतीय काङग्रेसकी अध्यक्ष सोनिया गान्धीले कुपोषण र भोकमरी अन्त्य गर्न यसलाई सम्भव बनाउनै पर्ने बताएकी छन्।

व्यवहारिक कार्यान्वयनमा चुनौती रहे पनि खाद्य सुरक्षा सम्बन्धमा भारतद्वारा चालिएको यो कदम खाद्य अधिकार सुनिश्चितताका लागि ऐतिहासिक फड्को हो। विश्व खाद्य कार्यक्रमका अनुसार संसारका हरेक सात मानिसमध्ये एक जना भोको पेटले विछ्यौनामा जान बाध्य छन्। अर्को एक तथ्याङ्कअनुसार भारतका हरेक चार नागरिकमध्ये एक जना खाद्य अभावमा छन्। खाद्य अभाव र गरिबीबाट ग्रसित संसारको कूल जनसङ्ख्यामध्ये २५ प्रतिशत हिस्साको प्रतिनिधित्व गर्ने भारत अति खाद्य जोखिम भएका संसारका २० राष्ट्रभित्र पर्दछ। सेभ द चिल्ड्रेनका अनुसार संसारका १० करोड कुपोषित बच्चाहरूमध्ये सबैभन्दा बढी भारतमा छन्। भारत सरकारकै तथ्याङ्कअनुसार देशमा पाँच वर्षभन्दा तलका ४३ प्रतिशत बालबालिका कुपोषित छन्। १५ देखि ४९ वर्षका गर्भवती महिलामध्ये ५० प्रतिशतमा रक्तअल्पता छ।

भारतले यो महत्वकाङ्क्षी कानुन पारित गर्दै गर्दा नेपाल सरकार भने दैनिक खाना खान ५२ रुपियाँ भए पुग्ने हचुवा आँकलनसहित गरीब परिचयपत्र बाँड्ने तयारीमा छ। औसतमा ११ जना नेपालीले दैनिक आत्महत्या गरिरहँदा गरिबीका कारण आत्महत्या गर्ने कति छन् भनेर जान्ने चेष्टा सरकारले गरेको छैन। भूमिहीन, सुकुमवासी, मुक्तकमैया, हलियाप्रति राज्यले प्रभावकारी कार्यक्रम र योजनाहरू प्रस्तुत गर्न सकेको छैन। बढ्दो भूमिहीनता, अव्यवस्थित शहरीकरण, खेतीयोग्य जमिनको अतिक्रमण,विश्वव्यापी जलवायु परिवर्तन, भूमिको उत्पादन शक्तिमा ह्रास, स्तरहीन रसायनिक मलको प्रयोग, खडेरी, अतिवृष्टि, अनावृष्टि, सिँचाइको अभाव,

युवाहरूको विदेश पलायन, खेती बाँझो राख्ने प्रवृत्ति, भूमिको असमान वितरण, प्राकृतिक प्रकोप आदिले पनि खाद्य उत्पादन घट्दो छ। अन्तर्राष्ट्रिय प्रकृति संरक्षणसङ्घ (आइयूसीएन) को अध्ययनले चुरे भावरक्षेत्रमा भएको मानवीय अतिक्रमण, तीब्र वनविनास र जलवायु परिवर्तनले देशको ११प्रतिशत भू-भाग रुख विरुवा पनि उम्रन नसक्ने गरी मरुभूमि बनिसकेको बताएको छ। नियन्त्रण गर्न नसके थप २० प्रतिशत भूमि मरुभूमि बन्ने खतरामा रहेको उसको अध्ययनमा छ।

संसारमा खाद्यान्न जोखिममा रहेका देशमध्ये नेपाल अग्रसूचीमा छ। खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार नेपालका २ करोड ६४ लाख जनसङ्ख्यामध्ये करिब ४५ लाख जनता खाद्य जोखिममा छन्। ग्लोबल हङ्गर इन्डेक्स, २०१२ का अनुसार नेपाल संसारका ७९ मुलुकमध्ये ६० औं स्थानमा छ। यो अघिल्लो वर्षको भन्दा छ अङ्क तल हो। ग्लोबल फुड सेक्युरिटी इन्डेक्स २०१२ अनुसार संसारका १ सय ५ देशमध्ये नेपाल ७९ औं स्थानमा छ। अक्सफाम र साउथ एसिया वाच इन ट्रेड, इकोनोमिक एण्ड इनभ्यारोमेन्ट ( सावती) को सर्भेअनुसार संसारका १ अरब र दक्षिण एसियामा ४० करोड तथा नेपालमा ३४ लाख ८० हजार मानिसहरूले दुई छाक भरपेट खान पाएका छैनन्। सरकारी तथ्याङ्क अनुसार पाँच वर्ष मुनिका ५० प्रतिशत बालबालिका कम उचाईका छन् भने ३८ प्रतिशत बालबालिका कम तौलका छन्। मध्य र सुदूर पश्चिमका ५० प्रतिशत बालबालिका कम तौलका छन्। सरकारी आँकडाअनुसार नै हाल देशका ७५ मध्ये २७ जिल्ला खाद्यमा आत्मनिर्भर छैनन्। यस्ता जिल्लामध्ये १७ जिल्ला मध्य र सुदूर पश्चिममा पर्छन्।

भारतको खाद्यसुरक्षासम्बन्धी कानुन प्रयोगमा आएसँगै त्यसको सिधा प्रभाव नेपालमा पर्नेछ। नेपालले खाद्यान्न आयात गर्ने एक मुख्य स्रोत मुलुक भारत हो। नेपालका करिब ६५ प्रतिशत व्यापार भारतमाथि निर्भर छ। भारतमा ६७ प्रतिशत जनतालाई सहुलियतमा खाद्यान्न बाँडन सुरु गरेसँगै उसलाई आन्तरिक खाद्यान्न आपूर्तिको भार थपिने छ। यसबाट नेपाल निर्यात हुने खाद्यान्नको परिमाणमा कमी आउने वा मूल्यमा उतारचढाव हुने सम्भावना बढ्ने छ। सरकारी तथ्याङ्कले नेपाललाई पुग्ने खाद्यान्न उत्पादन भएको देखाए पनि व्यवहारमा खाद्यान्न आयात नगरी नेपाली माग धानिने अवस्था छैन। अर्कोतर्फ भारतको बढ्दो जनसङ्ख्यासँगै खाद्यान्नको माग बढ्दै जानेछ भने फैलँदो मरुभूमिकरण, शहरीकरण, कृषिप्रतिको अरुचि, सीमित खेतीयोग्य भूमि आदिको कारणले लक्ष्यमुखी उत्पादन गर्न नसकेको भारतमा नेपालको तराईमा उत्पादन हुने खाद्यान्न विचौलियाहरूले सजिलै सस्तो मूल्यमा पुऱ्याउने र पुन: त्यो महँगिएर नेपाल भित्रने क्रम झनै बढ्ने छ।

भारत नेपालको भौगोलिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिकलगायत धेरै कारणले सबैभन्दा नजिकको छिमेकी हो। त्यहाँ हुने राम्रा नराम्रा सबै खाले नीतिको सिधा असर नेपालमा पर्छ। तसर्थ खाद्य सुरक्षासम्बन्धी यस कार्यक्रमले नेपालमा पनि खाद्य सुरक्षाको लागि कानुन निर्माणमा नैतिक दबाब सृजना गर्नेछ। अर्कोतर्फ भारतको आर्थिक सम्बृद्धिमा नेपालका स्वार्थहरू जोडिएका हुन्छन्। सङ्ख्यात्मक रूपमा विश्वमा सबैभन्दा धेरै जोगी, माग्ने र भिखारीहरू भएको मुलुक हो भारत। तसर्थ भारतले आफ्नो गरिबीलाई सम्बोधन गर्न सकेमा बर्सेनी नेपालको तराई क्षेत्रमा भारतबाट हुने बसाईसराई केही कम हुनसक्छ। नेपालले खाद्यान्न निर्यातकर्ताको हैसियत बनाउन सकेमा भारत उपयुक्त बजार हुनेछ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ (३) ले खाद्य सम्प्रभुतालाई मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ। नेपाल संयुक्त राष्ट्रसङ्घको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र हो। यस महासन्धिको धारा ११ ले भोक विरुद्धको अधिकारलाई आधारभूत मानवअधिकार भनेको छ। नेपाल पक्ष राष्ट्र भएका महासन्धिले सृजना गरेको दायित्व नेपाल सरकारलाई घरेलु कानुनसरह लागु हुन्छ। घरेलु कानुनसँग बाझिएको खण्डमा महासन्धिको प्रावधान लागु हुने व्यवस्था नेपालको सन्धि ऐन, २०४७ ले गरेको छ। त्यस्तै मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले पनि खाद्य अधिकारलाई मानवअधिकार भनी उल्लेख गरेको छ।

नेपालको सर्वोच्च अदालतले पाँच वर्ष अघि नै यस सम्बन्धमा परेको एक रिटको सुनवाइ गर्दै खाद्य अधिकारलाई सम्मानितरूपमा बाँच्न पाउने अधिकार वा जीवनको अधिकारसँग जोड्दै नेपालको कुनै पनि भागमा कुनै पनि कारणले खाद्यान्न अभाव हुन नदिनु राज्यको दायित्व भएको बताएको छ। अन्तरिम संविधानले खाद्यान्नको अधिकार वा भोकबाट मुक्तिलाई मौलिक अधिकार भनी कुनै धाराले नभने पनि धारा १२ (१)ले सबै नागरिकलाई सम्मानपूर्ववक बाँच्नपाउने हकलाई मौलिक हकको भनी उल्लेख गरेको हुँदा खाद्य अधिकार प्रत्येक नागरिकको अधिकार भन्दै सबै नागरिकलाई भोकमरीबाट बचाउन आवश्यक व्यवस्था गराउनु भनी सरकारको नाममा सर्वोच्चले निर्देशनात्मक आदेश जारी गरेको छ।

संविधानत: मौलिक अधिकारको रूपमा खाद्य अधिकारलाई उल्लेख गर्ने संसारका अति कम राष्ट्रमध्ये नेपाल पनि एक हो।यद्यपि यससम्बन्धमा आवश्यक कानुन तथा नियमावलीको निर्माण हुन नसक्दा यसको व्यवहारिक पक्ष फितलो छ। वि.स. २०२७ देखि कर्णाली लगायतका जिल्लामा सहुलियतमा चामल बाँढ्न थालेको नेपाल खाद्य संस्थानले ४३ वर्षसम्म यही कामलाई निरन्तरता दिइरहेको छ। तर, यसका कमीकमजोरी सच्याउने तर्फ ध्यान दिएको छैन। अर्कोतर्फ खाद्य संस्थानले दिँदै आएको यो सहुलियत सुविधा मात्र हो अधिकार हैन। जबसम्म यसलाई कानुनी हैसियत दिएर अधिकारको रूपमा स्थापित गर्न तथा नियमन गर्न सकिँदैन, त्यसको अर्थ हुँदैन। चामल बाँडेर भोकमरी समस्याको दीर्घकालीन समाधान हुँदैन। तर, यस सम्बन्धमा दीर्घकालीन नीति बनाई सहुलियत दरमा खाद्यान्न बाँड्न, वितरण प्रक्रियालाई व्यवस्थित गर्न, तराई जिल्लाका गरीबहरूलाईसमेत सम्बोधन गर्नका लागि कानुन आवश्यक छ। नेपालमा भोकमरीलाई अन्त्य गरी खाद्य अधिकार सुनिश्चित गर्नका निम्ति सम्बोधन गर्नुपर्ने अन्य थुप्रै सवालहरू छन्। अधिकारमुखी कानुनका साथै उत्पादनमुखी नीति नियम मूलत: यसका आवश्यक तत्व हुन्। जसका लागि सरकारको इच्छाशक्ति आवश्यक छ।

सबै कानुनहरू हैसियत भएपछि मात्र निर्माण हुँदैनन्। कतिपय कानुन राज्यलाई जिम्मेवार बनाउन र हैसियत निर्माणका निम्ति दवाव सृजना गर्न प्रगतिशील इच्छाशक्तिसहित निर्माण हुन्छन्। तसर्थ नेपालले पनि अन्तरिम संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि महासन्धिको सम्मान गर्दै साथै छिमेकी देशको अभ्यासलाई समेत आत्मसात गरी कानुन रूपमा नै भोक विरुद्धको अधिकारलाई प्रत्याभूत गर्नु आवश्यक छ।

***(इन्सेकका प्रलेख अधिकृत बस्नेत खाद्य अधिकार र कानुन विषयमा अमेरिकास्थित कोलम्बिया विश्वविद्यालयमा अध्ययनरत छन्।)***
**basnetbkb@gmail.com**

# नेपालमा मानवअधिकार रक्षकको अवस्था, भूमिका र चनौती

**मानवअधिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा विश्वव्यापीरूपमा संरक्षित हुन्छ । मानवअधिकार कानुनले राज्यलाई व्यक्तिको अधिकारमा हस्तक्षेप गर्न वा उल्लङ्घन गर्न रोक लगाउनुको साथै कसैद्वारा उल्लङ्घन भएको खण्डमा संरक्षण गर्ने व्यवस्था गरेको हुन्छ। संयुक्त राष्ट्रसङ्घको स्थापनापछि मानवअधिकारको विषयमा ठूलो प्रगति भएको पाइन्छ। मानवअधिकार कानुन अन्तर्राष्ट्रिय कानुनको एउटा महत्वपूर्ण शाखाको रूपमा विकसित भइरहेको छ। यसबाट कुनै पनि देशमा भएको मानवअधिकार हननका घटनाहरू अन्तर्राष्ट्रिय चासोको विषय बन्न थालेका छन्।**



**बासुदेव बजगाईं**

**१. परिचय**

मानिसले मानिस भएकै कारण जन्मसिद्धरूपमा प्राप्त गर्ने अधिकारहरूनै मानवअधिकार हुन्। मानवअधिकार मानिसको जीवन, मर्यादा, स्वतन्त्रता र स्वाभिमानसँग सम्बन्धित छन्। यी अधिकारहरू मानव अस्तित्वसँगै स्वत: प्राप्त हुने अधिकारहरू भएको हुनाले मानवअधिकार विश्व मानव समुदायका हरेक मानिसले समानरूपमा प्राप्त गर्छन्। यी अधिकारहरू धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य कुनै पनि आधारमा बिनाभेदभाव प्राप्त हुन्छन्। यिनै अधिकारहरूको संरक्षणका लागि मानिस व्यक्तिबाट परिवार र समाज हुँदै राज्यको रूपमा सङ्गठित भएको हो। राज्य स्थापनाको प्रमुख उद्देश्य नै मानवअधिकारको संरक्षण एवम् प्रवर्धन गर्नु हो।

मानवअधिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा विश्वव्यापीरूपमा संरक्षित हुन्छ । मानवअधिकार कानुनले राज्यलाई व्यक्तिको अधिकारमा हस्तक्षेप गर्न वा उल्लङ्घन गर्न रोक लगाउनुको साथै कसैद्वारा उल्लङ्घन भएको खण्डमा संरक्षण गर्ने व्यवस्था गरेको हुन्छ। संयुक्त राष्ट्रसङ्घको स्थापनापछि मानवअधिकारको विषयमा ठूलो प्रगति भएको पाइन्छ। मानवअधिकार कानुन अन्तर्राष्ट्रिय कानुनको एउटा महत्वपूर्ण शाखाको रूपमा विकसित भइरहेको छ। यसबाट कुनै पनि देशमा भएको मानवअधिकार हननका घटनाहरू अन्तर्राष्ट्रिय चासोको विषय बन्न थालेका छन्।

यसरी मानवअधिकारको संरक्षण र प्रवर्धन गर्ने राज्यको भूमिकामा सहयोग गर्न र उसले आफ्नो दायित्व पूरा गरे नगरेको बारेमा अनुगमन गर्न मानवअधिकार रक्षकहरूको महत्वपूर्ण भूमिका रही आएको छ। विश्वव्यापी रूपमामानवअधिकार रक्षकहरूले व्यक्तिगत वा संस्थागत रूपमा गरेको योगदानको कदर गर्दै सन् १९९८ मा संयुक्त राष्ट्रसङ्घले मानवअधिकार रक्षकहरूको घोषणापत्र पारित गरेपछि मानवअधिकार रक्षकहरूको काम, र्कतव्य र अधिकारको बारेमा थप स्पष्टता आएको छ। उक्त घोषणापत्रले मानवअधिकाररक्षकहरूको परिभाषा गरेको छ जसले यसको व्यापक्तालाई आत्मसात गरेको छ। उक्त घोषणापत्रले गरेको परिभाषामा मानवअधिकार रक्षक भन्नाले व्यक्ति वा समूह वा संस्थालाई जनाउँछ जो एक्लै वा एक अर्कासँग मिलेर शान्तिपूर्ण रूपमा मानवअधिकार संरक्षण र प्रवद्धर्धनका लागि कार्य गर्दछन्। यसैसँग मिल्दोजुल्दो परिभाषा राष्ट्रिय मानवअधिकार आयोगले जारी गरेको मानवअधिकार रक्षकहरूको मार्ग निर्देशिका, २०६९ मा गरिएको छ। जसमा भनिएको छ "मानवअधिकार रक्षक भन्नाले व्यक्तिगतरूपमा,समूहमा वा संस्थागत रूपमा मानवअधिकारको सम्वर्द्धन, संरक्षण, सम्मान तथा पालना सम्बन्धीकाममा संलग्न व्यक्ति सम्झनु पर्दछ। सो शब्दले पूर्णकालीन वा आंशिकरूपमा वैतनिक वा अवैतनिक रूपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँछ"। यी परिभाषाहरूबाट मानवअधिकार संरक्षण र प्रवर्धनमा शान्तिपूर्ण रूपमा काम गर्ने व्यक्ति समूह वा संस्था नै मानवअधिकार रक्षक हुन् भन्ने बुझिन्छ।

**२. मानवअधिकार रक्षकका कामहरू**

मानवअधिकार रक्षकहरूले सबैका निम्ति सबै मानवअधिकारको अवधारणामा आधारित भइ कार्य गर्दछन्। यसको अर्थ जुनसुकै वर्ग, लिङ्ग, उमेर, जातजाति, भाषा, धर्म वा भौगोलिक र सामाजिक अवस्थितिका मानिसहरूको आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूतिको निमित्त कार्य गर्नु भन्ने बुझिन्छ। चाहे शान्तिपूर्ण अवस्था होस् चाहे सशस्त्र द्वन्द्व वा प्राकृतिक प्रकोप वा अन्य कुनै प्रकारका विपद्को अवस्था नै किन नहोस् जुनसुकै अवस्थामा पनि मानवअधिकारको प्रत्याभूतिको लागि कार्य गर्नु उनीहरूको दायित्व अन्तर्गत पर्दछ। यसरी गरिने कार्यहरू प्रकृति र पहुँचको आधारमा स्थानीय वा राष्ट्रिय स्तरमा सीमित हुन पनि सक्दछन् वा क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्तरमा पनि गर्न सकिने हुन्छ।

खासगरी मानवअधिकार रक्षकहरूले पीडितहरूलाई सहयोग गर्न मानवअधिकारसम्बन्धी सूचनाहरूको सङ्कलन गर्ने र त्यसलाई सिफारिस वा

प्रकाशन वा अन्य कुनै तरिकाबाट प्रयोग गरी मानवअधिकारको अवस्थामा परिवर्तन ल्याउनको निमित्त कार्य गर्दछन्। राष्ट्रका निकायहरूलाई जबाफदेही बनाउन र दण्डहीनताको अन्त्य गर्न मानवअधिकार अनुगमन, अनुसन्धान एवम् वकालत गर्नु मानवअधिकार रक्षकहरूको अर्को काम हो।मानवअधिकार रक्षकहरूले राज्यका निकायहरूले गरेका मानवअधिकार हननका कार्यहरू र मानवअधिकारको क्षेत्रमा निभाउनुपर्ने दायित्व पूरा नगरेको कुरामा त्यस्ता निकायहरूको आलोचना मात्र गर्दैनन्। राज्यगत निकायबाट गरिने असल शासन र मानवअधिकारमुखी नीतिहरूमा सहयोग समेत पुऱ्याउँदछन्। मानवअधिकारका विभिन्न विषयहरूमा जनचेतना अभिवृद्धि गर्ने, मानवअधिकार शिक्षाको प्रवर्धन गर्ने तथा यस क्षेत्रमा क्षमता विकास गर्ने कुरामा विभिन्न गतिविधि सञ्चालन गरी योगदान पुऱ्याउनु मानवअधिकार रक्षकहरूको महत्वपूर्ण काम हो।

### ३. मानवअधिकार रक्षकहरूका अधिकारहरू

मानव अधिकार रक्षकहरू पहिले त मानव हुन् यस कारण मानवअधिकारका दस्तावेजहरूले प्रत्याभूति गरेका सबै अधिकारका उपभोक्ता पनि हुन्। यसको अलावा उनीहरूले अरुको अधिकारको निमित्त काम गर्ने हुनाले उनीहरूले प्राप्त गर्ने अधिकारलाई राज्यहरूले विशेष महत्व दिनु आवश्यक मानिएको छ। मानवअधिकारको निमित्त कार्य गर्न मानवअधिकार रक्षकहरूलाई नभइ नहुने केही अधिकारहरूलाई मानवअधिकार रक्षकहरूको घोषणापत्रमा समेट्ने प्रयास भएको पाइन्छ। जसलाई यसप्रकार उल्लेख गरिएको छ :

- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा एक्लै वा अरुसँग मिलेर मानवअधिकारसम्बन्धी काम गर्ने,
- संस्था बनाउने, संस्थामा सहभागी हुने, शान्तिपूर्ण रूपमा भेला हुनेतथा मानवअधिकार हनन् विरुद्ध शान्तिपूर्ण कार्यक्रमहरूको सञ्चालन गर्ने,
- मानव अधिकारसँग सम्बन्धित सूचना प्राप्त गर्ने,
- मानव अधिकारसँग सम्बन्धित नयाँ सोचहरूको विकास र वकालत गर्नेतथा मानवअधिकारको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वको बारेमा सार्वजनिक सुनुवाइ र बहस गर्ने,
- मानव अधिकार हननका विषयमा आलोचना गर्ने र सुधारको लागि सुझाव दिने तथा मानवअधिकार संरक्षणको लागि कानुनी परामर्श र सहायता दिने,
- मानव अधिकार हननका विषयमा उजुरी गर्ने तथा मानव अधिकार संरक्षणको लागि सरकारी नियकाहरूसँग सम्वाद गर्ने आदि।

### ४. नेपालमा मानवअधिकार रक्षकका अवसर र भूमिका

नेपाल विश्वका गरीब मुलुकहरूमध्ये एक हो। यहाँको सामाजिक संरचनामा वर्गीय, जातीय तथा लैङ्गिक विभेद व्यापकरूपमा पाइन्छ। एक दशक लामो सशस्त्र द्वन्द्व र त्यसपछिको सङ्क्रमणकालीन अवस्थाले सृजना गरेको मानवअधिकारको चुनौतीपूर्ण अवस्थामा न्यायको पर्खाइमा बसेका हजारौँ पीडितहरूको मानवअधिकारको संरक्षणको लागि धेरै काम गर्न बाँकी छ। मानवअधिकारका पाँच ओटा पक्षहरू आर्थिक अधिकार, सामाजिक अधिकार, साँस्कृतिक अधिकार र नागरिक तथा राजनीतिक अधिकारका हरेक पक्षहरूमा आमनागरिकहरूको पहुँच वृद्धि गर्न मानवअधिकार रक्षकहरूले सहजर्कर्ताको भूमिका निर्वाह गर्न सक्दछन्। अर्को अर्थमा भन्ने हो भने मानवअधिकार रक्षकहरूले र्कतव्यबाहक (सेवा प्रदायक निकायहरू) र अधिकारबाहक (आम जनता तथा पीडितहरू) को बीचमा सेतुको काम गरी मानवअधिकार संरक्षणमा सहर्कर्ताको भूमिका निर्वाह गर्न सक्दछन्। सशस्त्र द्वन्द्व तथा अस्थिर राजनीतिक अवस्थाले नागरिक तथा राजनीतिक अधिकारहरू बढी मात्रामा हनन् भइरहेको कारण नेपाली मानवअधिकार रक्षकहरू बढी मात्रामा नागरिक तथा राजनीतिक अधिकारतर्फ केन्द्रित भएको र आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारहरू अझै पनि ओझेलमा परेको पाइन्छ। यसकारण जनताका खाद्य अधिकार, आवासको अधिकार, स्वास्थ्य तथा शिक्षा र रोजगारीको अधिकार जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई समेत मानवअधिकारका महत्वपूर्ण मुद्दाको रूपमा लिएर अगाडि जानु पर्ने आवश्यक्ता रहेको छ ।

सशस्त्र द्वन्द्वमा पीडित भएका व्यक्तिहरूलाई सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूमार्फत न्याय, हानिपूरण र आत्मसम्मानको अभिवृद्धि गर्दै समाजमा मेलमिलापको वातावरण कायम गरी सशस्त्र द्वन्द्वका तुषहरूलाई मेटेर दिगो शान्ति कायम गर्न मानवअधिकार रक्षकहरूको भूमिका अपरिहार्य छ। यसैगरी मानवअधिकारमैत्री संविधान निर्माण गर्न आवश्यक्ताअनुसार सहयोगी तथा दवाव समूहको रूपमा कार्य गर्न त्यतिकै आवश्यक देखिएको छ। गैरन्यायिक हत्या, यातना, गैरकानुनी थुना जस्ता नागरिक अधिकारहरूको संरक्षण तथा जिम्मेवार र समावेशी राजनीतिक प्रणालीको निर्माण गर्न मानवअधिकार रक्षकहरूको भूमिका उतिकै जरुरी छ।

समाजमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, बालबालिका, ज्येष्ठ नागरिक, तेस्रो लिङ्गी, अल्पसङ्ख्यक तथा अन्य पिछडिएको क्षेत्र र भेदभावमा परेका समुदायहरूमा आर्थिक, सामाजिक तथा साँस्कृतिक र नागरिक तथा राजनीतिक अधिकारहरूको उपभोगमा पहुँच वृद्धिको निमित्त सशक्तीकरण, वकालत तथा जनचेतनामूलक कार्यक्रमहरूको सञ्चालन गर्नु उतिकै आवश्यक छ जुन् कुरा राज्यका निकाय तथा मानवअधिकार रक्षकहरूको सहकार्यबाट मात्र सम्भव हुन सक्दछ।

सुशासन तथा जवाफदेही शासनपद्धतिको अभाव नेपालको अर्को मानवअधिकारको समस्याको रूपमा रहेको छ। भ्रष्टाचारले गर्दा जनताका आर्थिक तथा सामाजिक अधिकारहरू कुण्ठित भइरहेका छन्। ट्रान्सपरेन्सी इन्टरनेशनलको प्रतिवेदन अनुसार पनि नेपाल विश्वका अत्यधिक भ्रष्टाचार हुने मुलुकहरूमध्येमा पर्दछ। उसको भ्रष्टाचारसम्बन्धी अनुसूचि २०१२ मा नेपाल ११९ औं स्थानमा रहेको थियो। मानवअधिकार रक्षकहरूले सुशासन स्थापना गर्न तथा भ्रष्टाचारको न्यूनीकरणको निमित्त थप वकालत र पैरवी गर्नुपर्ने आवश्यकता रहेको छ। मानवअधिकारमुखी विकास पद्धतिबाट नै आमनागरिकहरूको आर्थिक सामाजिक अधिकारहरूको उपभोग सुनिश्चित गर्न सकिने भएको कारण राज्यका निकायहरूलाई खास गरी राज्यका विषयगत निकायहरू र स्थानीय निकायहरूका विकासका योजनाहरूमा मानवअधिकारमुखी

विकास पद्धतिलाई समावेश गराउनको लागि मानवअधिकार रक्षकहरूको भूमिका अपरिहार्य देखिन्छ। नेपाल सरकारको मानवअधिकार राष्ट्रिय कार्यायोजनालगायतका मानवअधिकार सम्बन्धी कार्यायोजनाहरूको कार्यन्वयन, विश्वव्यापी आवधिक समीक्षाका सिफारिसहरू लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन जस्ता विषहरूमा अनुगमन गरी राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरूको कार्यन्वयनको अनुगमन गरी उसको दायित्वको बारेमा सचेत गराउने विषयमा समेत मानवअधिकार रक्षकहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्।

**५. नेपालमा मानवअधिकार रक्षकहरूको अवस्था**

नेपालमा मानवअधिकार रक्षकहरूको अवस्थासम्बन्धी तथ्यहरूलाई विश्लेषण गर्दा विशेष समय, स्थान र अवस्था र पहिचान अनुसार फरकफरक पाउन सकिन्छ। मानवअधिकार रक्षकहरूको अवस्थाको विश्लेषण गर्दा कम्तिमा सशस्त्र द्वन्द्व र यसपछिको संक्रमणकालीन अवस्थाको बारेमा चर्चा गर्नु आवश्यक हुन्छ।

विगतको एक दशक लामो सशस्त्र द्वन्द्वको समयमा मानवअधिकार रक्षकहरूको अवस्था विविध दृष्टिकोणबाट अत्यन्त चुनौतीपूर्ण रहेको थियो। अन्य नागरिकहरू जस्तै मानवअधिकार रक्षकहरूले बलपूर्वक बेपत्ता, अपहरण, हत्या, यातना तथा अमानवीय एवं अपमानजनक व्यवहारबाट पीडित हुनु परेको थियो यहाँ तथ्याङ्क राखिदिनु उपयुक्त हुन्छ । मानवअधिकारको क्षेत्रमा काम गरेको र मानवअधिकारका मुद्दाहरू उठान गरेको वा लेखेको आधारमा नै उनीहरूमाथि राज्य तथा गैरराज्य पक्ष दुवैको आक्रमण खप्नु परेको थियो। त्यस समयमा बलपूर्वक बेपत्ता पारिएका पत्रकार, कानुनव्यवसायी एवम् अन्य मानवअधिकार रक्षकहरूको अवस्था हालसम्म पनि सार्वजनिक भएको छैन यहाँ तथ्याङ्क राखिदिनु उपयुक्त हुन्छ । हत्या भएका मानवअधिकार रक्षकहरूका परिवारहरूले अझैसम्म न्याय पाउन सकेका छैनन्। यातनाबाट पीडित मानवअधिकार रक्षकहरूले राज्यबाट हालसम्म पनि कुनै राहत नै पाएका छन् नत दोषीलाई कारबाही गरिएको छ । यस सम्बन्धमा अदालतका आदेशहरूका साथै राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्था समेत चिन्ताजनक छ। सशस्त्र द्वन्द्वको समाप्ति भएको सात वर्ष बितिसक्दा पनि न्याय नपाएका मानवअधिकार रक्षकलगायत मानवअधिकार हननका पीडितहरू कठिन अवस्थाको सामना गर्दै न्यायको निमित्त लडिरहनु परेको अवस्था छ। विस्तृत शान्ति सम्झौता, २०६३ तथा नेपालको अन्तरिम संविधान, २०६३ ले सत्य निरूपण तथा मेलमिलाप आयोग र उच्चस्तरीय बेपत्ता छानबिन आयोग गठन गर्ने कुरा उल्लेख गरेको भए पनि राजनीतिक दलहरूले दोषीहरूलाई पूर्णरूपमा उन्मुक्ति दिने उपायहरूको खोजी गरिरहँदा यसको व्यापक आलोचना भएपछि सङ्क्रमणकालीन न्यायका उक्त संयन्त्रहरू बनाउने कार्यले पूर्णता पाउन सकेको छैन।

दोसो जनआन्दोलन २०६२/०६३ को क्रममा त मानवअधिकार रक्षकहरूले तत्कालीन राजाको प्रत्यक्ष शासनबाट ठूलो चुनौतीको सामना गर्नुपरेको थियो। अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने अधिकारलगायतका आधारभूत स्वतन्त्रताहरूलाई सङ्कटकालको नाममा कुण्ठित गरिएको थियो। पत्रकारलगायतका मानवअधिकार रक्षहरूलाई थुनछेक गर्ने, आक्रमण गर्ने र यातना दिने कार्य व्यापक मात्रामा भएको पाइएको थियो। यस समयमा राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूलाई समेत देशभित्र र बाहिर आवतजावत गर्न रोक लगाइएकोले मानवअधिकार रक्षकहरूको अधिकार कति मात्रामा कुण्ठित गरिएको थियो भन्ने कुरा सहजै बुझ्न सकिन्छ। मानवअधिकार, आधारभूत स्वतन्त्रता, लोक्तन्त्र, शान्ति र विधिको शासनको पक्षमा वकालत गर्ने ठूलो सङ्ख्याका मानवअधिकार रक्षकहरूलाई थुनछेक गर्ने, आवतजावतमा रोक लगाउने जस्ता कार्यहरू व्यापक मात्रामा भएको पाइएको थियो।

दोसो जनआन्दोलनको सफलता र सशस्त्र द्वन्द्वको समाप्तिपछि राज्यका निकायहरूबाट मानवअधिकार रक्षकहरूमाथि हुने आक्रमणका घटनाहरूमा कमी आएको भए पनि सङ्क्रमणकालीन अवस्थामा राज्यका संयन्त्रहरू अन्त्यन्त कमजोर भइ दण्डहीनताको अवस्था विद्यमान रहँदा मानवअधिकार रक्षकहरूको सुरक्षाको सवाल चुनौतीपूर्ण नै रहेको छ। खासगरी मानवअधिकार रक्षकहरूमाथि सुरक्षाकर्मी, राज्यका अधिकारीहरू, राजनीतिक दल तथा तिनका भातृ संगठनका कार्यर्त्ताहरूबाट हुँदै आएका हिंसाका घटनाहरूले मानवअधिकार रक्षकहरूको सुरक्षाको अवस्था अझै पनि चुनौतीपूर्ण हुने गरेको छ।

विशेषगरी मानवअधिकार रक्षकहरूले हत्या, यातना, बेपत्ता, गैरकानुनी थुना, यौनहिंसा लगायतका घटनाहरूबाट पीडितहरूको मानवअधिकारका मुद्दाहरू उठाउँदा तथा भ्रष्टाचार र जवाफदेहिताका विषयमा अभिव्यक्ति दिँदा बढी मात्रामा जोखिको सामना गर्नुपरेको छ। यस्तो अवस्थामा पीडकहरूले धम्की दिने, झुठा आरोप लगाउने, बदनाम गराउने र कतिपय अवस्थामा भौतिक आक्रमण गर्ने लगायतका कार्यहरू गरिएका तथ्यहरू प्रशस्तै छन्।

सशस्त्र द्वन्द्व पछाडि नेपालको दक्षिण तराई र पूर्वी पहाडमा कृयाशील सशस्त्र समूहहरूले धम्की दिने, अपहरण गर्ने, फिरौती माग्ने र हत्या नै गर्नेसम्मका कृयाकलापहरूबाट ती क्षेत्रमा कृयाशील मानवअधिकार रक्षकहरूले सुरक्षाको दृष्टिकोणबाट अत्यन्त चुनौतीपूर्ण अवस्थाको सामना गर्नु परिरहेको छ। साना हातहतियारको बिगबिगीले मानवअधिकार रक्षकहरूको सुरक्षामा चुनौती थपिदिएको छ।

मानवअधिकार रक्षकहरूले व्यहोर्नु परेको अन्य अवरोधहरूमा राज्यका निकायहरूबाट सहजरूपमा सूचना उपलब्ध नगराउने तथा उनीहरूले उठाएका मानवअधिकारका सवालहरूमा पर्याप्त सुनुवाइ नहुने कुराहरू रहेका छन्। देशमा विद्यमान दण्डहीनताको कहालीलाग्दो अवस्थाले मानवअधिकार रक्षकहरूलाई थप चुनौती सृजना गरेको छ। कसरी सिर्जना भयो भन्ने विषयमा केही वाक्य त चाहियो।

महिला, अपाङ्गता भएका, दलित, अल्पसङ्ख्यक तथा तेस्रो लिङ्गी समुदायका मानवअधिकार रक्षकहरूका थप चुनौतीहरू रहेका छन्। उनीहरूलाई अपमानित गर्ने, भेदभाव गर्ने एवं उनीहरूका आवाजहरूलाई कम महत्व दिने जस्ता कुराहरूले यस्ता जोखिमपूर्ण समुदायका मानवअधिकार रक्षकहरूले काममा प्रशस्त मात्रामा अवरोधहरूको सामना गर्नु परेको छ।

मानवअधिकार रक्षकहरू आफैंमा

पनि व्यवसायिक दक्षता, स्रोतसाधनको अभाव, परनिर्भरता, र आफूलाई निष्पक्ष बनाउन नसक्नु जस्ता कुराहरूले पनि उतिकै मात्रामा चुनौतिहरू थपिएका छन्। यसको अलावा पीडितहरूले मानवअधिकार रक्षकहरूप्रति बढी अपेक्षा राख्दछन् जसलाई पूरा गर्नु असम्भव जस्तै हुन्छ। यसले मानवअधिकार रक्षकहरूलाई चुनौतीलाई थपिदिएको छ। मानवअधिकारको क्षेत्रमा कृयाशील संस्थाहरू र व्यक्तिहरूबीच समन्वय एवम् सहकार्यको कमी तथा कतिपय अवस्थामा अस्वस्थ प्रतिस्पर्धालाई पनि मानवअधिकार रक्षकहरूको चुनौतीको रूपमा लिन सकिन्छ।

नेपालमा मानवअधिकार रक्षकहरूको अधिकार संरक्षण र प्रवर्धन सम्बन्धी छुट्टै संयन्त्र स्थापना गरिएको छैन। राज्यका विभिन्न निकायहरू, राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य मानवअधिकारसम्बन्धी संस्थाहरूले मानवअधिकार रक्षकहरूको अधिकार संरक्षण तथा क्षमता विकाससम्बन्धी कार्यहरू गरिरहेका छन्। अदालतहरूबाट पनि मानवअधिकार रक्षकहरूको अधिकार संरक्षणमा केही पहल भएका छन्। राष्ट्रिय मानवअधिकार अयोगले जारी गरेको मानवअधिकार रक्षकहरूको मार्गनिर्देशिका २०६९ मा मानवअधिकार रक्षकहरूको आचारसंहिता अनुगमन गर्नको लागि एउटा समिति गठन हुने कुरा उल्लेख गरिएको छ तर, हालसम्म यस्तो संयन्त्रको गठन हुन सकेको छैन। मानवअधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, १९९८ लाई कार्यान्वयन गर्ने उद्देश्यका साथ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायतका मानवअधिकारको क्षेत्रमा कृयाशील संस्थाहरूको पहलमा मानवअधिकार रक्षकहरूसम्बन्धी विधेयक मस्यौदा भएको छ तर उक्त कानुन हालसम्म पारित भएको छैन।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा नेपालको मानवअधिकार अवस्थाको विश्वव्यापी आवधिक समीक्षा सन् २०११ मा भएको थियो। उक्त समीक्षाको क्रममा नेपालमा मानवअधिकार रक्षकहरूको सुरक्षा अवस्था निकै चुनौतीपूर्ण रहेको भन्ने विषयमा छलफल भएको थियो। उक्त समीक्षाले नेपालका मानवअधिकार रक्षकहरूको सुरक्षाको लागि विशेष संयन्त्र बनाउन सिफारिस गरेकोमा नेपाल सरकारले उक्त सिफारिस कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको थियो तर हालसम्म पनि त्यसको कार्यान्वयन नभएको अवस्था छ। मानवअधिकार रक्षक सम्बन्धी संयुक्त राष्ट्रसङ्घमा विशेष समाधिक्षकले नेपालको औपचारिक भ्रमण गर्ने प्रयास गरे पनि नेपाल सरकाले सहयोग नगरेको कारण यो पनि सफल हुन सकेको छैन। यस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको पहललाई राज्यले सकारात्मक रूपमा लिई सिफारिसहरू कार्यान्वयन गर्ने र आवश्यक समन्वय र सहकार्य गर्नुपर्नेमा सो हुन नसक्दा मानवअधिकार रक्षकहरूको अधिकार संरक्षणमा चुनौतीहरू थपिएका छन्।

## ६. निष्कर्ष

मानवअधिकारको सम्मान, प्रवर्धन र संरक्षणको माध्यबाट मानवअधिकार संस्कृतिको विकास गर्न मानवअधिकार रक्षकहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। नेपालका मानवअधिकार रक्षकहरूले सशस्त्र द्वन्द्व, विभिन्न आन्दोलनहरू, संक्रमणकालीन अवस्था लगायत अत्यन्त कठिन परिस्थितिमा विभिन्न किसिमका जोखिमहरूको सामना गर्दै मानव जातिको आधारभूत स्वतन्त्रता तथा पीडितहरूको मानवअधिकार संरक्षणमा निर्वाह गरेको भूमिकालाई अन्तर्राष्ट्रिय जगतले समेत प्रसंशा गर्दै आएको छ।

अरुको अधिकारको निमित्त डटेर लागि पर्ने नेपालका मानवअधिकार रक्षकहरूको आफ्नै अधिकारको अवस्था भने सन्तोषजनक छैन। मात्रामा केही तलमाथि भए पनि सबै क्षेत्र, वर्ग वा समूहका मानवअधिकार रक्षकहरूले सबैभन्दा बढी व्यहोर्ने हिंसा भनेको धम्की र दुर्व्यवहार हो। मानवअधिकारको संरक्षणमा कृयाशील भएको कारणले आरोपित पीडकहरू, सुरक्षाकर्मीलगायत राज्यका निकायहरू, सशस्त्र द्वन्द्वरत पक्षहरू एवं राजनीतिक दल वा तिनका भातृ सङ्गठनका कार्यकताहरूबाट मानवअधिकार रक्षकहरूमाथि हुने धम्की र दुर्वव्यवहारका घटनाहरू निरन्तररूपमा हुँदै आएको पाइन्छ। यसबाहेक हत्या, बेपत्ता, यातना, अमानवीय एवं अपमानजनक व्यवहार, कुटपिट, अपहरण, गैरकानुनी थुना, झुट्टा लाञ्छना जस्ता कुराहरूमानवअधिकार रक्षकहरूले निरन्तर रूपमाभोग्दै आएका अन्य समस्याहरू हुन्। मुलुकमा विद्यमान दण्डहीनताको संस्कृति नै मानवअधिकार रक्षकहरूको सबैभन्दा ठूलो चुनौती हो।

मानवअधिकार रक्षहरूले आफ्नो व्यवसायिक दक्षताको अभिवृद्धि गर्दै मानवअधिकार संरक्षण तथा प्रवर्धनको कार्यलाई अझ प्रभावकारी बनानु पर्ने आवश्यक्ता रहेको छ। जसरी आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तगा राजनीतिक अधिकारहरू एक अर्कासँग अन्तरसम्बन्धित छन् त्यसैगरी मानवअधिकार रक्षकहरूले यी सबै अधिकारहरूको महत्वलाई आत्मसात गरी आम नागरिकहरूलाई सबै अधिकारहरूको प्रत्याभूति गराउने उद्देश्यका साथ काम गर्नु आवश्यक देखिछ। खासगरी ओझेलमा परेका आर्थिक तथा सामजिक अधिकारहरूको लागि पथ पैरवी गर्नुपर्ने आवश्यक्ता छ। राज्यलाई मानवअधिकारप्रति जावाफदेही बनाउनको निमित्त मानवअधिकार रक्षकहरूले प्रमाणमा आधारित वकालतका कृयाकलापहरूलाई अझ बढी सशक्त बनाउनु पर्ने आवश्यक्ता रहेको छ।

मानवअधिकारको सम्वर्द्धन, संरक्षण र सम्मान गर्नु र त्यसको निमित्त वातावरण बनाउनु राज्यको प्राथमिक दायित्व हो, जसको निमित्त राज्यले कानुनी, न्यायिक तथा प्रशासनिक आदि माध्यम अवलम्वन गर्नु पर्दछ।जोखिम र खतराको अवस्थामा रहेका मानवअधिकार रक्षकहरूको तुरुन्त उद्दार गर्नु सुरक्षा निकाय तथा सम्बन्धित सबैको प्राथमिक कर्तव्य हो। मानवअधिकार रक्षकहरूको सुरक्षालाई राज्यले प्राथमिकतामा राख्नु पर्दछ र मानवअधिकार रक्षकहरूको जीवन तथा सम्पतिको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हो। मानवअधिकार रक्षकहरूलाई कानुनबमोजिम आवश्यक सूचनाहरू उपलब्ध गराउनु राज्य तथा अन्य निकायहरूको कर्तव्य हो। यी कुराहरूलाई राज्यका निकायहरूले आत्मसात गरी मानवअधिकार रक्षकहरूसँग हातेमालो गर्दै मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्न लागि पर्नु आजको आवश्यकता हो।

***(लेखक राष्ट्रिय मानवअधिकार आयोगमा मानवअधिकार अधिकृत हुनुहुन्छ।)***

# निर्वाचन पर्यवेक्षणको अनुभूति



कृष्णराज सर्वहारी

**विषयप्रवेश**

कार्तिक २९ को बिहान इन्सेक केन्द्रीय कार्यालय,कलङ्कीमा संविधानसभा-२ को चुनाव पर्यवेक्षक भएर जानेहरूलाई सहजीकरणको कार्यक्रम थियो। सहजीकरणमा सहभागीहरू प्रायः काठमाडौं उपत्यकामै पर्यवेक्षक भएर खटिनेहरू थिए। म भने आफनो गृह जिल्ला दाङदेउखुरीमा चुनावमा मतदान पनि गर्ने लालसाले उतै पर्यवेक्षक भएर जाँदै थिएँ। कार्यक्रममा जानकारी गराइयो,तपाईंहरू सबैको जीवनबीमा गरिएको छ है, ढुक्क भएर जानोस्।

**यात्राको शुरुवात**

सहजीकरण कार्यक्रम पछिको अर्को बिहान नयाँ बसपार्क गोँगबुमा दाङको लागि टिकट लिन दौडिएँ। निर्वाचन बिथोल्न नेकपा माओवादीको बन्दका कारण रात्री बस स्कर्टिङ गरेर लगिरहेको मलाई जानकारी थियो। काउण्टरमा कोही थिएन, सुनसान थियो। केहीबेरको पर्खाइपछि सम्बन्धित गाडीधनी नै काउण्टरमा झुल्किए। उनले नाममात्रको रात्रीबसको टिकट थमाए, जसमा जीवनबीमा बारे केही उल्लेख थिएन। जबकी अघिपछि टिकट लिँदा कम्तीमा एक लाखको यात्रु बीमा गरिएको टिकटमा उल्लेख हुन्छ। बन्दको बेला गुड्ने सवारी साधनमा यात्रा गर्दा केही भवितव्य आइपरेमा सरकारले उपचार गर्ने विज्ञप्ति जारी गरेकाले त्यस्तो नाममात्रको टिकट थमाएको हुनुपर्छ भन्ने लख काटेँ।

टिकट लिएपछि घरमा आफू आउँदै गरेको जानकारी गराउँदै फोन गरेँ। तिहार मान्न गएकी पत्नी भोट खसालेर मात्रै आउँछु भनेर दाङमा थिइन्। उनले ३/४ पटक फोन गरेर टिकट रद्द गर्न दबाब दिइन्। यस्तो हुलदङ्गा छ, ज्यानको जोखिम मोलेर किन यात्रा गर्नुहुन्छ? उनको भनाइ थियो। हुन पनि यात्रु बस, ट्रकलगायतमा पेट्रोल बम प्रहारको समाचार आइरहेको थियो। मसँग रोल्पा र दाङका अन्य पर्यवेक्षक साथीहरूको पनि परिचयपत्र थियो, जो सुरक्षित साथ पुऱ्याइदिन मित्र सुशील चौधरीले थमाएका थिए। मैले पत्नीलाई भनेँ- अफिसको जिम्मेवारी छ, मेरो जीवन बीमा पनि गरिएको छ, तिमी किन बित्थामा सुर्ता गर्छ्यौ?

पत्नीलाई त्यसो भनेर त फकाएँ। तर मेरो मनलाई मैले फकाउन सकिरहेको थिइनँ। स्वच्छ निर्वाचनको लागि नागरिक अभियानअन्तर्गत एक महिने रेडियो कार्यक्रमको म पनि सदस्य थिएँ, जसको सचिवालय इन्सेकमा थियो। यात्राको दिन हतारमा कार्यक्रम रेकर्ड गरी बसपार्क पुग्दा बस छुट्नै लागेको थियो। ओहो, बसमा खुट्टाहाल्ने ठाउँ थिएन। सिट नपाएर यात्रुहरू उभिएरै सल्यानसम्मको यात्रा गर्न तत्पर थिए। बसमा ४/५ जनाबाहेक सबै मलेसिया, कतारबाट आउने लाहुरेहरूको टोली थियो।

कलङ्कीचोकमा टायरमुनि शायद फ्रुटीको प्याकेट कुल्चिएर आवाज आउँदा यात्रु तर्सिए। एकजनाले भन्यो-"ल है लक्षण ठीक छैन।" मलेखु पुग्नै लाग्दा लमही बस्ने साहु भाइ गोपाल चौधरीले फोन गरे-"कहाँ पुग्नु भयो?गुर्जुधारा सतुङ्गलमा गौर जाने बसलाई लक्षित गरी पेट्रोल बम हानियो, आठ यात्रु घाइते छन्,एक बालक सिकिस्त छन्। बसोबासको लागि ठाउँ भए गाडीबाट झर्नोस्, नआउनोस्।" साहुभाइले त्रासको समाचार सुनाए। तर यात्रा रोक्ने कुरै थिएन। बसका गुरुजीले अचम्म गरे। खाजा त परको कुरा, खानासमेत ख्वाउन कहीँ रोकेनन्। परदेशी यात्रु भोकले नुन खाएको कुखराझैं थिए। धेरै त उभिएरै यात्रा गर्दै थिए। "विदेशबाट चिलगाडीमा बियर खाँदै आइयो। यी यहाँ उभिएर पानी समेत खान नपाई यात्रा गर्नु परेको छ, हे पशुपतिनाथ संविधान चाँडै बनोस्।" एक यात्रुले भाकल गरे। अर्को यात्रुले यस्तो सास्तीपूर्ण यात्राको जिम्मेदार वैद्य बालाई दोषी ठहराउँदै भद्दा गाली गरे। अर्कोले साउती गऱ्यो- "विस्तारै बोल, भित्ताको पनि कान हुन्छ।" मसँगैको सिटमा बस्ने मलेसियाबाट चार वर्षपछि फर्केर आउँदै गरेका सल्यानका यात्रुले दुःखेसो बिसाए- "अब विदेश नफर्किने मुड बनाएर आएको, यहाँ त बन्दै बन्द छ, कतिखेर बम पड्किने हो थाहा छैन, फेरि विदेशिने मुड बनाउनु पर्ने भो।" गन्तव्यस्थल लमही ओर्लिएपछि लौ पशुपतिनाथको कृपाले यात्रा सफल भयो भनेर लामो सास तानियो।

मङ्सिर ३ गते लमही बजारस्थित चैलाहीगाविस भवनमा मतदाता परिचय पत्र लिनेहरूको भीड देख्दा चुनावमा उत्साहजनक सहभागिता हुन्छ भनेर स्वतःलख काट्न सकिन्थ्यो। मावि फल्कापुर, गाविस भवन सोनपुरमा पनि मतदाता परिचयपत्र लिनेहरूको मनग्गे भीड थियो। ३६ घण्टे मौनअवधि शुरु भएको थियो,जसमा प्रचारप्रसार गर्न पाइँदैन थियो। तर स्थानीय रेडियो हाइवेमा एक पसलको विज्ञापन बजाउँदै साथै उहाँ सङ्घीय समाजवादी पार्टीबाट उम्मेदवार हुनुहुन्छ भनेर फलाक्दै थियो।

चैलाही-७ भैस्कोर्मा गाउँमा एक हुल युवा एक स्वतन्त्र उम्मेदवारको प्रचारको क्रममा भेटिए। त्यसमध्येका अगुवाले भने- "हामीले मागे बमोजिमको रकम पायौँ। त्यसैले, पार्टी होइन, व्यक्तिको प्रचार गर्न थालेको।" उनीहरूलाई पनि आचारसंहिताको कुरा उठाउँदा सुन्यान सुन्यै गरे।

मङ्सिर ४ गते बिहान श्री बाल जनता उच्चमाविको प्राङ्गण पुग्दा मतदाता लामबद्ध भइसकेका थिए। विद्यालय हाताभन्दा करिब ४ सय मिटर दक्षिण पुल छेउमा राखिएको बमको समेत मतदाताले केही वास्ता गरेनन्। सो बम सेनाको टोलीले दिउँसो १२ बजेतिर डिस्पोज गरेको थियो। वनगाउँ मतदान केन्द्र भवनमा एमाले पार्टीबाट टाँसिएको पोस्टर राम्ररी उप्काएको देखिएन।

मतदानको दिन मोटरसाइकल लगायतको सवारी साधन चलाउन पाइँदैन। तर मोटरसाइकल निर्वाध रूपमा चलाएको देखियो। मतदान केन्द्र वरिपरि मदिराजन्य वस्तु बेचबिखन गर्न पाइँदैन, त्यसको बिक्रीमा पनि रोकतोक लगाएको देखिएन। पर्यवेक्षण गर्ने भनिएको बुथश्री दुमदुम भवानी प्रावि खैरीमा बिहान ९ बजेतिर पुग्दा मतदाता शान्तपूर्वक लाइनमा उभिएका थिए। ग बुथमा बिहान साढे १० बजे नै लाइन लाग्ने मतदाता सकिए। १:३० बजेरित सबै (क, ख, ग) बुथमा मतदाताको लाइन सकिएको थियो। कर्मचारीहरू पनि भोट हालेर फुर्सदिला देखिन्थे। एक जना मतदाता फर्जी मत खसाल्न आएकोमा प्रतिनिधिहरूले घोक्रेठ्याक लगाएनन्, बरु राम्रै गरी सम्झाइबुझाइ पठाएका थिए। बाँके, बर्दियामा पर्यवेक्षण गरिरहेका मित्र सुशील चौधरीले उता पनि शान्तिपूर्ण ढङ्गले मतदान भइरहेको बताए।


ठीक ५ बजे साँझ मतपेटिका सील गरिएको थियो। मतपेटिका बोकेको गाडी पौने ६ बजेतिर मात्रै हिँड्यो। दुमदुम भवानीप्राविको क बुथ केन्द्रका मतदान अधिकृत खुबीराम आचार्यले भने- "यस्तो शान्तिपूर्ण चुनाव जिन्दगीमा देखिएको थिएन।" उनले ७३ प्रतिशत भोट आफ्नो बुथबाट खसेको जानकारी दिए। मैले अनुमति लिँदा मतदान गर्दै गरेको तस्वीर क्यामरामा कैद गर्ने अनुमति पाइनँ। बिहान पत्रपत्रिकामा तस्विर छापिएको देख्दा तस्विर नलिएकोमा थकथक लाग्यो।

रेडियोबाट बेलुकी शान्तिपूर्ण ढङ्गले मतदान सम्पन्न भएको समाचार सुन्दा अब भने बेलैमा संविधान बनोस् भन्ने कामना गर्दै पर्यवेक्षकको ज्याकेट फुकालियो। चुनाव पर्यवेक्षणको यो मेरो पहिलो अनुभव थियो। फेरि पनि चुनावभयो भने पर्यवेक्षक बन्ने लोभ पलाएको छ।

**प्रयोगशालाः नेपाली स्वाधीनतामा प्रश्न**

पुस्तकको नाम: प्रयोगशाला नेपाली सङ्क्रमणमा दिल्ली, दरबार र माओवादी
लेखक: सुधीर शर्मा
प्रकाशक: फाइनप्रिन्ट
पृष्ठ: ४१८

कान्तिपुर दैनिकका प्रधानसम्पादक सुधीर शर्माद्वारा लिखित **प्रयोगशाला नेपाली सङ्क्रमणमा दिल्ली, दरबार र माओवादी** पुस्तक नेपाली राजनीतिका लागि एउटा सशक्त ऐतिहासिक दस्तावेज हो। नेपाली राजनीतिमा भारतीय भूमिका, माओवादी सशस्त्र विद्रोह र दरबारको भूमिकाका लागि सूक्ष्म ढङ्गले विश्लेषण गरेर लेखिएको यो पुस्तक मूलतः चार भागमा विभाजित छ। पहिलो भाग **आरम्भ** को आरम्भ हुनुअघि लेखकले **एउटा सपनाको अन्त्य** शीर्षक दिएर संविधानसभाको विघटन र विघटनमा भारतीय तत्वले खेलेको भूमिकालाई उजागर गरेका छन्। जनताको संविधानसभाबाट संविधान लेख्ने चाहना पूरा हुन नपाउनु नेपाली राजनीतिक दलको मात्र दोष नभई नेपाली राजनीतिमा भारतीय चासोले ठूलो भूमिका राख्ने कुरालाई औंल्याउँदै लेखकले नेपाली स्वाधीनतामाथि प्रश्नसमेत गरेका छन्। भूपि शेरचनको कविता घुम्ने मेचमाथि अन्धो मान्छेको **हामी आफूखुसी कहिल्यै मिल्न नसक्ने कसैले मिलाइदिनुपर्ने** कविताबाट यो अध्यायको आरम्भ हुन्छ। आरम्भको कविताले नै यसको सारांश प्रस्तुत गर्छ-नेपाली नेताहरूलाई चलाउने "रिमोट" कहाँ छ भनेर। भारतीय प्रवृत्ति नै नेपाली राजनीतिलाई कमजोर पार्ने मुख्य बाधक हो र त्यो प्रवृत्ति संविधानसभाको विघटनमा पनि देखियो। भारतीय **"र"** का प्रमुख नै संविधानसभाको म्याद सकिने अन्तिम दिन आएर नेपाली राजनीतिक दलका नेताहरूलाई भेटगरी संविधानसभाको विघटनपछिको अवस्थाबारे भारतीय सुझाव दिए पछि नेपाली नेताहरूले कसैले पनि त्यसको विरोध गर्न सकेनन्। तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले संविधानसभा विघटन गरी नयाँ संविधानसभाको मिति तोक्नुले पनि नेपाली




राजनीतिमा भारतीय प्रभाव स्पष्ट देखिन्छ। प्रारम्भमा नेपाली राजनीतिमा भारतीय प्रवृत्तिको स्पष्टतालाई लेखकले तथ्यगत रूपमा व्याख्या र विश्लेषण गरेका छन्।

संविधानसभाको विघटनपछि लेखक आरम्भ शीर्षक दिएर माओवादी विद्रोहको शुरूवातको अवस्थालाई दुई अस्त्रको उपशीर्षक भित्र उल्लेख गर्छन्। नेपाली राजनीतिमा माओवादी विद्रोहको भूमिका र यसपछिको राजनीतिक उतारचढाव यो अध्यायमा व्याख्या र विश्लेषण भएको छ। माओवादी विद्रोहलाई काङ्ग्रेस एमाले र दरबारबीचको कहलले उपयुक्त मलजल गऱ्यो र यसको फाइदा उठाउँदै एउटा सानो झुण्डबाट शुरू भएको विद्रोह फराकिलो बन्दै गयो। प्रारम्भमा एमाले काङ्ग्रेसका बीचमा फुट ल्याउन जनयुद्धप्रति सहानुभूति राखेको दरबारले आफ्नै विपक्षमा रहेको माओवादी विद्रोहलाई आँकलन गर्न सकेन। माओवादीले दरबार र दिल्ली दुवैप्रति आक्रमक नीति लिएको थियो तर, व्यवहारिक रूपमा यसले दुवैलाई उपयोग गरिरहेको थियो। उपयोग गर्दा माओवादी आफैं पनि उपयोग हुन्थ्यो तर पूर्णतः असफल चाँहि भएको थिएन। लेखक माओवादी, दरबार र भारतको भूमिकाबारे यो उपशीर्षकमा उल्लेख गर्छन्।

माओवादी युद्धलाई निस्तेज पार्नका लागि तत्कालीन सरकारले प्रहरीलाई जिम्मा दिएको भए पनि सेनाले प्रहरीलाई साथ नदिएको विषयले पनि लेखकले यहाँ उल्लेख गरेका छन्। कतिपय प्रहरी चौकीमा माओवादीले आक्रमण गर्दा पनि नजिकैको सेना चुप लागेर बस्नु, सेनासँग सहयोग माग्दा माथिको आदेश चाहिने जस्ता कुरा गरेर माओवादीलाई सेनाको सहानुभूति रहेको र प्रहरीले धेरै क्षति बेहोर्नु परेको कुरालाई **प्रहरी शत्रु, सेनाचाहिँ साथी** शीर्षकको उपशीर्षकमा लेखकले उल्लेख गरेका छन्। सेना परिचालनका लागि सरकार र दरबारको तालमेल नमिल्नु, दरबारको भनाइ र गराइलाई एमाले काङ्ग्रेस लगायत दलले नबुझ्नुले पनि माओवादी विद्रोहलाई सघाएको पुस्तकको यो अध्याय हेर्दा प्रष्ट हुन्छ। माओवादी विद्रोहलाई निस्तेज पार्न गठन गरिएको सशस्त्र प्रहरीको गठन, दरबारको माओवादीसँग गोप्य वार्तालगायत गोप्य कुरालाई पनि लेखकले यस अध्यायमा उल्लेख गरेका छन्।

**नभएको कु र वीरेन्द्रको वंशनाश** उपशीर्षकमा लेखकले दरबार हत्याकाण्ड र यसभित्र लुकेका शङ्कास्पद कुरालाई उल्लेख गरेका छन्। दरबार हत्याकाण्डबारे तत्कालीन सैनिक सचिव विवेक शाहको बयान, तत्कालीन प्रधानमन्त्रीमाथि नै शङ्का जस्ता कुराले पनि दरबार हत्याकाण्डमा समेत बाहिरिया तत्वकोसमेत भूमिका रहेको कुरालाई लेखकले मिहिन ढङ्गबाट उल्लेख गरेका छन्। दरबार हत्याकाण्डलाई लेखक नयाँ कोतपर्वको उपनाप दिन्छन् र माओवादीले तत्कालीन राजा वीरेन्द्रलाई भेट्न खोज्दा खोज्दै यो घटना भएकाले पनि यो घटनाभित्र ठूलै रहस्य रहेको उल्लेख गर्छन्।

पुस्तकको दोस्रो भागलाई **उत्कर्ष** को शीर्षक दिइएको छ। वीरेन्द्रको वंशनाश पछि ज्ञानेन्द्र शाह राजा भएको र माओवादी युद्धलाई यसले थप मलजल पुऱ्याएको लेखकले उल्लेख गरेका छन्। राजाप्रति जनताको धारणा परिवर्तन हुनु र राजा पनि दिनप्रतिदिन तत्कालीन संसद्वादी दलबाट टाढा हुँदै जानुले गणतन्त्रको यात्रालाई थप मलजल गरेको लेखकले उल्लेख गरेका छन्।नेपाली राजनीतिमा

दरबार हत्याकाण्ड पछि भारतीय हस्तक्षेप झन् बढेको उल्लेख गरेका छन्। माओवादीका नेतालाई भारतीय शरण र नेपाली राजनीतिमा दोहोरो चरित्रका कारणले नेपाली स्वाधीनतामा दिनप्रतिदिन भारतीय हस्तक्षेप प्रष्टसँग देखिँदै गएको लेखकले उल्लेख गरेका छन्।

माओवादी विद्रोहमा दरबार, अन्य दल लगायतको भूमिकादेखि दिल्ली सम्झौता र गणतन्त्रको स्थापना लगायतका विषयलाई यस अध्यायमा समेटिएको छ। माओवादी नेता बाबुराम भट्टराईलाई पार्टीबाटै कारबाही, मधेस आन्दोलन र भारतीय भूमिका लगायतका विषवस्तुलाई उल्लेख गरिएको यो अध्यायमा लेखकले नेपाली राजनीतिका जुनसुकै मोडमा पनि भारतीय हस्तक्षेप कायम नै रहेको र नेपालको समस्याको उत्पत्ति र समाधान हुनु दुवैमा भारतीय कदम निर्णायक हुने संस्कार रहेको उल्लेख गरेका छन्।

पुस्तकको तेस्रो अध्यायलाई लेखकले **अवतरण**को शीर्षक दिएका छन्। माओवादी सत्तामा पुगेपछि देखिएको आन्तरिक कलह, भारतविरुद्धको अभिव्यक्ति र सँगसँगै वार्ता र प्रधानन्यायाधीशको नेतृत्वमा सरकार र भारतीय भूमिका लगायत विषयलाई उल्लेख गरिएको यस अध्यायमा माओवादी विद्रोहपछि यसका गतिविधि र भारतसँगको उतार चढावपूर्ण सम्बन्धलाई लेखकले उल्लेख गरेका छन्।

**नियति** शीर्षकको अन्तिम अध्यायमा मुख्यत: तीनवटा विषयलाई लेखकले उजागर गर्न खोजेका छन्- गणतन्त्रमा प्रस्थानका लागि चालिएका कदमहरू, तत्कालीन विद्रोहीमा आएको बदलाव र नबदलिएका छिमेकी। विद्रोहबाट आएको पार्टी राजनीतिक रूपमा बदलिएका भए पनि भारतीय प्रवृत्ति जहाँको तहीं रहेको कुरालाई लेखलाई अन्तिम अध्यायमा उल्लेख गरेका छन्।

समग्रमा भन्नुपर्दा यो पुस्तक नेपाली राजनीतिज्ञलाई आफ्नो देशको विकासका लागि आफ्नो भूमिकामाथि प्रश्न सोध्नका लागि गतिलो सामग्री बनेको छ। यसले माओवादी भारत र तत्कालीन राजाको भूमिकालाई उजागर गर्ने प्रयास गरेको छ। माओवादी विद्रोहपछिको नेपालको इतिहासलाई सरसर्ती केलाउन यो पुस्तक सक्षम भएपनि माओवादी बाहेकका राजनीतिक दलको भूमिकालाई यसमा उल्लेख गरिएको पाइँदैन। माओवादीले प्रारम्भमा केही हतियार देश बाहिरबाट ल्याएको कुरा उल्लेख छ तर यसको आर्थिक स्रोतबारे लेखकले खुलाएका छैनन्। दरबार हत्याकाण्ड लगायतका केही राजनीतिक उतार चढावलाई सतही रूपमा मात्रै उल्लेख गरिएको पाइन्छ। केही अपवादलाई छोडेर हेर्ने हो भने यो पुस्तक एउटा सङ्ग्रहणीय दस्तावेज हो। यसले नेपाली राजनीतिक स्वाधीनता र स्वतन्त्रतामाथि भारतीय हस्तक्षेपका विरुद्ध राजनीतिक दलले आफ्नो भूमिका स्पष्ट पार्नुपर्ने कुरालाई पनि उजागर गरेको छ।

*प्रस्तुतिः विनोद गौतम*



# भक्ति नारीको !

– रमेशप्रसाद तिमल्सिना

**एउटा मिनीबस लगनखेलबाट चापागाउँ जाँदै थियो। बसमा भीडभाड साबिकभन्दा बढी नै थियो। बसमा ५५/६० वर्षकी ज्येष्ठ महिला सिटको खोजीमा थिइन्। ७/८ नम्बरको सिटमा एक जना नौजवान युवक कालो चस्मा लगाएर चुइगम चपाउँदै, बेलुन झैँ फूलाउँदै बम झैँ पड्काउँदै थियो।**

**"बाबु, म बूढी बसूँ कि, एउटा सिट खाली नै रहेछ। जीउ दुखेको छ। कम्मर पनि........। रिँगटा लाग्न थाल्यो।"– ती ज्येष्ठ महिलाले भनिन्।**

**युवकले चस्मालाई टाउकामा सार्दै भन्यो "के को बस्नुहुन्छ। मैले यो सिटको पनि पैसा तिरेको छु। सातदोबाटोबाट मेरो एकजना मान्छे चढ्दैछ। उ रुमालले सिट रोकेको देख्नु भएन।"**

**सिटको माथिल्लो भागमा महिला आरक्षण लेखेको थियो। बूढी आमालाई के थाहा ? "हैन बाबु, बुढियाको चित्कार सुनिदेऊन। बान्ता हुन खोज्यो। झ्याल नजिक बस्न पाए हुन्थ्यो। सुनाकोठितिर पुगेपछि बरु छाडिदिउँला। भाडा त म पनि तिरी हाल्छु नि।" – आमाले भनिन्।**

**"ए बुढी, चुप लागेर बस्न सकिन्न। जहाँसुकै बसे पनि मलाई के मतलब। उल्टी गरे पनि सुल्टी गरे पनि मलाई मतलब छैन।" – केटो जङ्गियो र एक्लै फतफताउन थाल्यो–"बेकारमा मुड खराब गराउन कस्ताकस्ता मान्छे आउँछन् ?"**

**विचरी ती आमा मजेत्रो ओढेर कुनामा थचक्कै बसिन्। बान्ताको सम्भावनाले पोलेथिन मुखमा थापिरहेकी थिइन्। बस सातदोबाटो पुगेपछि घ्याच्च रोकियो। यहाँ एक युवती चढिन् मन्दमुस्कान छर्दै सिटको खोजिमा लागिन्। केटाको छेवैमा पुगेर अलिकति अङ्ग्रेजी पनि मिसाएर सोधिन् "क्यान आइ सिट हियर ?" केटो फूलबारीमा भमरा होमिए झैँ भयो। आत्तिँदै भन्यो– "हवाइ नट ? सियोर। यो सिट तिम्रै लागि हो।"**


**युवती बसी र युवकको हातमा हल्का स्पर्श गर्दै भनी "प्लिज, मलाई तपाईँको परिचय दिनुहोस् न ?"**

**म दयाराम, नेपाल महिला उत्थान समाजको अध्यक्ष। विशेषगरी महिलाहरूको हकहित र अधिकारको क्षेत्रमा काम गरिरहेको महिला अधिकारकर्मी हुँ।.......यस्तै यस्तै उसले सुगाले गोपीकृष्ण कौ भने झैँ कण्ठ गरेको अनुच्छेद एक साससा भनेर सुनायो। केटीले युवकको भनाइको अर्थ बुझी वा बुझिन पत्तो भएन। तर, सिटको खोजीमा भौँतारिएकी बूढी आमाले आँखाभरि आँशु बनाउँदै दयारामको भनाइ र नारीभक्ति राम्रैसँग बुझिरहेकी थिइन्।**

pratirji@gmail.com

फिचर

# राजनीतिक प्रयोगशाला बन्दै थवाङ गाउँ



– धरेन्द्र डाँगी

मङ्सिर ४ गते। के गाउँ के शहर। बिहानैदेखि नेपालको कुना काप्चामा चहलपहल अन्य दिनभन्दा बढेको थियो। हुन त अघिल्ला दिनहरू पनि चलायमान् नभएका होइनन्। तर, दोस्रो संविधानसभा निर्वाचनले आमजनतालाई थप जाँगरिलो बनाएको थियो। पहिलो संविधानसभा निरर्थक भएको र शान्ति प्रक्रिया र विकासे कायक्रम रोकिएका कारण दोस्रो संविधानसभाप्रति जनताको उत्सुकता र विश्वास बढेको प्रतीत हुन्थ्यो। तर, सङ्घर्ष र प्रतिरोधको लामो इतिहास बोकेको थवाङको निर्वाचनप्रति कुनै आकर्षण थिएन। निस्पृह देखिन्थ्यो। मानौ यो निर्वाचनले उसलाई छुँदै छुँदैन।


रोल्पाबाटै सुरु भएको माओवादी सशस्त्र युद्धपछिको शान्ति प्रक्रियामा पनि देशभरमै थवाङले आफूलाई फरक अडानका रूपमा उभ्याएको छ। राज्य विरुद्धमा कम्युनिस्टको घोषित राष्ट्रिय आन्दोलनको आधारबिन्दु र प्रयोगशाला बन्दै आएको थवाङमा चार दशकदेखि नै राज्यको सकारात्मक प्रभाव पर्न सकेको छैन।

नेपालमा ३० बर्से पञ्चायती व्यवस्था चलिरहँदा सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा २०३८ सालमा सम्पन्न निर्वाचनमा शून्य मतदान भएजस्तै २०७० साल दोस्रो संविधानसभा निर्वाचनमा पनि रोल्पाको थवाङले नो भोट भन्दै शून्य मतदानको प्रक्रियालाई दोहोऱ्याएको छ। त्यस्तै २०३६ सालको जनमत सङ्ग्रहमा थवाङले भने बहुदलको पक्षमा एकपक्षीय मतदान गरेको थियो।

नेपालमा पछिल्लो पटक २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनको बहिस्कार गरेको नेकपा-माओवादीको पकड क्षेत्र मानिने थवाङमा पूर्ण निषेधित क्षेत्र घोषणा गर्दै माओवादीले निर्वाचनसम्बन्धी कुनै प्रभाव पर्न दिएन। फोटोसहित मतदाता नामावली सङ्कलन कार्यदेखि नै थवाङमा माओवादीले निर्वाचनसम्बन्धी गतिविधिमा रोक लगाएको थियो। शून्य मतदानको नमूना बनाउने भन्दै माओवादीले सबै शक्ति थवाङमा लगाएको थियो। सोही अनुरूप निर्वाचनको दिन थवाङमा कुनै मतदाता मतदानका लागि आएनन्। मतदानको पक्षमा रहेका फरक विचारका केही मतदाताहरूले मतदान गर्न आउने अनुकूल वातावरण पनि भएन। थवाङमा कर्मचारी तथा सुरक्षाकर्मीले मात्र समानुपातिकमा ७७ भोट दिएर फर्किए। १ हजार ८ सय ७८ मतदाता सङ्ख्या रहेको थवाङमा भोट नदिएर प्रत्यक्षतर्फको मतपेटिका रित्तो फर्काइदिए।

प्राय : केन्द्रीय सत्ताको विपक्षमा रहेको थवाङमा २०६४ को संविधानसभा निर्वाचनमा एकीकृत माओवादीका अध्यक्ष प्रचण्डको पक्षमा एक्लौटी मतदान भएको थियो। माओवादी कायर्कर्ताले त्यतिखेर विपक्षी दलका नेता कार्यर्कर्तालाई मतदान केन्द्रमा कुटपिट गरी लखेटेका थिए। पहिलो संविधानसभा उपनिर्वचनमा एमालेका जिल्ला अध्यक्ष शान्तकुमार वली र सभासद् शान्ता चौधरीलाई माओवादीले थवाङबाट लखेटेका थिए।

थवाङ यसअघि राजतन्त्रको विरुद्धमा माओवादीको आधार इलाका जस्तै सक्रिय रह्यो भने यसपटक विगतमा आफ्नै मार्गदर्शकका रूपमा रहेका एकीकृत माओवादीका अध्यक्ष प्रचण्डको दलका विरुद्धमा पूर्ण बहिष्कारमा उत्रियो। सशस्त्र युद्धका बेलामा प्रचण्ड लगायत केन्द्रीय नेता लुकेर बस्ने माओवादीको घोषित केन्द्रीय राजधानी आधारइलाका थवाङमा पार्टी विभाजनपछि उनकै विरुद्धमा देशमै नमुना बन्यो। यति मात्र होइन, युद्धका बेलामा प्रचण्ड र उनको



***मगरहरूको सांस्कृतिक नाँचका रूपमा थवाङमा नाँचिने मगर भूमे नाँचको दृश्य***

नेतृत्वले सिकाएका युद्ध गतिविधिका केही छनकहरू प्रचण्ड र उनको पार्टीविरुद्धमा प्रयोगशालाको रूपमा पनि देख्न पाइए।

विगत धेरै वर्षअघिदेखि रमणीयस्थलको रूपमा रहेको थवाङलाई जनयुद्धको आधार इलाका र केन्द्रीय राजधानी मान्दै माओवादीले सशस्त्र युद्ध व्यापक बनायो।

२०३६ सालमा सतप्रतिशत मत बहुदललाई खसालेका थवाङीले २०७० सालको संविधानसभामा एकमत पनि खसालेनन्। २०१५ सालको निर्वाचनमा सबै मत थवाङकै उम्मेदवार बनेका खगुलाल गुरुङलाई दिएका थिए। २०३८ सालमा रित्तो मतपेटिका फिर्ता गरेको थवाङमा २०५६ मा हेलिकप्टर चढेर गएका दुई जनाले मात्र मतदान गरेका थिए। २०५४ को स्थानीय निर्वाचनमा चुनावै नभई अध्यक्ष र उपाध्यक्ष सदरमुकामबाटै काङ्ग्रेसलाई निर्विरोध घोषणा गरियो भने २०५१ मा एकै घरका तीन भाइबहिनी र मतदान अधिकृत र म्यादी प्रहरीको गरी पाँच मत मात्र खसेको थियो। त्यसबेला नै जनयुद्धको आधारभूमि बनाई विभिन्न रणनीति बनाउँदै गरेको तत्कालीन नेकपा माओवादी र जनमोर्चाले रोक्दारोक्दै घेराबाट भागेर थवाङका जुम्ल्याहा दिदीबहिनी र उनका दाइले काङ्ग्रेसको पक्षमा भोट दिएका थिए र उनीहरू जनयुद्ध सुरु नहुँदै विस्थापित भई सदरमुकाम लिवाङमा बस्न बाध्य भएका थिए।

बुढापाकाहरूका अनुसार थवाङलाई मोहनविक्रम सिंह, मोहन वैद्य, प्रचण्ड लगायतको पटक पटकको आधार बनाएर राजनीतिक प्रशिक्षण चलाउने थलोको रूपमा पनि लिन सकिन्छ। आजभन्दा ५० वर्षपहिलेदेखि थवाङमा कम्युनिस्टहरूको गतिविधि सुरु भएको मानिन्छ। त्यहाँका जनताले पहिलेदेखि नै प्रहरीको आवश्यक्ता महसुस गरेनन्। माओवादीको आधारभूमि थवाङ सदरमुकाम लिवाङबाट २८ कोस टाढा र दुई दिन पूरा पैदल यात्रामा मात्र पुग्न सकिन्छ। जनयुद्धमा त्यहाँका केन्द्रीयस्तरका नेताले पनि ज्यान गुमाएका थिए। प्राय: मगर र दलितको बसोवास रहेको थवाङमा यातायात, शिक्षा, स्वास्थ्य, रोजगार, राज्यको उपस्थिति आदि आधारभूत सेवाहरूको पहुँच नभएकाले जीवन यापनमा सुधार आउन सकेको छैन। थवाङलाई आधार मानी थवाङवासीलाई सपना देखाएर एकीकृत माओवादी नेताहरू सहर पसेपछि आफ्नो पक्षमा काम नगरेको भन्दै उनीहरू असन्तुष्ट छन्।

राज्यले थवाङको चाहना अनुरूप कार्य गर्न नसकेकोले विकास निर्माणका कार्य उपलब्धीमूलक नभएको नेकपा-माओवादी केन्द्रीय सदस्य सन्तोष बुढामगरले बताए। माओवादीको मगरात समितिका इन्चार्ज समेत रहेका थवाङ निवासी सन्तोष बुढामगरले भने, “थवाङलाई राज्यले बेवास्ता गरेकाले थवाङको फरक धारणा भएको हो, राज्यबाट नमूना गाउँको नामा आउने रकम कटौती गर्ने समेत भएको छ।” उनका अनुसार थवाङको आफ्नै इतिहास र पहिचान रहेकोले त्यसप्रति राख्ने विचार फरक फरक भएकोले चर्चा आउने गरेको छ। माओवादीले युद्धमा जनसरकारको अभ्यास गर्ने क्रममा पहिलो पटक थवाङमा घोषणा भएको र जनसरकार प्रमुख थवाङकै सन्तोष बुढामगर, नन्दबहादुर बुढा लगायतका नेताहरू रहेका थिए।

शान्तिप्रक्रियापछि थवाङमा मृतकका नाममा ३९ जनाले पाएको १ करोड १७ लाख,

बेपत्ताको नाममा ३ लाख, घाइते-अपाङ्गको नाममा १८ लाख ८० हजार, अपहरणको नाममा ७५ हजार, जीवन निर्वाह भत्ताको नाममा १२ लाख २८ हजार, टुहुराको नाममा ३ लाख, एकल महिलाको नाममा ३ लाख ५० हजार र छात्रवृत्तिको नाममा करिब ३ लाख मात्र हो। यसबाहेक नमुना गाउँको नाममा करोड भन्दा बढी रकम थवाङमा पुगेको छ। तर त्यसको उपलब्धि अनुभूति भएको छैन। रोल्पाको सदरमुकामबाट सजिलोसँग पुग्न सहज नमानिने थवाङ गाविसमा अझैसम्म सडक पुग्न सकेको छैन, सञ्चार सुविधा पर्याप्त छैन भने स्वास्थ्य, शिक्षा, रोजगारको पनि समस्या उस्तै हो।

आफ्नो आधार क्षेत्र भएको दावी गरिरहेको नेकपा-माओवादीले रोल्पाले २०७० कात्तिक १० गतेदेखि जिल्लालाई चुनाव निषेधित क्षेत्र घोषणा गरेपछि थवाङलाई विशेष योजना बनाई नमुना बनाउने प्रयासमा रहेको थियो। कार्तिक २२ गतेबाट थवाङबाटै नेकपा-माओवादीले मार्चपास सुरु गरी विभिन्न स्थानमा निर्वाचन बहिस्कारको अभियानलाई व्यापक बनाएको थियो। लालकिल्ला, उद्‌गम थलो, आश्रयस्थल, जे भने पनि रोल्पा सबैभन्दा प्यारो जिल्ला हो माओवादीहरूका लागि। विगतमा पत्रकार, मानवअधिकारकर्मीलेसमेत पनि रोल्पाका गाउँ जानलाई अनुमति लिएर जानु पर्थ्यो तर आज अनुमति दिनेहरू नै गाउँ जान नसक्ने अवस्था सिर्जना भएको छ।

संविधानसभा निर्वाचनको प्रचार गर्न रोक लगाएको माओवादीले थवाङ गाविसमा निर्वाचनको कार्यक्रम गर्न गएको एकीकृत माओवादीका उम्मेदवार ओनसरी घर्तीमगरको टोली र नेकपा-माओवावादीका कार्यर्त्ताबीचमा कात्तिक ७ गते झडप समेत भएको थियो।

जनकम्युनको अस्तित्व र इतिहास बचाउन मुस्किल परेको छ भने वुर्जुवा शिक्षाको विस्थापन गर्ने नीति अगाल्दै जनवादी शिक्षाको अभ्यास सुरु गरेको जनवादी विद्यालयहरू हाल बन्द भएका छन्। थवाङमा रहेको पहिचान बचाउन भन्दै नेकपा-माओवादीले विभिन्न अभियान चलाएको पाइन्छ। आर्थिक र सामाजिक प्राणालीलाई मजबुत र व्यवस्थित बनाउन भन्दै तत्कालीन विद्रोही माओवादीको नेतृत्वमा रोल्पाको थवाङमा २०५६ सालमा माओवादी पहलमा स्थापना भएको अजम्बरी जनकम्युन आर्थिक सङ्कटमा परेको छ। कम्युनको आर्थिक स्रोतलाई व्यवस्थित गर्न त्रिभुवन विद्यालयको सहयोगमा टफल च्याउ खेती सुरु गरिएको छ। अजम्बरी कम्युनमा आवद्ध सदस्यहरूको आर्थिक समस्यालाई हल गर्न नयाँ तरिकाले अगाडि बढ्नु पर्ने बताउदै कम्युनको संयोजन गरिरहेका प्रवेश रोका भन्छन्, "कम्युनलाई फरक ढङ्गले व्यवस्थित गर्न सकियो भने कम्युनको अस्तित्व रहन्छ । अन्य पार्टीका सदस्यहरूलाई पनि यसमा आवद्ध गर्न सकिएमा कम्युन मजबुत हुन सक्छ। त्यसको दीर्घकालीन अस्तित्वको लागि राज्य र माओवादी पार्टीले विशेष पहल गर्नुपर्छ।"

जिल्ला विकास समिति रोल्पाले करिब दुई वर्षअघि जिल्लामा तीन स्थानमा होमस्टे सञ्चालन प्रक्रिया सुरु गर्ने भन्दै थवाङ युद्ध पर्यटनको लागि अत्यन्तै उपयुक्त ठाउँ ठानेर छनौट गरेको थियो। राजनीतिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण थवाङ ठूलोगाउँका स्थानीयवासी पर्यटकहरूका लागि "होम स्टे" (घरबास) कार्यक्रमको निर्णय समेत गरेको थियो। स्थानीय धपलाल पुनमगरको संयोजक्तवमा "होमस्टे" सञ्चालनसमिति समेत गठन गरिएको छ। समितिले गाउँका १३ घरलाई "घरबास" कार्यक्रमका लागि प्रारम्भिक छनोट गरेको छ। गाउँमा रहेका आधार होटल, एसपी गेस्टहाउस, अजम्बरी जनकम्युन होटल र फर्कबहादुर बुढाको होटललाई "होम स्टे" मा परिणत गरिने निर्णयसमेत गरेको थियो। थवाङको ३, ५ र ६ वडा मिलेर बनेको ठूलो गाउँमा अहिले २ सय ३१ घर धुरी रहेको छ। ठूलोगाउँमा चार ओटा होटल र ३१ वटा पसलहरू रहेका छन्। थवाङ जलजला पहाडको काखमा रहेको छ। थवाङलाई राजनीतिक मुद्दाले मात्र प्राथक्ति दिएको र यहाँको विकास र सामाजिक जीवन परिवर्तनका लागि ध्यान नदिएको स्थानीयको गुनासो रहेको छ।

तत्कालीन सरकारमा माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री तथा एमालेका नेता भरतमोहन अधिकारी अर्थमन्त्री भएपछि नमुना गाउँ थवाङ घोषणा गरेर एक करोड रुपियाँ थवाङ नमुना गाउँ बनाउनका लागि विनियोजन गरे पनि युद्धले प्रभावित बनेको थवाङको सही तरिकाबाट पुन:निर्माण हुन सकेको छैन। थवाङ निवासी नेपाल पत्रकार महासङ्घ रोल्पाका अध्यक्ष मौसम रोकाले भने, "थवाङले परिवर्तन सहितको अग्रगामी शान्ति चाहेको छ, नमूना गाउँ भने पनि प्रभावकारी विकास हुन सकेको छैन।" केन्द्रीय बजेटबाट २०६५ सालतिर नमूना गाउँ भनेर घोषणा भएको र हाल धपलाल पुन अध्यक्ष रहेका छन्। शान्ति प्रक्रियापछि उच्च मावि विद्यालय संचालनमा आएपछि हाल स्नातक तहको क्याम्पसका लागि थवाङले सम्बन्धन पाए पनि सञ्चालनमा आउन सकेको छैन। युद्धकालमा समेत घाइते भएका पत्रकार महासङ्घ रोल्पाका अध्यक्ष रोकाले भने, "शान्तिप्रक्रियापछि जीवनस्तरमा सहजता आए पनि व्यवसायिकरूपमा परिवर्तन भएको छैन। अनुभूति गर्ने नमूनाको रूपमा देखाउने खालको परिवर्तनमा थवाङमा छैन।"

संविधानसभा निर्वाचन २०७० सालमा भोट दिन थवाङ पुगेका पत्रकार रोकालाई समेत निर्वाचनको बहिस्कारमा उत्रिएको नेकपा-माओवादीले मतदान गर्नबाट वञ्चित गरेको उनको भनाइ रहेको छ। आफू र अन्य स्थानीयवासी एकीकृत माओवादी निकट भएकोले भोट दिन गएपछि थवाङमा शून्य मतदान असफल हुने भन्दै माओवादीले दिनभर आफूलाई अपहरण भन्दै नियन्त्रणमा राखेको रोकाले भने। निर्वाचनको दिन एकीकृत माओवादी निकटका चुनावका दिन थवाङ-८ का ३५ वर्षीय अजीत झाँक्री, थवाङ-२ का २२ वर्षीय निस्पट घर्तीमगर, थवाङ-६ निवासी ३६ वर्षीय दीपक रोकामगर लगायतलाई खुकुरी, चक्कु र लाठीले कुटपिट गरी घाइते बनाएको एकीकृत माओवादीले जनाएको छ। उता नेकपा-माओवादीले भने मौसम रोका लगायतलाई अपहरण नगरेको र कसैलाई केही नगरेको बतायो। नेकपा-माओवादीका केन्द्रीय सदस्य तथा निर्वाचन बहिष्कार रोल्पाका प्रमुख अमर झाँक्री सञ्जीवले निर्वाचनको प्रचारमा गएको बेला थवाङमा आफ्ना कार्यर्त्ता पूर्ण रोका सहितलाई कुटपिट गरेको बताए।

नागरिक समाज रोल्पाका संयोजक घनश्याम आचार्यले थवाङमा एक्ता भनेर एक भइरहने बानी नै भएको बताए। २०४८ सालमा जनमोर्चाका तर्फबाट कृष्णबहादुर महराले जितेको भएपनि त्यसपछि युद्धकालका निर्वाचनहरू प्राय: बहिस्कार नै भएको उनको भनाइ छ। निश्चित व्यक्तिको नेतृत्व र निर्देशनमा थवाङमा एक्ताको नाममा सबै मिल्ने गरेको आचार्यले बताए।

माओवादीको केन्द्रीय राजनीतिको प्रभाव पर्ने रोल्पाको थवाङलाई केन्द्रीय स्तरबाट नै त्यहाँको परिवर्तनका लागि सोच्नुपर्ने बेला भएको देखिन्छ। थवाङका स्थानीयवासीलाई आधार बनाएर राजनीतिक सफलता मान्ने नेता कार्यकर्ताहरूले पनि स्थानीयवासीको हक अधिकारलाई ध्यान दिएर स्थानीय आवश्यकता र चाहना अनुसार विकास योजना बनाउन सकेमा मात्र सर्वोत्तम हित हुनेछ। आगामी दिनमा आफ्नो अधिकारका रूपमा स्थापित भएको सक्षम नेतृत्व चयनका लागि मतदान गर्ने वातावरण निर्माण गर्ने कि ?

# उच्चस्तरीय राजनीतिक समिति संवैधानिक र राजनीतिकरूपमा त्रुटिपूर्ण छ

**टिकाराम भट्टराई,** **नेपाल बार एसोसिएशनका उपाध्यक्ष तथा इन्सेक कार्यसमितिका सदस्य हुनुहुन्छ । संवैधानिक कानुनमा विशेष दख्खल राख्नुहुने भट्टराईसँग प्राचीका लागि रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरेका छौँ ।**



**राजनीतिक दलहरूले भनेजस्तो उच्चस्तरीय राजनीतिक संयन्त्रको आवश्यकता छ ?**

अब अहिले चाहिँ दलहरू संविधानसभामा उपस्थित भएका सार्वभौमसत्ताको प्रयोग संविधानसभाले गर्ने प्रष्ट संवैधानिक व्यवस्था भएकाले संविधानसभालाई नियन्त्रण गर्ने, त्यसलाई अङ्कुश लगाउने कुनै पनि खालको अर्को संयन्त्र बन्न सक्दैन। त्यो गैरसंवैधानिक शक्ति केन्द्रको रूपमा विकसित हुन्छ। विगतमा यससम्बन्धमा दलहरूले गरेको अभ्यास पनि त्रुटिपूर्ण थियो। तर, खिलराज रेग्मीको सरकार बन्दा राजनीतिक दलहरू सरकारमा नभएको कारणले त्यस्तो सरकारलाई सल्लाह दिनका लागि दलहरूले एउटा संयन्त्र बनाएका थिए। त्यसको अलिकति औचित्य देखिन्थ्यो। तै पनि संविधानसम्मत त त्यो पनि थिएन। अहिले आएर दलहरूले संविधानसभामा उपस्थित भइसकेको हुनाले र संविधानसभामा नै सबै विषयमा छलफल हुन सक्ने भएको र पुस ९ गते आठ राजनीतिक दलहरूले जुन हस्ताक्षर गरे त्यसरी हस्ताक्षर गर्नेमा राजेन्द्र महतो बाहेक अरु सबै दलका नेताहरू संविधानसभामा उपस्थित भएको कारणले त्यसको कुनै औचित्य छैन। संवैधानिक र राजनीतिकरूपमा रूपमा त्यो त्रुटिपूर्ण छ।

**संविधान निर्माणको काममा तथा शान्ति स्थापनाका लागि सहयोग गर्न यस्तो संयन्त्र निर्माण गरिने दलका नेताहरूको भनाइ छ नि ?**

होइन, सल्लाह र सहयोग त राजनीतिक दलहरूले नै गर्ने हो नि। राजनीतिक दलहरूले नै संविधान बनाउने हो। संविधानसभामा राजनीतिक दलहरूकै प्रतिनिधि छन् । त्यसैले दलभन्दा बाहिर गएर सल्लाह र सुझाव दिन त्यस्तो संयन्त्र बन्न सक्दैन। संविधान भित्र नै त्यस्तो खालको परिकल्पना अहिले पनि गरेको छ। संविधानको धारा ७० मा कुनै पनि विवादका विषयमा दलहरूका बीचमा सर्वसम्मत हुन सकेन भने संविधानसभामा उपस्थित राजनीतिक दलहरूको शीर्ष नेताहरूको बैठकमा त्यस्ता विषयहरू पेश गरिनेछ भन्ने कुरा प्रष्ट भएको हुनाले संविधानको यही धारालाई क्रियाशील तुल्याइनु पर्छ। संवैधानिक व्यवस्थालाई निस्क्रिय तुल्याएर संविधानसभा भन्दा बाहिर राजनीतिक तहमा त्यस्तो खालको समिति सहयोग गर्ने नाममा होस् वा समन्वय गर्ने नाममा त्यसको आवश्यकता पनि छैन। औचित्य पनि छैन र संविधानसम्मत पनि हुँदैन।

**संविधानको धारा ७० मा कुनै पनि विवादका विषयमा दलहरूका बीचमा सर्वसम्मत हुन सकेन भने संविधानसभामा उपस्थित राजनीतिक दलहरूको शीर्ष नेताहरूको बैठकमा त्यस्ता विषयहरू पेश गरिनेछ भन्ने कुरा प्रष्ट भएको हुनाले संविधानको यही धारालाई क्रियाशील तुल्याइनु पर्छ। संवैधानिक व्यवस्थालाई निस्क्रिय तुल्याएर संविधानसभा भन्दा बाहिर राजनीतिक तहमा त्यस्तो खालको समिति सहयोग गर्ने नाममा होस् वा समन्वय गर्ने नाममा त्यसको आवश्यकता पनि छैन। औचित्य पनि छैन र संविधानसम्मत पनि हुँदैन।**

**यहाँहरूको तीव्र विरोधका बीच गठन भएको सरकारले निर्वाचन गरायो। यस विषयमा के भन्नुहुन्छ ?**

निर्वाचन त अब जनताको चाहाना अनुरुप जनताले अत्याधिक सहभागिता जनाएको हुनाले यो निर्वाचनलाई अन्यथा भन्न सकिँदैन। विधिशास्त्रमा पनि वैधानिकता र वैद्यता हुन्छ। कतिपय गैरकानुनी काम पनि जनताले स्वीकार गरे भने त्यसले वैद्यता पाउँछ । जनताले यो चुनावलाई समर्थन गरेर अत्यधिक सहभागिता जनाएको हुनाले निर्वाचनले वैद्यता प्राप्त गर्‍यो । त्यसो भएको हुनाले निर्वाचनका सम्बन्धमा कुनै पनि प्रश्न उठाउने ठाउँ छैन। तर, जसरी असंवैधानिक सरकारले निर्वाचन गरायो र संविधानलाई संशोधन गरियो राजनीतिक दलहरूको निर्णयको आधारमा त्यो नेपालको न्यायिक

इतिहासमा एउटा कालो बादलको रूपमा सँधैभरि रहिरहनेछ र भविष्यमा पनि यसले नेपालको न्यायपालिकामाथि कार्यपालिका र राजनीतिक तहबाट हुने हस्तक्षेपको खतरालाई निम्त्याइरहन्छ। हाम्रो आपत्ती चाँहि त्यो विषयमा हो र चुनाव गराएको कारणले बाधा अड्काउ फुकाउने गैरसंवैधानिक अध्यादेश अथवा बाधा अड्काउ फुकाउ आदेश सही थियो भन्ने होइन। चुनाव हुने कुरा जनताले स्वीकार गरेको कारणले त्यो उचित नै भयो। तर, बाधा अड्काउ फुकाउ आदेश गरेर जसरी संविधान संशोधन गरियो त्यो असंवैधानिक थियो। गैरसंवैधानिक थियो। त्यो कुरामा हाम्रो अहिले पनि अडान कायम रहिरहेको छ र कुनैपनि लोकतन्त्रमा विश्वास गर्ने नागरिकले अथवा बहुलवादमा विश्वास गर्ने नागरिकले बहुदलीय व्यवस्थामा गैरदलीय सरकार बनाएर र प्रधानन्यायाधीशलाई कार्यपालिका प्रमुख बनाएर गरिएका कुनै पनि काम कारबाहीलाई स्वीकार गर्न सक्दैन, यदि ऊ लोकतन्त्रवादी हो भने।

**मन्त्रिपरिषद अध्यक्ष फेरि सर्वोच्च अदालतमा फर्कँदै हुनुहुन्छ भनिन्छ। यो कदम संवैधानिक हुन्छ कि हुँदैन ?**

अब हल्ला त हामीले पनि सुनेका छौं। तर, उहाँ त्यसरी फर्कनु होला भन्ने हामीलाई अहिलेसम्म पनि विश्वास लाग्या छैन। हिजो पनि उहाँ जाँदा संविधान मिचेर जानु भयो र अहिले पनि उहाँ फर्केर आउने सम्बन्धमा त्यो विषयमा परेको विवाद सर्वोच्च अदालतमा अहिले पनि कायम छ। संविधान बमोजिम पनि कार्यपालिकाको प्रमुख भइसकेको व्यक्ति न्यायपालिकाको प्रमुखको हैसियतमा बस्नै सक्दैन। राजनीतिक रूपमा पनि त्यो अनैतिक हुन्छ। र, न्यायिक रूपमा पनि त्यस सम्बन्धमा परेको रिट अहिले सर्वोच्च अदालतमा विचाराधीन रहिरहेको हुनाले भोलि उहाँ (खिलराज रेग्मी) आउने बित्तिकै त्यो मुद्दामा इजलास तोक्ने काम उहाँ आफैँले गर्नुपर्छ। हाम्रो कानुनी व्यवस्थाअनुसार जो प्रधानन्यायाधीश हो उसैले इजलास तोक्नुपर्ने हुन्छ। आफ्नै विरुद्धको मुद्दा तोक्नुपर्ने भएको कारणले पनि त्यसो गर्न मिल्दैन। राजनीतिक, न्यायिक, संवैधानिक, नैतिक कुनै हिसाबले पनि उहाँ फर्केर आउन मिल्दैन। हामीलाई विश्वास छ उहाँले त्यो दुस्साहस गर्नुहुन्न।

**संविधान बमोजिम पनि कार्यपालिकाको प्रमुख भइसकेको व्यक्ति न्यायपालिकाको प्रमुखको हैसियतमा बस्नै सक्दैन। राजनीतिक रूपमा पनि त्यो अनैतिक हुन्छ। र, न्यायिक रूपमा पनि त्यस सम्बन्धमा परेको रिट अहिले सर्वोच्च अदालतमा विचाराधीन रहिरहेको हुनाले भोलि उहाँ (खिलराज रेग्मी) आउने बित्तिकै त्यो मुद्दामा इजलास तोक्ने काम उहाँ आफैँले गर्नुपर्छ। हाम्रो कानुनी व्यवस्थाअनुसार जो प्रधानन्यायाधीश हो, उसैले इजलास तोक्नुपर्ने हुन्छ। आफ्नै विरुद्धको मुद्दा तोक्नुपर्ने भएको कारणले पनि त्यसो गर्न मिल्दैन। राजनीतिक, न्यायिक, संवैधानिक, नैतिक कुनै हिसाबले पनि उहाँ फर्केर आउन मिल्दैन। हामीलाई विश्वास छ उहाँले त्यो दुस्साहस गर्नुहुन्न।**

**सरल बाटोचाँहि के हुन सक्छ त ?**

सरल बाटो त उहाँले जुन दिन कार्यपालिकाको प्रमुखको हैसियतमा सपथ खानु भयो त्यही दिनदेखि न्यायपालिकाको प्रमुखको पद स्वत: च्यूत भयो । स्वत: च्यूत भैसकेको हुनाले उहाँले अब अवकाशको जीवन शुरु गर्ने हो।

**संविधान निर्माणको काम अब कसरी शुरु गर्दा उपर्युक्त हुन्छ ?**

विधि शास्त्रीय मान्यता अनुसार हरेक संविधानसभा आफैँमा नयाँ हो । यो हिजोको संविधानसभाको अंश खाने जेठो छोरो होइन। अहिलेको संविधानसभा आफैँमा स्वायत्त छ। आफैँमा सार्वभौम छ । आफैँमा स्वतन्त्र छ। त्यसो भएको हुनाले यो संविधानसभाले शुन्यबाट काम शुरु गर्न सक्छ सैद्धान्तिक रूपमा। तर, हिजो संविधानसभाले गरेका कामको अपनत्व म ग्रहण गर्छु भन्यो भने तैँले ग्रहण गर्न पाउँदैनस् भनेर पनि भन्न सकिँदैन। राजनीतिक दलहरूका बीचमा हिजो चुनाव लड्दा जारी गरिएका घोषणाहरू वा त्यसपछि भएका सहमतिहरूमा पनि विगतको संविधानसभाले गरेका सहमतिहरूलाई हामी मान्छौँ, स्वीकार गर्छौं भन्या हुनाले त्यसमा आपत्ति मान्नु पर्ने ठाउँ छैन। मान्नै पर्छ। अपनत्व ग्रहण गर्नैपर्छ भन्ने कुरा सैद्धान्तिक रूपमा गलत कुरा हो।

**अबको एक वर्षमै संविधान बनाउन चाहिँ के गर्नुपर्छ त ?**

दलहरूले अब तीव्रताका साथ काम गर्नु पर्‍यो। शान्ति प्रकृयाको काम लगभग समाप्त भइसकेको सन्दर्भमा अब संविधानसभामा जे विवादित विषयहरूमा दलहरूको बीचमा निष्कर्षमा पुग्न बाँकी छ। अविलम्ब निष्कर्षमा पुग्ने। पहिलाजस्तो धेरै विषयगत समितिहरू चाहिँदैन। सीमित विषयगत समितिहरू बनाउने। सत्ता परिवर्तन र अन्य कुराहरूलाई भन्दा संविधानसभाको बैठक नियमित राख्ने, विज्ञहरूको सहयोग लिने, नागरिक समाजसँग छलफल चलाउनेजस्ता काम गरेर मात्रै संविधानसभाको कामलाई तीव्रता दिन सकिन्छ। पहिलो प्राथमिकतामा संविधान निर्माणको कामलाई राख्नुपर्छ।

**त्यसो भए एक वर्षमै संविधान दिन त पहिलो संविधानभाले गरेका कामको अपनत्व लिनु पर्छ ?**

सहज हुन्छ एक वर्षमा आउनका लागि। त्यसो भएको हुनाले दलहरूले भने झैँ हिजोका दिनमा भएका कामहरूको अपनत्वबोध गर्ने सम्भावना बढी नै देखिन्छ। अपनत्वबोध गरेर वा दलहरूका बीचमा मात्रै छलफल गरेर भएन। विज्ञहरूका बीचमा पनि छलफल गर्नुपर्‍यो। नागरिक समाजका प्रतिनिधि तथा जनताका माझमा छलफल चलाउनु पर्‍यो। संविधानसभालाई दलहरूले नियन्त्रण गरेर यो हाम्रो मात्रै मञ्च हो भन्ने बनाउनु भएन। यो सारा जनताको बहसको मञ्च बनाउनुपर्‍यो। बहसको मञ्च बनाउनका लागि जहाँ जहाँ गर्नसकिन्छ सञ्चारमाध्याममार्फत गर्न सकिन्छ, नागरिक समाजमार्फत गर्न सकिन्छ। व्यवसायिक सङ्गठनमार्फत गरिन्छ। राजनीतिक दलहरूमार्फत गर्न सकिन्छ। सबै ठाउँबाट बहस गर्ने र संविधानसभा बाहिरको तथा भित्रको बहसलाई जोड्दै विवादित विषयका सम्बन्धमा विज्ञहरूसँगसमेत राय लिएर अगाडि बढियो भने एक वर्षभित्र संविधान बनाउन कुनै गाह्रो छैन।

# इन्सेकका केही प्रकाशनहरू



# www.inseconline.org

## नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामाग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।